**"जब कुनै आमाले आफ्नो बच्चाले राम्रो गरेको देख्छिन्, तब उनले उसको सह्राना र प्रशंसा गरुन् र उसको हृदयलाई प्रफुल्लित पारुन र यदि उसमा अलिकति पनि अनुचित गुण देखियो भने त्यस बच्चालाई उचित परामर्श एवं दण्ड दिनु पर्दछ र उसको सुधारको लागि तर्कको माध्यमको प्रयोग गर्नुपर्छ, यदि आवश्यक पऱ्यो भने थोरै ठूलो स्वरले भन्न पनि सकिन्छ तर बच्चालाई कुटपिट वा गालीग्लोज गर्ने अनुमति भनेछैन किनकि यदि कुटपिट या कठोर शब्दको प्रयोग गऱ्यो भने बच्चाको चरित्र अत्याधिक बिग्रँदै जान्छ ।"[२९]**

"अब्दुल-बहाको मार्गदर्शन अनुसार काम गर्न शिक्षकले बालबालिकाको, प्रशंसा गर्ने तरिकाहरू सोच्नुपर्छ र उनीहरूको हृदयमा आनन्द ल्याउनु पर्छ जब उनीहरूले राम्रा काम गर्दछन् । यसको लागि शिक्षकले ध्यान दिएर हेर्नुपर्ने आवश्यक छ र प्रत्येक बच्चाको प्रगतिलाई विचार गर्नुपर्छ, र यो कुरामा ध्यान दिनु पर्छ कि सधैँ उही बच्चाहरूको प्रशंसा गर्ने र अरूको बेवास्ता गर्नु हुँदैन भन्ने कुरामा ख्याल राख्नु पर्छ । शिक्षकबाट मायालु ध्यान पाइरहने बच्चाको अनियन्त्रित व्यवहारको लागि सामान्य मौखिक अस्वीकृति पनि दण्डको सूक्ष्म तर प्रभावकारी माध्यम हुनसक्छ । कहिले काही अझ बढी, यस्तो व्यवहारको मौखिक अस्वीकृति व्यक्त गर्नु पनि आवश्यक हुन सक्छ, खासगरि बच्चाको व्यवहारले उनीहरूको गतिविधिमा बाधा पुऱ्यायो भने । यसो गर्दा शिक्षकले रिस वा अधीरताको कुनै संकेत नदेखाई दृढ र सम्मानजनक आवजको स्वरमा गर्नुपर्दछ । यस बाहेक, शिक्षकले कक्षा बाहिरको समयमा पनि एक वा अर्को बच्चालाई सल्लाह दिने समय खोज्नु पर्छ ।

शिक्षकले माथिको सल्लाह पालना गर्दा पनि कतिपय बालबालिकाले सोचेअनुसार व्यवहार नगर्ने हुन सक्छ । यस्तो अवस्थामा, साना र उपयुक्त प्रतिबन्ध आवश्यक हुनसक्छ । त्यस्तो प्रतिबन्ध भनेको उदाहरणहरूको लागि, बच्चालाई रङ्ग भर्न नदिने वा उसलाई खेलबाट केही समय बाहिर राख्ने जस्तो हुनसक्छ । यस सम्बन्धमा मनमा राख्नु पर्ने दुईवटा महत्वपूर्ण कुराहरू छन् । पहिलो हो, शिक्षकले बच्चालाई स्पष्ट रूपमा बताउनु पर्छ किन उसलाई प्रतिबन्ध

लगाइएको छ । यसो भन्नु आवश्यक हुन सक्छ, "तिमीले यस्तो कुरा गरेकोले तिमीलाई खेलमा भाग लिन पाँच मिनेट रोकेको हो ।" अर्कोकुरा, बच्चाले दुर्व्यवहार गरेको तुरुन्तै सजाय दिनुपर्छ, नत्र बच्चाले आफूले पाएको सजायलाई आफ्नो आचरणसँग जोड्न नसक्ने हुन सक्छ ।

अब आफ्नो समूहका साथीहरूसँग माथिका विचारहरूबारे छलफल गर्नुहोस् । के तपाईंले बालबालिकामा असल आचरणलाई प्रोत्साहित गर्न र व्यक्तिगत रूपमा र सामूहिक रूपमा उनीहरूले गरेको प्रगतिको प्रशंसा गर्न उपयुक्त हुने वाक्यहरू बनाउन सक्नु हुन्छ ? आवश्यक परेमा दुर्व्यवहारलाई निरुत्साहित गर्न कस्ता वाक्य उपयुक्त हुनसक्छ ?

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

## खण्ड-१४

बालबालिकामा प्रशंसनीय गुणहरू विकास गर्नका लागि तपाईंको कक्षामा सुहाउँदो वातावरण सिर्जना गर्नु जरुरी छ, यस्तो वातावरण जहाँ उच्च अनुशासन र व्यवस्था कायम भएको हुनुपर्छ ।

अब्दुल-बहाले भन्नु हुन्छ :

**"...बालबालिकाको विद्यालय अत्यन्त अनुशासन र व्यवस्थाको ठाउँ हुनुपर्छ, शिक्षण पूर्णरूपको हुनुपर्छ, र चरित्र सुधार र परिमार्जनको लागि व्यवस्था गरिनुपर्छ, ता कि प्रारम्भिक वर्षहरूमै बच्चाहरूको सार भित्र ईश्वरीय जग बसाइने छ र पवित्रताको संरचना खडा हुनेछ ।"**[३०]

र बच्चाहरूको लागि साप्ताहिक कक्षाको सन्दर्भमा उहाँले यस्तो सल्लाह दिनु हुन्छ :

**"तिमीले यो संगठित क्रियाकलापलाई अटूट रूपमा जारी राख्नु पर्छ, यसलाई महत्व दिनु पर्छ, ता कि यो दिन प्रति दिन बढ्दै जाने छ र पवित्र आत्माको सासले सजीव पार्ने छ । यदि गतिविधि राम्रोसँग सञ्चालन भयो भने तिमी निश्चिन्त होऊ कि यसले उत्कृष्ट परिणाम दिने छ ।"**[३१]

अध्यापन कला, धेरैजसो प्रत्येक बच्चालाई कसरी मार्गदर्शन गर्ने भनेर जान्नु हो, ता कि उसको आचरणले एउटा आनन्ददायी र अनुशासित सिक्ने वातावरणको लागि योगदान पुऱ्याउँछ। तपाईंको अनुभवबाट प्राप्त गर्न आवश्यक धेरै अन्तरदृष्टिहरू छन् ता पनि तपाईंलाई सुरूदेखि नै तयार पार्न मद्दतहोस् भनी यहाँ केही आधारभूत विचारहरू छलफल गर्नेछौं । सुरू गर्नका लागि कक्षा अवधिको यो विवरण पढ्नुहोस् :

> बच्चाहरू आइपुगेपछि तिनीहरूलाई व्यवस्थित हुन केही समय दिनुहोस्। सबै केटाकेटीहरू राम्ररी बसेपछि तपाईंले शान्त वातावरणको फाइदा उठाएर प्रार्थनाका साथ कक्षा शुरू गर्नुहोस्। अबको क्रियाकलाप हो गीत गाउने, त्यसपछि तपाईंले पाठको विषयवस्तु प्रस्तुत गर्नुहुन्छ र केटाकेटीलाई उद्धरणहरू कण्ठ गर्न मद्दत गर्नुहुन्छ । त्यसपछि उत्सुकताको वातावरण सिर्जना गरेर तपाईंले बच्चाहरूलाई एउटा कथा सुनाउनु हुन्छ । त्यसपछि तिनीहरू खेल खेल्छन् । खेल सकिएपछि तपाईंले रंग भर्ने पानाहरू र क्रेयन वा कलर पेन्सिल वितरण गर्नुहुन्छ र तिनीहरूलाई ध्यान दिएर चित्रमा रङ्ग भर्न भन्नु हुन्छ । कक्षा समाप्त गर्नका लागि तपाईंले बच्चाहरूलाई चुपचाप बस्न र समापन प्रार्थनाको लागि तयार हुन प्रोत्साहन दिनुहुन्छ, प्रार्थना तपाईं स्वयंले र केही युवाहरूले पाठ गर्नेछन् ।

के यी गतिविधिहरूको अनुक्रम तर्कसंगत छ ? तपाईंको विचारमा यी क्रियाकलापहरू यस तरिकाले किन राखिएका होलान् ?

________________________________________

________________________________________

________________________________________

________________________________________

________________________________________

________________________________________

________________________________________

## खण्ड-१५

तपाईंहरूले माथि नै छलफल गरिसक्नु भएको हुनसक्छ बच्चाहरू कक्षामा शान्तसँग बस्न आउने छैन। नत तिनीहरूलाई त्यसरी बस्ने तपाइकै पनि इच्छा हुनुपर्छ। तिनीहरूको प्राकृतिक ऊर्जाको फाइदा लिने प्रयास गर्नुपर्छ र यो ऊर्जालाई सिक्ने काममा लगाउनुपर्छ । यसो गर्नका लागि तपाईंले शान्त अवस्था र गतिविधि र सहजताका क्षणको अवधिका लागि योजना बताउनु आवश्यक छ । सबै अवस्थामा राम्रो व्यवस्था हुनु जरुरी छ । कक्षाको राम्रो अवस्था हुन्छ,

केटाकेटीलाई ध्यान दिन र सिक्न सजिलो हुन्छ। यस सम्बन्धमा निम्न तीन बुँदाहरूमाथि विचार गर्नु उपयुक्त हुन्छ :

१. प्रत्येक कक्षाको अवधि स्पष्ट र सुसंगत रूपमा सुरू हुनुपर्छ र व्यवस्थित तरिकामा अन्त्य हुनुपर्छ।

२. एउटा तालिका वा क्रम तयार पार्नुपर्छ। यसो गर्दा अलि अलि गरेर केटाकेटीहरूले कुन क्रियाकलाप कुन चाहिँको पछाडि पर्छ र उनीहरूबाट के अपेक्षा गरिएको छ उनीहरूले थाहा पाउँछन्।

३. प्रत्येक क्रियाकलापको लागि निर्धारण गरिएको समय लचिलो हुनुपर्छ र बच्चाहरूको उत्साह र ऊर्जामा निर्भर हुनुपर्छ।

अघिल्लो खण्डका विवरणमा उल्लेख गरिए अनुसार बालबालिकाले प्रत्येक कक्षामा गर्ने क्रियाकलाप निम्न अनुसार छन् :

(क) प्रार्थना पाठ गर्ने र कण्ठ गर्ने

(ख) गीत गाउने

(ग) बहाई उदाहरणहरूहरू अध्ययन गर्ने र कण्ठ गर्ने

(घ) कथाहरू सुन्ने

(ङ) खेल खेल्ने

(च) चित्रहरूमा रंग भर्ने

(छ) समापन प्रार्थना पाठ गर्ने

यी गतिविधिहरू आवश्यक ऊर्जा र चहलपहलको स्तरमा फरक -फरक हुन सक्छन्, केही धेरै सक्रिय हुने छन् र अरू शान्त हुनेछन्।

यी मध्य कुन क्रियाकलापहरू सबैभन्दा बढी सक्रिय हुन्छन् ?

_______________________________________________

_______________________________________________

_______________________________________________

कुन क्रियाकलाप बढी शान्त हुन्छन् ?

_______________________________________________

_______________________________________________

केही त्यस्ता मागहरू छन् जसलाई शिक्षकले ध्यान दिनु पर्ने हुन्छ । तल भनिएका कुराहरू मध्य कुनले चाहेको वातावरणको लागि योगदान गर्छन र कुनले बाधा गर्छन् ? तिनीहरूमा “यो” वा “बा” द्वारा चिन्ह लगाउनुहोस् :

- कक्षालाई सफा र व्यवस्थित ठाउँमा सन्चालन गर्ने
- जस्तोसुकै वातावरण भए पनि शान्त र धैर्यवान् रहने
- केटाकेटी निर्देशनहरूलाई नसुने पछि धैर्य गुमाउने
- प्रत्येक क्रियाकलापको लागि आवश्यक सामग्री पहिले नै तैयार गर्ने
- प्रत्येक क्रियाकलापको लागि केटाकेटीले के गर्नु पर्ने हो पहिले नै राम्ररी बुझाउने
- आफ्नो काम छिटो सक्ने केटाकेटीको लागि अरू थप क्रियाकलापहरू तयार गर्ने, तिनीहरूलाई व्यस्त राख्नाका लागि
- एउटा क्रियाकलापबाट अर्कोमा प्रवेश गर्नका लागि मद्दत गर्ने
- किताबबाट बच्चाहरूलाई कथा सुनाउने
- कथा यति राम्रोसँग सिक्ने कि बच्चाहरूलाई उत्साह र सजगताका साथ सुनाउन सक्ने ।

## खण्ड-१६

कक्षामा अनुशासन र व्यवस्थाको वातावरण सिर्जना गर्न, तपाईंले आचरणका निश्चित मापदण्डहरू स्थापना गर्नु आवश्यक छ । यस सन्दर्भमा सुरूका केही हप्ता विशेषगरि महत्वपूर्ण हुनेछन् । सुरूका समयमा अपेक्षा गरिएका कुराहरू वर्षभरि नै रहन सक्छन् । सुरूका शिक्षकले व्यवहारका धेरै स्तरहरू छनौट गर्नुपर्छ र एक पटकमा तीन वा चारभन्दा नबढाई बच्चाहरूलाई सरल भाषामा बुझाउनु पर्छ । “हामीले राम्रो व्यवहार गर्नु पर्छ” जस्तो सामान्य मापदण्डले तिनीहरूलाई मद्दत गर्दैन, तर “हामीले पालैसँग बोल्नु पर्छ” जस्तो भाषा बुझ्न सजिलो हुन्छ । तलका भनाईहरूमा आफ्नो समूहका सदस्यहरूसँग छलफल गर्नुहोस् र प्रस्तुत सूचीमा थप्नुहोस्:

(क) खेल खेल्दा हामी एक अर्कालाई मद्दत गर्दछौं ।

(ख) हामी मिलेर खेल्छौं र झगडा गर्दैनौं

(ग) हाम्रो कक्षामा नयाँ साथीहरूलाई स्वागत गर्छौं ।

(घ) हामी एक अर्कालाई र शिक्षकलाई उनीहरूले बोलेको बेलामा ध्यान दिएर सुन्छौं ।

(ङ) हामी एक अर्कासँग दयालु भाषामा कुरा गर्छौं ।

(च) हामी बोल्नको लागि आफ्नो पालो कुर्छौं ।

(छ) हामी रङ्ग भर्न "क्रेयान" एकअर्कासँग बाँडचुँड गर्छौं ।

(ज) हामी आफ्नो काम पूरा गर्ने कोशिश गर्छौं ।

(झ) ..........................................................................

(ञ) ..........................................................................

(ट) ..........................................................................

(ठ) ..........................................................................

व्यवहारका लागि तयार गरिएका अपेक्षाहरू सरल वाक्यमा लेखियो भने केटाकेटीसँग छलफल गर्न सजिलो हुन्छ, र ती वाक्यहरू उनीहरूसँग नियमित रूपमा पाठ गर्न सकिन्छ । यसरी, यी कथनहरूलाई बालबालिकाले आकांक्षा गर्ने मापदण्डको रूपमा ग्रहण गर्न सक्छन् र कडाईका साथ लागू गरिएका नियमको रूपमा हेर्दैनन् । जब तिनीहरू प्रस्तुत गरिएका अपेक्षासँग परिचित हुन्छन्, तब शिक्षकले बिस्तारै अरू नयाँलाई प्रस्तुत गर्न सक्छन्, तर एकै पटक धेरै थप्नबाट जोगिएर । केहीगरि कुनै खासगरी कठिन समस्या आयो भने बच्चाहरूले बुझ्न सक्ने केही सरल वाक्यहरू सिर्जना गरेर मद्दत गर्न सकिन्छ । यस्तो अवस्थामा शिक्षक दृढ र स्थिर हुनुपर्छ, तर साथसाथै अनुकूल र कोमलता गरिएको हुनुपर्छ ।

खण्ड ८ मा हामीले कक्षा १ का पाठहरूका विभिन्न पक्षको महत्वबारे छोटकरीमा हेर्‍यौं र तिनीहरूमध्ये प्रत्येकले प्रशंसनीय चरित्रको विकासमा कसरी योगदान गर्छन् भनेर छलफल गर्‍यौं । यो खण्ड र आउँदा सात खण्डहरूमा हामीले सुझाव गरिएका गतिविधिहरू कण्ठ गर्ने कामबाट शुरू गरी बालबालिकालाई संलग्न गराउन तपाईंले अपनाउन सक्ने केही उपायहरूबारे विचार गर्ने छौं ।

तपाईंले पढाउने पाठहरूमा पवित्र लेखनीहरूट प्रार्थना र उद्धरणहरू कण्ठ गर्ने क्रियाकलाप केन्द्रविन्दु हो, र प्रत्येक कक्षामा तपाईंले आफ्ना विद्यार्थीरूलाई आफ्नै स्मरणबाट प्रार्थना सुनाउने र एउटा उद्धरणहरू कण्ठ गर्न उनीहरूको प्रयासमा मद्दत गर्नु हुनेछ । यस क्रियाकलापमा उनीहरूलाई कसरी संलग्न गराउन सकिन्छ भनेर हामीले छलफल गर्नु अघि, यी बालबालिकाहरू पवित्र शब्दहरू कण्ठ गर्ने प्रयासमा छुट्याउनु पर्ने एउटा गलत धारणा बारेमा केही भन्नु पर्ने हुन्छ ।

तपाईं पढाउन थालेपछि यस्ता टिप्पणीहरू सुन्नु भएको छ होला वा सुन्नु हुनेछ : "बालबालिकाले कुराहरू दोहोर्‍याउनु हुँदैन," उनीहरूले आफ्नै विचार व्यक्त गर्न सिक्नु पर्छ,"

वास्तवमा, घोकन्ते विद्या अथवा घोकेर पढ्नेबारे आलोचना यति व्यापक छ कि यी विचारहरू संसारका सबै भागमा झन् झन् फैलिदैछन् । यो साँचो हो कि कसैले गणितको इक्वेसन वा समीकरण, भौतिक शास्त्रको कुनै नियमको परिभाषा वा साहित्यमा गद्यको एक टुक्रा, नबुझेर वा थोरै मात्र बुझेर कण्ठ गर्न सकिन्छ । तर आफूले आफैलाई सोध्नु पर्ने प्रश्न यो हो : कुनै गहन भनाईलाई कण्ठ गर्नु वा यसको अर्थ बुझ्नुलाई किन एक अर्काको विरोधमा राख्नु पर्ने ?

स्मरण शक्ति मानव दिमागको त्यत्तिकै प्रवल शक्ति हो जति सम्म दिमाग र कल्पनाको शक्ति हुन्छ । तिनीहरू सबै एक अर्काका पूरक हुन् र एक अर्कालाईसुदृढ बनाउँछन् । हामी केवल कल्पना मात्र गर्न सक्छौं मानव हृदय र दिमागलाई पून: निर्माण गर्न सक्ने क्षमता भएको ईश्वरका शब्दहरू कण्ठ गर्नाले बच्च्चाहरूको बुद्धि र समझलाई कति बढाउँछ । जब पछि तिनीहरू विकासको विभिन्न चरण पार गर्दै जाँदा, तिनीहरूले कण्ठ गरेका शब्दहरूबाट अरू अन्तरदृष्टि प्राप्त गर्नेछन् ईश्वरका शब्दहरूको सृजनात्मक, पुनरुत्थान र परिवर्तनकारी शक्तितिर आकर्षित हुनेछन् ।

तपाईंको समूहका अरू सदस्यहरूसँग छलफल गर्नुहोस् किन शिक्षकहरू विश्वस्त हुनु जरुरी छ कि पवित्र शब्दहरू कण्ठ गर्नाले बच्चाहरूको मन र हृदयमा आध्यात्मिक ज्ञानको वीउहरू बढेर मिठा, रसिला फल फलाउने छन् ।

________________________________________

________________________________________

________________________________________

________________________________________

________________________________________

________________________________________

________________________________________

## खण्ड-१८

माथिको चिन्तनलाई मनमा राखेर पाठ १ को उद्धरणहरूलाई उदाहरणहरूको रूपमा लिएर तपाईंले आफ्ना विद्यार्थीहरूलाई पवित्र लेखनीबाट लिइएका उद्धरणहरू कण्ठ गर्न कसरी मद्दत गर्न चाहनु हुन्छ । शुरूमा तपाईंले सो पाठमा जोड दिइएको आध्यात्मिक गुणबारे प्रारम्भिक अन्तरदृष्टि प्राप्त गर्न सहयोग गर्नु हुनेछ । यस उद्देश्यको लागि एउटा छोटो परिचयात्मक भनाई प्रस्तुत गरिएको छ । त्यसपछि तपाईंले तिनीहरूलाई उद्धरणहरूको अर्थको आधारभूत ज्ञान प्राप्त गर्न मद्दत गर्नु हुनेछ, यसमा समावेश भएका कठिन शब्दहरू बच्चाहरूले बुझ्न सक्ने गरि

सजिलो तरिकाले प्रयोग गरेर । पाठ १ मा वर्णन गरिएको दृष्टिकोणलाई विचार गरेर, यसले शुद्धताको गुणस्तरलाई सम्बोधन गरेको छ ।

हाम्रा हृदय ऐना जस्तै छन् । हामीले तिनीहरूलाई सधैं सफा राख्नु पर्छ । कसैप्रति वैर भावना राख्नु, ईर्ष्या गर्नु, वा कुनै कारण कसैप्रति दुर्व्यवहार गर्नु, यी सबै हाम्रो हृदयको ऐनालाई ढाक्ने धुलो जस्तै हो । जब हाम्रो हृदयको ऐनालाई ढाक्ने धुलो जस्तै हो । जब हाम्रा हृदय शुद्ध हुन्छन् तब तिनीहरूले ईश्वरीय ज्योति र गुणहरूलाई प्रतिविम्ब गर्दछन्, गुणहरू भन्नाले दयालुपन्, प्रेम, र उदारता । फलस्वरूप, हामी अरूका लागि खुशीको कारण बन्दछौं । हाम्रा हृदय शुद्ध राख्नका लागि बहाउल्लाहको यो उद्धरणहरू कण्ठ गरौं ......

**हे आत्माका पुत्र ! मेरो प्रथम उपदेश यो हो : पवित्र, दयालु र उज्ज्वल हृदय धारण गर ...।**

***उपदेश वा सल्लाह***

१. एक दिन जेरार्ड र मेरी केही चित्रहरू रंगाउँदै थिए । जेरार्डलाई पहेँलो क्रेयान चाहिएछ, तर मेरीले उसलाई दिन चाहिनं । शिक्षकले मेरीलाई क्रयान बाँड्नु पर्छ भनिन् ।

२. प्याट्रिसीयाले आफ्नो पैसा मिठाईमा खर्च गर्ने कि एउटा कथाको किताव किन्ने हो भनी निर्णय गर्नु पऱ्यो । उसका अभिभावकले उसलाई कथाको किताब किन्ने सल्लाह दिए । उसका आमा बाबुले प्याट्रिसीयालाई राम्रो सल्लाह दिए ।

***स्वामित्व***

१. तिनाले सुत्नुअघि प्रार्थना पाठ गर्न मन पराउँछिन् । पढ्नको लागि उसको स्वामित्वमा एउटा सानो प्रार्थनाको किताब

२. हामी हाम्रो बारीमा स्वादिष्ट तरकारी उब्जाउँछौ । हाम्रो स्वामित्वमा एक टुक्रा राम्रो जमीन छ, जसले हामीलाई थुप्रै ताजा तरकारी दिन्छ ।

***शुद्ध हृदय***

१. क्याथी निक्कै रिसाईन् र यागोटलाई नराम्रा शब्द प्रयोग गरिन् । यागोटलाई दुःख लाग्यो तर छिट्टै क्याथीलाई माफ गऱ्यो । यागोटको शुद्ध हृदय छ ।

२. गुस्तामोले आफ्नो विस्कुट अरू केटाकेटीलाई पनि बाँड्न मन पराउँछ, जर्जलाई पनि जो अरूलाई बाँड्न मन पराउँदैन । गुस्तामोको शुद्ध हृदय छ ।

***दयालु हृदय***

१. जब उनीहरूका आमाबुबाले तिनीहरूका साथीहरूलाई आफ्नो घरमा निम्तो दिन्छन्, भिङ्ग लिङ्गले उनीहरूलाई खुसीसाथ खाना खुवाउँछ । भिङ्ग लिङ्गको दयालु हृदय छ ।

२.	श्री रवर्टसन् निक्कै बुढो भएका छन् । जिम्मीले उनको फलफूल बजारमा लैजान मद्दत गर्छ । जिम्मीको दयालु हृदय छ ।

*उज्ज्वल हृदय*

१.	जब म दुखी हुन्छ, मेरी आमाले मलाई सधैं हौसला दिनुहुन्छ र मलाई खुसी पार्नु हुन्छ । मेरी आमाको उज्ज्वल हृदय छ ।

२.	ओबुया बिरामी भयो र आफ्नो पूरै समय ओछ्यानमा बिताउनु पऱ्यो । उसले धेरै प्रार्थना गऱ्यो, दुखी भएन, र खुशी देखिनै रह्यो । ओवुयाको उज्ज्वल हृदय छ ।

निःसन्देह, तपाईंले पुस्तकबाट परिचयात्मक भनाई र व्याख्यात्मक वाक्यहरू मात्र पढ्नु हुने छैन, त्यसैले प्राकृतिक रूपमा प्रस्तुत गर्न तपाईंले पहिले नै तैयारी गर्नुपर्छ ।

बच्चाहरूले कण्ठ गर्ने प्रार्थनाको लागि यो सुझाव दिइन्छ कि तपाईंले समान दृष्टिकोण अपनाउनु हुनेछ, तर तपाईंले नै कुन शब्दहरू वा वाक्यांशहरूलाई वाख्या गर्नपर्छ त्यो आफैले निर्णय गर्नु हुनेछ । यसो गर्दा तपाईं अलि होशीयार हुनुपर्छ । कहिले काहीं युवाहरूलाई नै प्रार्थनाबाट बिस्तारै शब्दहरूको अर्थ बुझाउन अनुमति दिए पुग्छ । उदाहरणहरूको लागि हेर्नुहोस् तलका बच्चाहरूले पाठ १ मा सिक्न थालेका प्रार्थनामा तिनीहरूले **"शुद्ध हृदय" र "मोती"** दुबै बहुमूल्य कुरा हुन् भनी सजिलैसँग बुझ्ने छन् । तर यो बुझ्नको लागि अन्ततः ईश्वरले हामीलाई शुद्ध हृदय दिनु भएको छ, उनीहरूले "प्रदान गर्नु" भनेको अर्थ बुझ्नु आवश्यक छ । यसको लागि तपाईं कस्ता वाक्यहरू बनाउनु हुन्छ ?

**"उनी ईश्वर हुन् ! हे ईश्वर, मेरा ईश्वर ! मलाई मोती जस्तै हृदय प्रदान गर !"**[३१]

________________________________________

________________________________________

________________________________________

________________________________________

## खण्ड-१९

अब तपाईंले आफ्ना विद्यार्थीहरूलाई प्रार्थना र उद्धरणहरू कण्ठ गर्न मद्दत गर्ने एउटा उपाय माथि विचार गरौं । तपाईंले गर्नु पर्ने खण्डहरूलाई सानो सानो भागमा विभाजन गर्नसक्नु हुन्छ, जसलाई एक एक गरी कण्ठ गर्न सकिन्छ । पहिलो भाग कण्ठ गरेपछि दोस्रो भाग त्यसमा थप्न सकिन्छ । यसैगरि सम्पूर्ण उद्धरणहरू वा प्रार्थना कण्ठ गर्न सकिन्छ । तपाईंले बच्चाहरूलाई

तपाइले पढेपछि तिनीहरूलाई दोहोऱ्याउन भन्न सक्नुहुन्छ, कहिलेकाहीँ व्यक्ति, व्यक्तिलाई र अरूबेला पूरा समूहलाई ।

उदाहरणको लागि, तपाईंका विद्यार्थीहरूलाई पाठ १ का उद्धरणहरू सिकाउँदा तपाईंले, "हे आत्माको पुत्र" बाट सुरू गर्नुहुन्छ र तिनीहरूलाई दोहोऱ्याउन भन्नु हुन्छ। त्यसपछि तपाईंले" हे आत्माका पुत्र" "मेरो प्रथम उपदेश यो हो" भन्नु हुन्छ र तिनीहरूलाई यी दुबै वाक्यांश सँगै दोहोऱ्याउन भन्नु हुन्छ । अन्तमा,

तपाईंले यी शब्दहरू थप्नु हुने छ "पवित्र, दयालु र उज्ज्वल हृदय धारण गर ।" एकपटक पूरै समूहले यो तरिकाले उद्धरणहरू सिकेपछि, केही विद्यार्थीलाई पुस्तक नहेरी वाचन गर्न मद्दत गर्न सकिन्छ । अवश्य पनि, बच्चाहरूलाई यो अभ्यास फूर्तिका साथ गर्न लगाउनु हुनेछ, यस्तो गर्नाले बच्चाहरू सचेत रहन्छन् र रमाइलो वातावरण कायम हुन्छ । यस बाहेक तिनीहरूको क्षमता बिस्तारै बढ्दै जाँदा, तिनीहरूले प्रार्थनाका ठूला खण्डहरू वा पूरै उद्धरणहरू एकैचोटी कण्ठ गर्न पनि सक्षम हुन सक्छन् ।

तपाईंले कक्षाको यो भाग सञ्चालन गर्दा, केही त्यस्ता परिस्थितिहरू आफै प्रस्तुत हुन सक्छन्, जुन अनुमान गर्न गाह्रो हुन्छ, र तपाइले आफ्नै अनुमानबाट तिनीहरूलाई सम्बोधन गर्ने भनेर सिक्नु पर्छ । तैपनि, केही त्यस्ता परिस्थितिहरू हुन्छन् जसलाई तपाईंले आफ्नो तयारीकै अंश बनाउनु राम्रो विचार हुन्छ। तपाईंको समूहका अरू सदस्यहरूसँग तलका प्रश्नहरू छलफल गर्नुहोस् :

- यदि तपाईंको कक्षामा धेरै विद्यार्थी छन् भने, तपाइले तिनीहरूलाई कसरी उद्धरणहरू कण्ठ गर्न मद्दत गर्नु हुन्छ ।
- यदि केही बच्चाहरूले अरूभन्दा छिटो कण्ठ गरे भने तपाईंले के गर्नु हुन्छ ?
- तपाईंले के गर्नु हुन्छ यदि एक वा धेरै बच्चाहरूलाई कण्ठ गर्न गाह्रो भयो भने ?
- यदि कुनै बच्चाले कक्षामा पूरै उद्धरणहरू कण्ठ गर्न सकेन भने पनि उसले आफ्नो उपलब्धीको भावना महसुस गरोस् भनेर तपाईंले कसरी सुनिश्चित गर्नुहुन्छ ?

## खण्ड-२०

केटाकेटीहरू गाउन मन पराउँछन्, जुन उद्धरणहरू कण्ठ गर्ने क्रियाकलापभन्दा अगाडि हुन्छ, वा सबैभन्दा राम्रो मध्यको एक हो । सफलताको मुख्य उपाय अभ्यास नै हो । लय र धुनमा विशेष ध्यान दिएर पहिले तपाईंले गीत गाउन राम्ररी जान्ने अर्को व्यक्तिसँग गाउनुपर्छ यदि तपाईंले गीतका "रेकर्डिङ्ग" सुन्न सक्नु हुन्छ भने झन् छिटो सिक्न सकिन्छ । केटाकेटीसँग तपाईंले बारम्बार गाइरहनुपर्छ तिनीहरूले राम्ररी नसिकेसम्म । उद्धरणहरू कण्ठ गरेकै तरिकाले गीतहरू कण्ठ गर्न सकिन्छ, यसपटक भने शब्दहरू धुनसँग मिलाएर दोहोऱ्याउनु पर्छ । तपाईंका विद्यार्थीहरूको क्षमताको आधारमा केही गीतहरू निक्कै गाह्रो भएको पाउन सक्नुहुन्छ । यस्तो अवस्थामा, तपाईंले श्लोकहरू गाउने र विद्यार्थीहरूले "कोरस" गाउने गर्न सकिन्छ ।

यसपटक भने शब्दहरू धुनसँग मिलाएर दोहोऱ्याउनु पर्छ । तपाईंका विद्यार्थीहरूको क्षमताको आधारमा केही गीतहरू निक्कै गाह्रो भएको पाउन सक्नु हुन्छ । यस्तो अवस्थामा, तपाईंले श्लोकहरूसँग गाउने र विद्यार्थीहरूले "कोरस" गाउने गर्न सकिन्छ ।

## खण्ड-२१

हामीले विचार गर्ने अर्को क्रियाकलाप हो कथा सुनाउने । माथि उल्लेख गरे अनुसार पहिलो कक्षाका धेरैजसो कथा अब्दुल-बहाको जीवनबाट झिकिएका छन् । यी कथाहरूले एउटा निक्कै विशेष उद्देश्य पूरा गर्दछन् । यी कथाहरूले बच्चाहरूलाई उनीहरूले प्राप्त गर्न खोजेका आध्यात्मिक गुणहरू यस पार्थिव जगतमा सिद्ध उद्धरणहरूको जीवनमा कसरी पूर्णरूपमा प्रकट भए भनेर हेर्न मद्दत गर्दछन् । यी कथाहरू सुनाउँदा शिक्षकले देखाएको आदरले तिनीहरूको कोमल हृदयमा स्वर्गीय भावना र तिनीहरूको आध्यात्मिक संवेदनशीलता जगाउँदैछ ।

तपाइले अब्दुल बहाको बारेमा बच्चाहरूलाई सुनाउने कथाहरू छोटो भएता पनि तिनीहरूले दिने आध्यात्मिक अन्तरदृष्टि गहिरो छ । त्यसैले, तपाईंले आफ्ना विद्यार्थीहरूलाई आध्यात्मिक वास्तविकता झल्काउनका लागि यहाँ प्रस्तुत गरिएका घटनाहरूभन्दा पर लैजान सक्नुहुन्छ । यसै दृष्टिकोणमा पाठ १ का कथाहरूलाई हेरौं ।

*अब्दुल-बहाले सधैँ कुनै व्यक्तिको मनमा के छ भनेर बताउन सक्थे, र उनले शुद्ध र उज्वल हृदय भएका व्यक्तिहरूलाई धेरै माया गर्थे । एउटी महिला थिइन् जसले एउटा रात्री भोजमा अब्दुल-बहाका ज्ञानका कुराहरू सुनिरहेको बेलामा उनले आफ्नो अगाडिको पानीको गिलासलाई होस् र सोध्न थालिन," ओहो ! यदि अब्दुल-बहाले मेरो हृदयलाई लिएर सबै सांसारिक इच्छाहरूबाट खाली गरेर दिव्य प्रेम र विवेक भरिदिए कस्तो हुन्थ्यो, जसरी यो गिलासको पानीलाई भरिन्छ ।"*

*उनको मनमा यो विचार छिट्टै गयो र उनले यसबारे केही भनिनन्, तर चाँडै नै यस्तो केही भयो जसले उनलाई महशुश गरायो कि अब्दुल-बहाले उनको मनको कुरा बुझिसकेको थिए । आफ्नो भाषणको बीचमा छँदै उनले एक सहायकलाई बोलाएर बिस्तारै केही कुरा अह्राय । त्यो सहायक टेबुलमा महिला बसेको ठाउँमा आयो, उनको गिलास टिप्यो, खाली गऱ्यो र फेरि उनको अगाडि राख्यो ।*

*केही बेरपछि, अब्दुल-बहाले आफ्नो प्रवचन जारी राख्दै, टेबुलबाट करुवा उठाए, एकदमै सामान्य तरिकाले खाली गिलास बिस्तारै भरिदिए । त्यहाँ के भइरहेको थियो कसैले पनि याद गरेनन्, तर ती महिलालाई थाहा थियो कि अब्दुल-बहाले उसको हृदयको इच्छा पूरा गरिरहेका थिए । उनी खुशीले भरिएकि थिइन् । जब उनलाई थाहा भयो कि अब्दुल-बहाका लागि उनको हृदय र मन खुला किताव जस्तै थिए, जसले त्यो पुस्तकलाई पूरा माया र दयाका साथ पढ्दथे ।*

यो स्पष्ट छ कि शुद्ध भनेको त्यो आध्यात्मिक गुण हो, जसमा यो कथा, र वास्तवमा, पूरा पाठ नै आध्यात्मिक छ । विद्यार्थीहरूको ज्ञानलाई कसरी झन् बलियो बनाउने छ र यसको लागि थप प्रयास गर्नुको अर्थ के हो भनेर सोच्न मद्दत गर्नेछ ।

१. केटाकेटीले यो बुझ्नु जरूरी छ कि अब्दुल-बहाको अतिथिले आफ्नो हृदयको शुद्धता प्राप्त गर्ने चाहन्थिन् उनको यो चाहना र तिनको अगाडिको पानीको गिलासको कथा बीच के सम्बन्ध छ ?

२. शुद्धता प्राप्त गर्नका लागि, जसरी एक गिलास पानी खाली गरि भरियो, त्यसरी नै हाम्रो अयोग्य विचार तथा भावनाहरूबाट आफूलाई मुक्त गर्नु पर्छ, ता कि ईश्वरले हाम्रो हृदयलाई प्रेम उदारता र दया जस्ता गुणहरूले उज्यालो बनाइदिनु हुन्छ । हामीलाई थाहा छ कि ईश्वरको नजरबाट कुनै कुरा पनि लुकाउन सकिँदैन । यो कुरा बुझेपछि हामीलाई शुद्धताको प्रयासमा कसरी मद्दत गर्छ ।

तपाईंको समूहका अरू सदस्यहरूसँग यी प्रश्नहरू छलफल गरेपछि, यहाँ आफ्ना केही विचारहरू लेख्नुहोस् :

अब्दुल-बहाको जीवनसँग सम्बन्धित नभए पनि आध्यात्मिक गुणहरूलाई महत्व दिएर चित्रण गरिएका केही कथाहरू यसै कक्षामा समावेश छन् । ती कक्षाहरूमा बच्चाहरूले यी गुणहरू देखाएका पुरस्कृत हुने र वेवास्ता गरेमा हुने परिणाम बुझ्न सक्छन् । उदारणको लागि, धेरै संस्कृतिहरूमा परिचित ब्वाँसो भनेर गोठालो चिच्चाएको कथाले झूठ बोल्नेको परिणाम देखाउँछ र यसरी सत्यताको गुणबारे अन्तरदृष्टि प्रदान गर्दछ । बच्चाहरूले यी कथाहरूमा दिइएका सन्देशहरूबाट धेरै लाभ उठाउन सक्छन्, जुन उनीहरूको चरित्र निर्माणमा बहुमूल्य सावित हुन जान्छ ।

## खण्ड-२२

कथा भन्ने एउटा कला हो । कथा प्रभावकारी ढंगले सुनाउन आफू कथासँग राम्ररी परिचित हुनुपर्छ । यस खण्डमा, शिक्षकले बच्चाहरूलाई कथा कसरी सरसर्ति सुनाउनु पर्छ भन्ने जान्नको लागि पाठ १ को कथालाई विस्तृत रूपमा अध्ययन गर्ने छौं ।

हामीले यो कुरा स्थापित गरिसकेको छौं कि यस कथाको मुख्य विषय हृदयको शुद्धताको आध्यात्मिक गुण हो, जुन कुरा गिलासको उदाहरणहरूबाट अन्वेषण गरिन्छ । तपाईंले आफैलाई सोध्नुपर्ने पहिलो प्रश्न यो हो, कथाका कुन कुन भाग यस मुख्य विषयवस्तुसँग प्रत्यक्ष रूपमा सम्बन्धित छन् ? अब्दुल-बहाका ज्ञान शब्दहरूले महिलालाई आफ्नो पार्थिव इच्छाले भरिएको हृदयलाई कत्तिको शुद्ध पार्न चाहन्छन् भनेर सोध्न वाध्य गराउँछ । उनको अगाडिको गिलास जस्तै यो एउटा आवश्यक माग हो । अब्दुल-बहाले एक सहायकलाई गिलास रित्याउन लगाएको र पछि आफैले भरिदिएको, अर्को माग हो । उदाहरणहरूको लागि, अब्दुल-बहाले त्यो सहायकलाई महिलाको गिलास खाली गर्न लगाउनु भएको कुरा उल्लेख नगरेको भए कस्तो हुन्थ्यो होला ?

अब, हामीले कथाका आवश्यक मागहरू पहिचान गरिसके पनि यसका अरू विवरणहरू विर्सन सकिँदैन । यदि तपाईंले खाली रात्री भोजमा अब्दुल-बहाको एकजना अतिथिले आफ्नो मन पनि शुद्ध होस् भन्ने कामना गरिन भनेको भए त्यो कथा बन्थ्यो होला ? कथामा सधैँ त्यस्ता विवरण हुन्छन् जसले थप अनुभूति दिन्छन् र कथालाई रोचक बनाउँछन् । यी केके हुन् ?

- अब्दुल-बहाले आफ्नो ज्ञानका कुरा सुनाइरहनु भएको बेला ती अतिथिलाई खानाको भन्दा रित्तो गिलासको विचार आउँछ । तर उनले आफ्नो विचार सुनाइनन् ।
- रात्री भोजमा भेला भएकाहरूसँग कुरा गरिरहेको बेलामा अब्दुल-बहाले ती महिला अतिथिको अव्यक्त विचारलाई सम्बोधन गर्न आफ्नो प्रवचन एकक्षण रोके ।
- त्यहाँ के भइरहेको थियो अरू कसैले याद गरेनन् ।
- अब्दुल-बहाले आफ्नो मनको इच्छा थाहा पाउनु भएकोमा अति खुशी भइन् ।

यस कुरामा ध्यान दिनु पर्दछ कि प्रत्येक शिक्षकले कक्षा १ मा समावेश भएका कथाहरूलाई थप विवरण र अरू कुराहरूले सिँगार्नु हुँदैन भन्ने कुरामा ध्यान दिनुपर्छ, किनकि यसो गर्नाले बच्चाहरूको ध्यान आध्यात्मिक सत्यहरूबाट हटाउन सक्छ, जुन कक्षाहरूको मुख्य उद्देश्य हो ।

## खण्ड-२३

तपाईंले पूरा कक्षा सुनाउँदा यो कुरा मनमा राख्न चाहनु हुन्छ कि कक्षा सुनाउनु उद्देश्य बच्चाहरूलाई केही महत्वपूर्ण कुरा सिकाउनु हो । जब तपाईं खुशी तथा उत्साहका साथ कक्षा सुनाउनु हुन्छ तब तिनीहरूले राम्रोसँग बुझ्ने छन् । नीरस ढंगले सुनाइयो भने कथामा बालबालिकाले चासो राख्दैनन् । तपाईंले आफ्नो आवाज, अनुहारको हावभाव र इशाराहरूको मार्फत हर्ष, दुःख, निराशा, डर र साहस जस्ता भावनाहरू प्रकट गर्न सिक्नुपर्छ, आफ्नो आवाज कति तिखो वा ठूलो गर्ने भन्ने कुरा कथाको विकास अनुसार बदल्दै जानुपर्छ, र तपाईंका इशारा, जति सरल भए पनि, प्रत्येक भागसँग मेल खानुपर्छ ।

तपाईंले आफ्नो कथावाचनमा लय र गतिको बारेमा पनि सोच्नुपर्छ । धेरै बिस्तारै बोल्नुभयो भने बच्चाहरू दिक्क हुन्छन्, र धेरै छिटो छिटो बोल्नुभयो तिनीहरूले कथालाई पछ्याउन सक्दैनन् । सबैभन्दा बढी तपाईंले सम्झनुपर्छ कि तपाईंले नाटक गरिरहेको हैन र तपाईंका भावनाहरू निष्कपट हुनुपर्छ । युवाहरूले इमानदारीको कमी सजिलैसँग जोड्नु र कथावाचनको लामो समयदेखि चलिआएको परम्परालाई अगाडि बढाउनु हो, जसको माध्यमबाट हजारौँ वर्षदेखि मानव जातिले प्राप्त गरेको ज्ञानको भण्डार एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण भइरहेको छ ।

माथि उल्लेख गरिए अनुसार पहिलो कक्षाका खेलहरू मिलेर खेल्ने खालका छन् । धेरै मानिसहरू विश्वास गछवास गर्छन् कि खेलहरू चुनौतीपूर्ण हुनका लागि बच्चाहरूले एक अर्कासँग प्रतिस्पर्धा गर्न आवश्यक छ ।

हामीले बुझ्नु पर्ने के हो भने जब केटाकेटीलाई प्रतिस्पर्धा गर्नु पर्ने परिस्थितिमा लगाइन्छ, यो निश्चित छ कि केही अवान्छनी मनोवृत्ति र आदरहरूदेखि थाल्छ, जुन खेलको अवधिभन्दा पछिसम्म रहन सक्छन् यसबाहेक यस्तो एउटा धारणा पनि छ कि उत्कृष्टता केवल प्रतिस्पर्धा मार्फत मात्र हासिल गर्न सकिन्छ । तपाईंले यो विचारको सत्यतालाई नजिकबाट जाँचन आवश्यक छ । के यो साँचो हो कि हामीले आपसी सहयोग मार्फत उत्कृष्टता हासील गर्न सक्दैनौं ? प्रतिस्पर्धामा कोही जित्छन् कोही हार्छन, आपसी सहयोगमा सबैले उपलब्धि हासिल गरेको महशुश हुन्छ ।

पहिलो कक्षाका खेलहरूले बालबालिकामा निर्देशन सुन्ने र पालना गर्ने सीपहरू बढाउन खोज्छन् । तिनीहरूले यो पनि देख्दछन् कि प्रत्येक खेलले पूरै कक्षाको लागि साझा लक्ष्य स्थापित गर्दछ र तिनीहरूका प्रयासलाई समन्वय गर्दा प्रत्येकले भूमिका खेल्नु पर्ने कुरा पनि देख्दछन् सबैभन्दा ठूलो कुरा आशा गर्न सकिन्छ कि तिनीहरूले एक अर्का प्रतिको हेरचाह बढाउने छन्, लगनशीलता सिक्ने छन् उनीहरूलाई जोड्ने मित्रताको बन्धन अझ बलियो बनाउने छन् । तपाईंले सम्झनुपर्छ कि तिनीहरूले सफलताको भावना महसुस गर्न पूर्णरूपमा खेल खेल्नु पर्दैन । उदाहरणको लागि, पाठ १ मा दिइएको खेललाई हेर्नुहोस् यसले ईच्छा गरिएका उद्देश्यहरू कसरी पूरा गर्दछन् ।

| |
|---|
| अबको क्रियाकलापको लागि गाडीको एउटा टायर भुइँमा राख्नुहोस् र त्यसपछि केटाकेटीलाई सोध्नोस् एकै पटक कतिजना केटाकेटी त्यो टायरमा उभिन सक्छन् । यदि टायर पाइएन भने, तपाईंले भूइमा एउटा चटाई वा तौलिया वा अरू केही वस्तु राख्न सक्नु हुन्छ । आफूले जुन भूइमा राख्न जुनकुरा छाने पनि त्यो ती केटाकेटीको संख्याको लागि चुनौती बनाउनको लागि सानो हुनुपर्छ । |

शिक्षकले खेलको परिचय कसरी दिन्छन् त्यसले केटाकेटीको खेललाई असर गर्दछ । शिक्षकले आफ्नो उद्देश्य स्पष्ट दिँदा शिक्षकले धेरैजसो आफैले पनि भाग लिएर खेल्ने तरिका देखाउनु पर्छ ।

## खण्ड-२४

कलात्मक क्रियाकलापहरू बालबालिकाको रचनात्मक र मानसिक सीपहरूको विकासको लागि महत्वपूर्ण हुन्छन्, र सानै उमेरदेखि उनीहरू आफूले इच्छा गरे अनुसारको रेखाचित्र र अरू खालका कलात्मक अभिव्यक्ति प्रस्तुत गर्ने मौका दिनुपर्छ । तर, संसारका धेरै भागहरूमा, बच्चाहरूले पाँच वा छ वर्षको उमेर अघि चित्र कोर्ने मौका त्यति पाउँदैनन्, अरू सबैको पाँच कम पाएका हुन्छन् । तिनीहरूका लागि, पहिलो कक्षाका पाठहरूमा प्रस्तुत गरिएका चित्रहरूमा रङ भर्नु उनीहरूका लागि सबैभन्दा रोमान्चक अवधि बन्न जान्छ, यसले तिनीहरूमा पछिको कक्षाका लागि थप जटिल कलात्मक क्रियाकलापहरूमा जान आवश्यक आत्मविश्वास सिर्जना

गर्दछ । यो उनीहरूको निपूर्णता र अनुशासनको भावना विकास गर्ने माध्यम पनि हो । रङ भर्ने माध्यमबाट बालबालिकामा क्षमता, सीप र मनोवृत्ति कसरी बढ्छ ?

- राम्रो बन्दोबस्त र सौन्दर्यको प्रशंसा गर्दै
- विवरणमा ध्यान दिँदै
- आफ्नो हातमा भएको काममा ध्यान दिँदै
- अरूहरूसँग सामग्रीहरू साझेदारी गर्दै
- अरूको सम्मान गर्दै

केही सीप र मनोवृत्तिलाई बढावा दिनुको अतिरिक्त, कक्षाको रङ्ग भर्न छुट्याइएको समयमा शिक्षकलाई आफ्ना विद्यार्थीहरूसँग कक्षा १ का पाठहरूमा छलफल गरिएका गुणहरूबारे फेरि छलफल गर्ने मौका प्रदान गर्दछ । चित्रमा के भइरहेको छ बारे प्रश्न गरेर शिक्षकले बच्चाहरूलाई आफ्नो पहिलो पाठको रंग भर्ने पाना हेर्नुहोस्, आफ्नो समूहसँग अन्वेषण गरेर गर्नोस् र बच्चाहरूको लागि कसरी परिचय गर्नुहुन्छ । आफ्नो विचार लेख्नुहोस् ।

____________________________________________

____________________________________________

____________________________________________

____________________________________________

____________________________________________

शिक्षकले यस क्रियाकलापको लागि पर्याप्त तयारी गर्नुपर्छ । केटाकेटीहरूले सधैँ रङ भर्ने इच्छा गर्दछन्, तर कक्षाको माग अराजक हुन सक्छ, यदि राम्रो व्यवस्था गर्न सकेन भने । केटाकेटीले रंङ भर्ने ठाउँ छान्नु पर्छ, र रेखाचित्रका प्रतिलिपिहरू पहिल्यै तयार गरिनु पर्छ । खासगरी शुरूका केही पाठहरूमा शिक्षकले बच्चाहरूले क्रेयानहरू प्रयोग गर्ने कसरी सम्बन्ध राख्ने भन्ने कुरा शिक्षकहरूले शुरूमै स्थापित गर्नुपर्छ । सुरूमा, प्रत्येक बालकलाई शिक्षकले राखेको बाकसबाट एउटा क्रेयन छान्नु भन्न सकिन्छ । जब तिनीहरू अर्को रंगको क्रेयन चाहन्छन् तब आफूसँग भएको क्रेयन बुझाएर अर्को साटासाट गर्न सक्छन् । जब तिनीहरूको रुक पटकमा एउटा मात्र क्रेयन प्रयोग गर्ने बानी बस्छ, शिक्षकले क्रेयनको बाकसलाई सबैका लागि सजिलो ठाउँमा राख्न सक्छन् ।

अब तलका अवस्थाहरू हेर्नोस् । प्रत्येक जोडीमा कुन अवस्थाले यस क्रियाकलापको प्रभावकारितामा योगदान गर्छ ?

- शिक्षकले बच्चालाई रेखाभन्दा बाहिर रङ्ग लगाउन अनुमति दिन्छन्, जबसम्म उसले राम्रोसँग रङ्ग लगाउन खोजिरहेको हुन्छ ।
- सबै बच्चाहरूलाई रेखाभित्र कडाईका साथ रङ्ग लगाउन भनिएको हुन्छ ।
- बच्चाहरूले रङ्ग भर्दा, शिक्षक उनीहरूलाई मद्दत गर्दै र प्रोत्साहन दिँदै उनीहरूको बीचमा घुमी रहन्छन् ।
- बच्चाहरूले रङ्ग लगाई भरिरहेको बेलामा शिक्षक आफ्नो ठाउँमा बस्छन् र आफ्नै काम गरिरन्छन् ।
- रङ्ग भर्नको लागि छुट्टयाइएको समयमा बच्चाहरूले आफ्नो हातमा रहेको अरू नै काम गर्छन् ।
- रङ्ग भर्नको लागि छुट्टयाइएको समयमा, बच्चाहरूले एक अर्कोलाई दुःख दिन्छ ।
- रङ्ग भर्ने बेलामा बच्चाहरू एकदम शान्त रहन्छन् ।
- उनीहरूले रङ्ग भर्ने काम गरिरहेको बेला खुशी भएर एक अर्कासँग सम्पर्क राख्दछन् र एक अर्कालाई प्रोत्साहित गर्छन् ।

## खण्ड-२५

धेरै शिक्षकहरूले एउटा नोटबुक राख्नु उपयोगी ठान्छन्, जसमा उनीहरूले पढाउने बुदाहरूको बारेमा केही सामान्य जानकारीहरू राख्न सकिन्छ । यसको लागि दुईवटा तालिका राख्नु सहयोगी हुन्छ, एउटामा विद्यार्थीहरूको नाम र उमेर, र कक्षामा उनीहरूको उपस्थिति, र अर्कोमा उनीहरूले उद्धरणहरू कण्ठ गर्ने अभ्यासमा भएको प्रगति राख्ने । यो पछिल्लो तालिकामा, उदाहरणको लागि, बायाँ स्तम्भमा बच्चाहरूको नाम र शीर्ष पंक्तिमा पाठहरूको संख्या हुन सक्छ । त्यसपछि शिक्षकले उपयुक्त कक्षाहरूमा चिन्ह लगाउन सक्छन् कुन-कुन बच्चाहरूले कुन-कुन उद्धरणहरू कण्ठ गरेका छन् ।

नोटबुकमा पाठहरूको लागि छुट्टयाइएको भाग पनि हुन सक्छ, जसमा शिक्षकहरूले प्रत्येक पाठबारे आफ्नो विश्लेषण, यसलाई कसरी पढाउने भन्नेबारे आफ्ना विचार, र पछि गएर, केटाकेटीलाई टिप्दछन् ।

अर्को खण्डमा शिक्षकले प्रत्येक बच्चाको प्रगतिको साथसाथै उसका आमाबुबालाई सुनाउन सकिने कुनै रोचक घटनाहरू राख्न सक्छन् । केही शिक्षकहरूले यस

खण्डमा बच्चाहरूका आमाबुबा र भाइबहिनीहरूको नाम र उनीहरूको घरमा गएर गरेका कुराहरूको पनि संक्षिप्त सारांश समावेश गर्नु उपयोगी हुन्छ ।

## खण्ड-२६

बालकक्षाको शिक्षकको रूपमा, तपाईंले प्रत्येक बालकको आमाबुबासँग घनिष्ठ र प्रेमपूर्ण सम्बन्ध स्थापित गर्नु आवश्यक छ, र उनीहरूका छोरा वा छोरीको बुद्धि र विकासको बारेमा छलफल गर्न र समर्थन प्राप्त गर्न उनीहरूसँग नियमित भेटघाट गर्नुपर्छ । तपाईंले पुस्तकको अध्ययन पूरा गरेपछि तपाईंको समुदायका कक्षाहरूमा आउने केही विद्यार्थीहरूका परिवारलाई पहिले नै भेट्नु भएको हुनसक्छ । सम्झनाको लागि तपाईंले त्यो पुस्तकको तेस्रो इकाईलाई उल्लेख गर्न सक्नुहुन्छ । त्यस खण्डमा हामी देख्दछौं कि बालकक्षाको शिक्षिका ... ले कसरी दोस्रो पटक रम्भाको घरमा जाँदा उनकी आमासँग के कुरा गर्ने भन्ने सम्झिन्छिन् । उनले कक्षामा एम्माको उपस्थितिले उनको हृदयमा आनन्द ल्याएको उनको छोरीमा देखिएका अद्भूत गुणहरूको उल्लेख गरेर सुरू गर्ने निर्णय गर्छिन् ।

शिक्षकले समुदायमा आनन्द र उत्साहका साथ बालबालिकाको सेवा गरेको हेर्न पाउनु आमा बाबुको लागि कत्तिको महत्वपूर्ण छ ? आमा बाबुको हृदयलाई आकर्षित गर्ने र उनीहरूसँग विश्वासको बन्धन सिर्जना गर्ने अरूको के कस्ता विशेषताहरू छन् ?

यो किन जरूरी छ कि शिक्षकले आफूले पढाउने बालबालिकामा देखिएका आध्यात्मिक गुणहरूप्रति तिनीहरूका आमा बाबुको ध्यानाकर्षण गर्नु पर्ने ?

मारिवेलले पनि एम्माकी आमासँग तपाईंले यसै इकाईको खण्ड ३ मा अध्ययन गर्नु भएको यो उदाहरणहरूलाई छलफल गर्ने यसको बच्चाहरूको शिक्षामा कस्तो प्रभाव पर्छ भन्नेबारे अन्वेषण गर्ने निर्णय गरिन् । तपाईंले अभिभावकहरूसँग थुप्रै कुराकानीमा बालकक्षालाई आकार दिने शैक्षिक सिद्धान्तहरूलाई व्याख्या गर्ने अवसर पाउनु हुनेछ । तिनीहरूको छोराछोरीहरूको आध्यात्मिक शिक्षाको यस सन्दर्भमा अभिभावकहरूलाई के भन्नुहुन्छ ? एक वा अर्को सिद्धान्तसँग सम्बन्धित पवित्र लेखनीका अंशहरू छन् जुन तपाई ती अभिभावकहरूलाई सुनाउन सक्नु हुन्छ ?

प्रशंसनीय चरित्रको विकासः

आध्यात्मिक गुणहरूको प्राप्तिः

बच्चाहरूको हृदयमा प्रार्थनाको प्रभावः

ईश्वरका शब्द कण्ठ गर्नुको महत्व :

अब्दुल-बहाको जीवनीबाट लिइएका कथाहरूको बालबालिकामा प्रभावकारी असर :

ईश्वरको प्रेम र ईश्वरको भय :

अनुशासन र स्वतन्त्रता :

मारिशेलले आफ्नो विचारहरूको प्रस्तुति रोक्छिन् र एम्माकी आमालाई आफ्ना विचारहरू व्यक्त गर्न आमन्त्रित गर्छिन् । समय बित्दै जाँदा शिक्षक र बालबालिकाका अभिभावक बीच गहिरो कुराकानी हुने अपेक्षा गरिन्छ। यो किन महत्वपूर्ण छ भने शिक्षकहरूको आमाबुबासँगको पहिलो भेटघाट बाटै शिक्षकहरूले उनीहरूबाट छलफल हुने विषयमा आफ्नो टिप्पणी, विचार र सोचेको कुराहरू किन अपेक्षा गर्दछन् ?

आमाबुबासँग आध्यात्मिक गुणहरूको सामान्य अवधारणाको बारेमा छलफल गर्नुको साथै तपाईंले वर्षभरि आफूले प्रस्तुत गर्ने अवसरको फाइदा लिनुपर्छ र उनीहरूका छोरी र छोराहरूमा विचार गर्न खोजेका विशेष गुणहरूको बारेमा उनीहरूसँग कुराकानी गर्न सकिन्छ । हृदयको शुद्धताको गुणस्तरबारे तपाईंले प्राप्त गर्नु भएको अन्तरदृष्टिलाई ध्यानमा राख्दै, तपाईंको समूहका सदस्यहरूसँग यस्तो वार्तालापमा पुग्न सकिन्छ भन्नेबारे अन्वेषण गर्नुहोस् :

मारिबेललाई थाहा छ कि आफू र एम्माकी आमाबीच आपसी समझदारी र समर्थन आवश्यक छ, यदि उनकी छोरीले आफू पढिरहेको कक्षाको पूर्ण लाभ प्राप्त गर्ने हो भने उदाहरणहरूको लागि, कक्षामा सिकेका प्रार्थना र उद्धरणहरू, आफ्नो आमाबुबाको सहयोगमा घरमा पनि पाठ गर्न सकिन्छ । यस तरिकाले, बच्चाहरूले ईश्वरका शब्द अझ राम्रोसँग बुझ्न सक्छन्, जुन तिनीहरूका हृदय र आत्मा भित्र प्रवेश गर्दछन् । र तिनीहरूको चरित्रलाई आकार दिन्छन् । आमाबुबाले शिक्षकहरूको प्रयासलाई कसरी पार्न र समर्थन गर्न सक्छन् भनेर तपाईंको समूहका सदस्यहरूसँग छलफल गर्नुहोस् ।

चाहेको जस्तो हृदय र मनका गुणहरू लामो समयमा उचित शिक्षाद्वारा मात्र बालबालिकामा विकास गर्न सकिन्छ । यो स्पष्ट छ कि आमाबुबासँगको तपाईंको नियमित भेटघाटमा जोड दिनु पर्ने उनीहरूका छोराछोरीले गरेको प्रगति नै हो, त्यो जतिसुकै थोरै भएपनि । तपाईंको कुराकानी अगाडि बढ्दैजाँदा ती उपलब्धिहरूलाई अझ कसरी निर्माण गर्ने भन्नेबारे छलफल गर्न सक्नु हुन्छ । सत्याचारको यस्तो सुगम स्थिति बनेपछि शिक्षकले अभिभावकहरूसँग, अलि होसियारीका साथ, शिक्षकले उनीहरूका छोराछोरीहरूमा देखिएका कठिनाईहरूबारे छलफल गर्न सक्छन् । यसो गर्नुको उद्देश्य यो हो कि उनीहरूसँग सहयोगको यस्तो माध्यम खोज्नु हो, जसद्वारा ती बालबालिका कठिनाइहरू पार गर्न मद्दत होओस् । आमाबुबासँग सत्याचारको यस्तो रचनात्मक स्थिति सिर्जना गर्नुको महत्वलाई आफ्नो समूहसँग छलफल गर्नुहोस् ।

## खण्ड-२७

यस इकाईको सुरूमा उल्लेख भएझैं पाठ्यक्रममा भाग लिने सबैले बालकक्षा स्थापना गर्ने जिम्मा लिने छैनन् । गर्नेहरूमध्ये पनि कोही कोहीले सेवाको अर्को क्षेत्रमा जानु अघि केही समयको लागि मात्र बालकक्षा राख्न तयार हुन्छन् । अझै पनि अरूले प्रयासको यस क्षेत्रमा आफूलाई समर्पित गर्नेछन् र लामो समयसम्म कक्षाहरू सञ्चालन गर्ने छन्, जसले बच्चाहरूलाई ईश्वर प्रेमको वातावरणमा हुर्काउँछन् । यद्यपि, सहभागीहरूले जुनसुकै बाटो अप्नाए पनि, सबैले आफ्नो समुदायका युवा सदस्यहरूसँग अन्तरक्रिया गर्ने अवसर पाउँछन्, चाहे छिमेकीहरूलाई बोलाएर, सभा र भेलाहरूमा भाग लिँदा वा दाजुभाई दिदी बहिनी र आमाबुबाको रूपमा । परिस्थिति जस्तो सुकै भए पनि एकाइमा अन्वेषण गरिएका अवधारणा र विचारहरूले सहभागीहरूलाई विश्व न्याय गृहले हामीलाई बताए अनुसार समुदायले आफ्नो "सबैभन्दा बहुमूल्य खजाना" को हेरचाह गर्ने समुदायको जिम्मेवारीमा नयाँ अन्तरदृष्टि प्रदान गर्नेछ । हामी सबैले मानवजातिको उज्वल भविष्यतर्फ आशावादी आँखाले हेरिरहँदा निम्न अंशहरूबाट प्रेरणा र खुराक प्राप्त गरौं :

> **"हामी सबै मानिसहरूलाई उनका सेवकहरूका लागि ईश्वरका शब्दको उच्चतामा डोऱ्याउने र त्यसै गरी, अस्तित्वको संसारको उन्नति र आत्माहरूको उत्थानको लागि निर्देशन दिन्छौं । यस उद्देश्यका लागि सबैभन्दा ठूलो माध्यम बालबालिकाको शिक्षा नै हो ।"[३३]**

> **"बालबालिकाको शिक्षा र तालीम मानवजातिको सबैभन्दा उत्कृष्ट कार्यहरूमध्ये एक हो र यसले सर्व दयालुको अनुग्रह र कृपा प्राप्त गर्दछ, कि शिक्षा सबै मानव उत्कृष्टताको अपरिहार्य आधार हो र यसले मानिसलाई स्थिरताको उचाइमा अघि बढ्ने आधार दिन्छ । यदि बालकलाई बाल्यकालदेखि नै तालिम दिइयो भने उसले पवित्र मालीको मायालु हेरचाहद्वारा, आत्मा र ज्ञानको स्वच्छ पानी पिउनेछ, बगिरहेको खोलाहरूबीचको कलिलो रूख जस्तै । र निश्चित रूपमा उसले सत्यको सूर्यको उज्याला किरणहरू आफ्नो लागि जम्मा गर्ने छ र यसको प्रकाश र तापद्वारा जीवनको बगैंचामा सधैं ताजा र स्वच्छ भई बढ्दै जाने छ ...।"[३४]**

> **"यदि यस महत्वपूर्ण कार्यमा, एक शक्तिशाली प्रयास गरियो भने, मानवताको संसार अरू सजावटले चम्कने छ, र सबैभन्दा सुन्दर प्रकाश फैलाउने छ । यसपछि यो अन्धकारमय ठाउँ उज्यालो हुनेछ, र यो पृथ्वीको निवास स्वर्गमा परिणत हुने छ ।"[३५]**

## REFERENCES

1. From a message dated 21 April 2000, published in *Messages from the Universal House of Justice, 1986–2001: The Fourth Epoch of the Formative Age* (Wilmette: Bahá'í Publishing Trust, 2010), no. 331.26, p. 727.
2. Bahá'u'lláh, in "A Compilation on Bahá'í Education", compiled by the Research Department of the Universal House of Justice, published in *The Compilation of Compilations* (Maryborough: Bahá'í Publications Australia, 1991), vol. 1, no. 576, p. 251.
3. *Selections from the Writings of 'Abdu'l-Bahá* (Wilmette: Bahá'í Publishing, 2010, 2015 printing), no. 106.1, p. 187.
4. 'Abdu'l-Bahá, in "A Compilation on Bahá'í Education", published in *The Compilation of Compilations*, vol. 1, no. 614, pp. 273–74.
5. *Gleanings from the Writings of Bahá'u'lláh* (Wilmette: Bahá'í Publishing Trust, 1983, 2017 printing), CXXII, par. 1, p. 294.
6. *Selections from the Writings of 'Abdu'l-Bahá*, no. 108.1, p. 188. 7. Ibid., no. 110.2, p. 190.
8. Ibid., no. 100.2, p. 179.
9. Ibid., no. 99.1, pp. 178–79.
10. Ibid., no. 103.5, p. 183.
11. Ibid., no. 122.1, pp. 198–99.
12. Words of 'Abdu'l-Bahá, cited in *Star of the West*, vol. 8, no. 4 (17 May 1917), p. 41.
13. *Gleanings from the Writings of Bahá'u'lláh*, CXXXVI, par. 2, p. 334; also in *Bahá'í Prayers: A Selection of Prayers Revealed by Bahá'u'lláh, the Báb, and 'Abdu'l-Bahá* (Wilmette: Bahá'í Publishing Trust, 2002, 2017 printing), p. iii.
14. From a talk given on 5 August 1912, published in *The Promulgation of Universal Peace: Talks Delivered by 'Abdu'l-Bahá during His Visit to the United States and Canada in 1912* (Wilmette: Bahá'í Publishing, 2012), par. 6, p. 345.
15. 'Abdu'l-Bahá, in *Prayer and Devotional Life: A Compilation of Extracts from the Writings of Bahá'u'lláh, the Báb, and 'Abdu'l-Bahá and the Letters of Shoghi Effendi and the Universal House of Justice*, compiled by the Research Department of the Universal House of Justice (Wilmette: Bahá'í Publishing, 2019), no. 24, p. 7.
16. *Gleanings from the Writings of Bahá'u'lláh*, XLIII, par. 9, p. 109.
17. From a talk given by 'Abdu'l-Bahá on 24 April 1912, published in *The Promulgation of Universal Peace*, par. 1, p. 71.
18. Bahá'u'lláh, *The Hidden Words* (Wilmette: Bahá'í Publishing Trust, 2003, 2012 printing), Arabic no. 3, p. 4.
19. Ibid., Arabic no. 12, p. 6.
20. Ibid., Arabic no. 11, p. 6.
21. *Gleanings from the Writings of Bahá'u'lláh*, CXXVIII, par. 6, p. 313.
22. *The Call of the Divine Beloved: Selected Mystical Works of Bahá'u'lláh* (Haifa: Bahá'í World Centre, 2018), no. 2.43, p. 31.
23. *The Hidden Words*, Arabic no. 59, p. 17.

24. From a talk given by ‘Abdu’l-Bahá on 26 May 1912, published in *The Promulgation of Universal Peace*, par. 1, p. 204.
25. *Selections from the Writings of ‘Abdu’l-Bahá*, no. 129.2, p. 204. 26. *Gleanings from the Writings of Bahá’u’lláh*, CLV, par. 4, pp. 376–77. 27. Ibid., CLIII, par. 5, p. 369.
28. *The Hidden Words*, Arabic no. 9, p. 5.
29. From a talk given by ‘Abdu’l-Bahá on 24 April 1912, published in *The Promulgation of Universal Peace*, par. 4, p. 73.
30. Bahá’u’lláh, *Epistle to the Son of the Wolf* (Wilmette: Bahá’í Publishing Trust, 1988, 2016 printing), p. 27.
31. *Tablets of Bahá’u’lláh Revealed after the Kitáb-i-Aqdas* (Wilmette: Bahá’í Publishing Trust, 1988, 2005 printing), no. 8.53, p. 126.
32. ‘Abdu’l-Bahá, *The Secret of Divine Civilization* (Wilmette: Bahá’í Publishing, 2007, 2016 printing), par. 74, p. 53.
33. *Selections from the Writings of ‘Abdu’l-Bahá*, no. 111.1, p. 191. 34. Ibid., no. 95.2, pp. 176–77.
35. Ibid., no. 111.4, pp. 191–92.
36. Ibid., no. 124.1, p. 200.
37. ‘Abdu’l-Bahá, in *Bahá’í Prayers*, p. 29.
38. From a Tablet revealed by Bahá’u’lláh, in *Social Action: A Compilation Prepared by the Research Department of the Universal House of Justice* (Wilmette: Bahá’í Publishing Trust, 2020), no. 178, p. 107.
39. *Selections from the Writings of ‘Abdu’l-Bahá*, no. 103.1–3, p. 182.



# बालबालिकाहरूलाई पढाउने कक्षाहरू

## उद्देश्य

पाँच वा छ वर्षका बालबालिकाका लागि कक्षाहरू सिकाउने क्षमता विकास गर्न,
जुन चरित्रको स्मरण गर्न समावेश परिष्करणमा केन्द्रित,
प्रार्थना र उद्धहरणहरू र गीतहरू, कथाहरू,
खेलहरू, र रङ्हरू

## खण्ड १

अन्तिम एकाइमा तपाईंले पहिलो कक्षामा आफ्नो शिक्षण प्रयासको प्रकृति बारे सोच्नुभयो र पाठ बनाउने विभिन्न तत्वहरूको जाँच गर्नुभयो । यो दोस्रो एकाइले चौबीस पाठहरू समावेश गर्दछ, जुन तपाईंलाई थाहा छ, आध्यात्मिक गुणहरूको विकासको वरिपरि संरचित छन् । यी प्रारम्भिक खण्डहरूमा, तपाईंलाई पाठहरूको सामग्रीसँग परिचित गराउने र तिनीहरूलाई सञ्चालन गर्ने अभ्यास गर्ने अवसर दिइनेछ । हामी एक पटकमा चारवटा पाठहरू लिने छौं र प्रत्येकमा सम्बोधन गरिएका आध्यात्मिक गुणहरूलाई समिक्षा गर्नेछौं । त्यसपछि तपाईंलाई प्रोत्साहित गरिन्छ कि अर्को चार पाठहरूमा जानु भन्दा पहिला विस्तृत रूपमा आफ्ना सहभागी साथीहरूसँग पाठहरू अध्ययन गर्नुहोस्, विभिन्न गतिविधिहरू पालैपालो गर्नुहोस् ।

## खण्ड २

प्रत्येक कक्षा १ को अवधि शुरूवात गर्दा शिक्षकले प्रार्थना वाचन गरेर सुरू गर्नुपर्छ । सहयोगको लागि, तपाईंलाई प्रत्येक चार पाठहरूमा भन्नको लागि एउटा नयाँ प्रार्थना सुझाव दिइनेछ, जम्मा छवटा प्रार्थना छन् । यदि तपाईं यी प्रार्थनाहरूलाई कण्ठस्थ गर्न सक्षम हुनुभयो भने यसले बालबालिकाहरूलाई उनीहरूको आफ्नै स्मरण प्रयासहरूमा धेरै प्रोत्साहित गर्नेछ । पाठ १ देखि ४ सम्म को लागि निम्न प्रार्थना सुभाव दिइएको छ :

**“हे ईश्वर ! यी बाल-बालिकाहरूलाई शिक्षा देऊ । यी बाल-बालिका तिम्रा फलोद्यानका बोट-बिरूवा, तिम्रा मैदानका फूलहरू तथा तिम्रै बगैंचाका गुलाबहरू हुन् । यिनीहरूमाथि जल वृष्टि गरिदेऊ; सत्यको सूर्य तिम्रो प्रेम सहित यिनीहरू माथि चम्कन देऊ । तिम्रो समीरलाई यिनीहरूमाथि बहन देऊ, ताकि यिनीहरू तालिम प्राप्त गर्न, हुर्कन र विकसित हुन सक्नेछन् र परम्सौन्दर्यका साथ देखापर्ने छन् । तिमी दाता छौ । तिमी करूणामय छौ ।”**[३६]

माथिको प्रार्थना गरेपछि, तपाईं केही बालबालिकाहरूलाई उनीहरूलाई मनदेखि आउने प्रार्थना भन्न प्रोत्साहन दिनुहुनेछ । सबै केटाकेटीहरूले कक्षाको यस भागमा योगदान गर्न सक्षम नहुन सक्छन, बिस्तारै बिस्तारै, तथापि, उनीहरूले यस कक्षामा सिकेका प्रार्थनाहरू सम्झन प्रतिबद्ध भएकाले धेरैभन्दा धेरै त्यसो गर्न सक्षम हुनेछन् । अघिल्लो एकाइको अध्ययनबाट, तपाईं पहिले नै तलको एक प्रार्थनासँग परिचित हुनुहुन्छ, जसमा उनीहरूले यी पहिलो केही पाठहरूमा आफ्ना प्रयासहरूलाई केन्द्रित गर्नेछन् ।

**“उनी हुन् ईश्वर ! हे ईश्वर, मेरो हृदयलाई एउटा पवित्र मोती सरह शुद्ध परिदेऊ ।”**[३८]

प्रार्थना शुरूवातका अवधि सबैभन्दा महत्वपूर्ण छ; यसले ईश्वरप्रति भक्तिको वातावरण सिर्जना गर्नेछ, जुन शिक्षाको लागि अनुकूल वातावरण हुन्छ। 'अब्दुल-बहा'ले हामीलाई बताउँछन् कि बालबालिकाहरूलाई एकसाथ भेला गर्नु र तिनीहरूलाई प्रार्थना सिकाउँदा तिनीहरूको हृदयमा "आनन्द" आउँछ। ईश्वरसँगको वार्तालापले "उच्च बुद्धिको संवेदनशीलतालाई जन्म दिन्छ"।

बालबालिकाहरूलाई ईश्वरप्रति श्रद्धाको गहिरो भावना विकास गर्न र प्रार्थना गर्दा आफूलाई त्यहिअनुसार आचरण बनाउन मद्दत गर्नुपर्छ। तिनीहरूलाई आफ्नो हृदय र दिमागलाई पवित्र वचनमा केन्द्रित गर्न मद्दत आवश्यक हुन सक्छ, चाहे तिनीहरू आफै प्रार्थना गरिरहेका छन् वा अर्को बच्चाले पढिरहेको प्रार्थना सुनिरहेका छन्। शिक्षकले बच्चाहरूलाई प्रश्न सोध्न सक्छन् कि उनीहरूले कसरी ईश्वरप्रति श्रद्धा देखाउन सक्छन्। उदाहरणका लागि, कसरी बस्ने, तिनीहरूले आफ्नो हातलाई कसरी राख्ने ताकि तिनीहरूको ध्यानभंग नहोस्, र यदि तिनीहरूका आँखा भौतारिइरहेको पाएमा तिनीहरूले के गर्ने भनेर सोध्न सक्छन्। शिक्षकले उनीहरूलाई प्रार्थनाको लागि आफूलाई कसरी तयार पार्ने भनी देखाउन पनि सक्छन्। तपाईंले याद गर्न चाहानुहुन्छ कि एक एकले प्रार्थना वाचन गर्नु भन्दा तीन वा चार बच्चाहरूले लागि मात्र आध्यात्मिक वातावरणमा प्रार्थना गर्नु राम्रो हुन्छ। प्रत्येक बच्चाहरू होहल्ला र गतिशिल अवस्था भएको बेलामा त्यसोभए, तपाईंलाई पहिले नै बच्चाहरू छनौट गर्न सल्लाह दिइन्छ। जसले प्रत्येक कक्षा अवधिको सुरूमा प्रार्थना गर्नेछ। तपाईं यो सुनिश्चित गर्न चाहानुहुन्छ कि प्रत्येक बच्चालाई कम्तिमा प्रत्येक तीन वा चार कक्षामा एक पटक प्रार्थना वाचन गर्ने मौका दिइएको छ।

वर्षभरि, प्रार्थनाको प्रकृति र हामीले किन प्रार्थना गर्छौं भन्ने बारेमा समय समयमा आफ्ना विद्यार्थीहरूसँग कुरा गर्नु तपाईंको लागि महत्वपूर्ण हुनेछ। पहिलो केही हप्ताहरूमा तपाईंले तिनीहरूलाई के भन्न सक्नुहुन्छ तल खाली ठाउँमा वर्णन गर्नुहोस्।

## खण्ड ३

अब पहिलो चार पाठहरू ध्यानपूर्वक एक एक गरेर तपाईंको समूहका अन्य सदस्यहरूसँग पढ्नुहोस् । तपाईंको विद्यार्थीहरूले स्मृतिमा राख्ने उद्धरणहरूको परिचयात्मक टिप्पणीहरूमा विशेष ध्यान दिनुपर्छ। निःस्सन्देह, तपाईंलाई थाहा छ कि पहिलो पाठ पवित्रतो विषयमा केन्द्रित छ। अब तल दिइएका खाली ठाउँमा अर्को तीन पाठहरूमा समावेश गरिएका प्रत्येक आध्यात्मिक गुणलाई लेख्नुहोस् ।

पाठ १: पवित्रता ____________________

पाठ २: ____________________

पाठ ३: ____________________

पाठ ४: ____________________

यी पाठहरू सिकाउने तयारी गर्दा, तपाईंले पहिलो एकाइमा हृदयको शुद्धतामा पहिले नै गरिसक्नुभएझैं, तपाईंले प्रत्येकमा सम्बोधन गरिएका गुणहरू प्रतिबिम्बित गर्न केही समय खर्च गर्नुपर्छ। तल अन्य तीन गुणहरूसँग सम्बन्धित लेखनीहरूबाट केही उद्धरणहरू छन्। यो सुझाव दिइन्छ कि तपाईं तपाईंको समूहसँग प्रत्येक संकलन धेरै पटक पढ्नुहोस् र तपाईंका विद्यार्थीहरूले याद गर्ने उद्धरणहरूलाई ध्यानमा राख्दै खण्डहरूमा सँगै प्रतिबिम्बित गर्नुहोस् । त्यसपछि, व्यक्तिको जीवनमा गुणस्तरको महत्व, सामान्य रूपमा, र विशेष गरी शिक्षकको रूपमा तपाईंको प्रयासहरूको बारेमा आफ्ना केही विचारहरू लेख्नुहोस्। याद गर्नुहोस् कि यी उद्धरणहरू तपाईंको कक्षाका युवाहरूका लागि होइन तर तपाईंको आफ्नै प्रतिबिम्बको लागि हो ।

न्यायको सन्दर्भमा, हामी पढ्छौं:

**"मानिसहरूको ज्योति न्याय हो, यसलाई दमन र अत्याचारको विपरित हावाले ननिभाऊ, न्यायको उद्देश्य भनेको मानिसहरू बीचको एकता हो ।"[३९]**

**"न्यायसँग कुनै पनि दिप्तीलाई तुलना गर्न सकिदैन, संसारको संगठन र मानवजातिको शान्ति यसैमा निर्भर गर्दछ ।"[४०]**

**"जसले संसारलाई प्रशिक्षित गर्छ त्यो न्याय हो, किनकि यसलाई दुई स्तम्भ, इनाम र दण्डले समर्थन गर्दछ, यी दुई स्तम्भहरू संसारको जीवनका स्रोत हुन् ।"[४१]**

**"हे आत्माका पुत्र ! मेरो दृष्टिमा सबभन्दा प्रिय वस्तु न्याय हो; यदि तिमी मलाई चाहन्छौ भने न्यायबाट विमुख नहोऊ र त्यसको कदापि उपेक्षा नगर ताकि म तिमीमा विश्वास गर्न सकूँ। त्यसको सहायताले गर्दा तिमी अरूको आँखाले होइन आफ्नै आँखाले हेर्न सक्छौ र छिमेकीको ज्ञानले होइन आफ्नै ज्ञानले जान्न सक्छौ । यो कुरा आफ्नो हृदयमा मनन् गरिराख; तिमी कस्तो हुनुपर्छ । साँच्चै, न्याय तिमीलाई मेरो उपहार र प्रेमाशक्त दयाको चिन्ह हो । त्यसकारण यसलाई तिम्रो आँखा अगाडि राखिछोड ।"[४२]**

प्रेमको गुणस्तरको बारेमा, लेखनीले हामीलाई बताउँछ:

**"प्रेमको सार यो हो कि मानिसले आफ्नो हृदयलाई प्रियजनतर्फ फर्काउनु, र उहाँ बाहेक अरू सबैबाट आफूलाई अलग गर्नु, र आफ्नो प्रभुको इच्छा बाहेक अरू कुनै चाहना गर्नु हुँदैन ।"[४३]**

**"यस दिनमा, ईश्वरको धर्मको सेवा गर्नु भनेको उहाँका मित्रहरू बीच प्रेम र सङ्गति जगाउनु हो ।"[४४]**

**"पवित्र अभिव्यक्तिहरूको उपस्थितिको उद्देश्य मानवताको संसारमा बन्धुत्व र प्रेमको स्थापना गर्नु हो ।"[४५]**

**"तिमीलाई निश्चय थाहा छ कि प्रेम ईश्वरको पवित्र व्यवस्थाको रहस्य हो, सर्व-दयालुको प्रकटीकरण हो, आत्मिक बहावको झरना हो । प्रेम स्वर्गको दयालु ज्योति हो, पवित्र आत्माको अनन्त सास हो जसले मानव आत्मालाई जीवन्त बनाउँछ ।"[४६]**

र, सत्यताको सम्बन्धमा, हामीलाई सल्लाह दिइन्छ:

**"भनः सत्यता र शिष्टाचारलाई तिम्रो शृङ्गार बनाऊ ।"११**

**"सत्यताबिना कुनै पनि आत्मालाई ईश्वरका सम्पूर्ण संसारहरूमा उन्नति र सफलता प्राप्त गर्न अम्भव छ ।"४७**

**"सत्यता भनेको सबै भन्दा राम्रो गुण हो किनकि यसले अन्य सबै सद्गुणहरूलाई बुझ्दछ । एक सच्चा व्यक्ति सबै नैतिक पीडाहरूबाट सुरक्षित हुन्छ, हरेक खराब कामबाट संकुचित हुन्छ, र सबै दृष्ट कार्यहरूबाट सुरक्षित रहन्छ, यद्यपि सबै दुर्गुणहरू र कुकर्महरू एकदम विरोधी हुन्छन् । सत्यता, र एक सत्यवादी मानिसले धारण गर्नेछ ती सबै घोर घृणामा छन् ।"४८**

अब, यी पाठहरूमा केटाकेटीहरूले हृदयबाट सिक्ने उद्धरणहरू सम्झनाको अतिरिक्त, तपाईं प्रत्येक संकलनबाट कम्तिमा एउटा खण्डलाई सम्झन प्रतिबद्ध गर्न सक्नुहुन्छ ।

## खण्ड ४

माथिका प्रतिबिम्बहरूलाई मस्तिष्कमा राखेर, तपाईंले आफ्ना विद्यार्थीहरूलाई पहिलो चार पाठहरूमा सुनाउने कथाहरू पुनः पढ्नुहोस् । तपाईंले याद गर्नुहुनेछ, चार मध्ये तीन अब्दुल-बहाको जीवनबाट लिइएका छन्, सर्वोच्च मानव आदर्शहरूको मूर्त रूप तपाईंले कक्षा १ मा पढाउनुहुने केही बालबालिकाहरू 'अब्दुल-बहा' को व्यक्तित्वसँग परिचित नहुन सक्छन्, त्यसैले तपाईंले उहाँलाई संक्षिप्त रूपमा उनीहरूसँग परिचय गराउन आवश्यक छ । पुस्तक २ को तेस्रो एकाइमा तपाईंले सिकेका कुराहरूले उहाँको अद्वितीय अवस्थाको बारेमा तपाईंको आफ्नै जागरूकतालाई बढाएको छ, र तपाईं यस क्रमको पाठ्यक्रमहरूको अध्ययनमा अगाडि बढ्नुहुँदा उहाँले मानवतालाई दिनुभएको बहुमूल्य उपहारको लागि तपाईं ईश्वरप्रति कृतज्ञतामा बढ्नुहुनेछ । अब्दुल-बहाको तस्विर बारे कक्षा १ मा पहिलो पाठ सुरू गर्दा केटाकेटीहरूलाई उहाँको बारेमा के भन्नुहुन्छ ?

तपाईंको पहिलो एकाईको अध्ययनबाट, तपाईंलाई थाहा छ कि, बच्चाहरूलाई कथाहरूलाई सम्बद्ध गर्दा, तपाईं तिनीहरूलाई घटनाहरू भन्दा बाहिर लैजान चाहानुहुन्छ र उनीहरूलाई आध्यात्मिक वास्तविकताको झलक प्राप्त गर्न मद्दत गर्नुहुनेछ । तपाईंलाई पहिले नै पाठ १ मा 'अब्दुल-बहको' पाहुनाको कथाले तपाईंका विद्यार्थीहरूलाई शुद्धताको गुणस्तरको महत्व र यसको लागि प्रयास गर्नुको अर्थ के हो भनेर बुझ्न कसरी मद्दत गर्नेछ भन्ने बारे सोच्ने अवसर दिइसकेको छ । आउनुहोस् हामी अर्को तीन पाठका कथाहरूलाई समान तरिकाले जाँच गरौं ।

तपाईंले देख्नु भएको छ, पाठ २ मा तपाईंले एउटा कथा वर्णन गर्नुहुनेछ जसले न्यायको लागि अब्दुल-बहाको चासोलाई चित्रण गर्दछ, जुन पाठको विषयवस्तु हो । यसले एउटा घटनाको वर्णन गर्दछ जुन 'अब्दुल-बहा' एक दिन 'अक्काबाट हाइफासम्म यात्रा गर्दा हुन्छ, त्यहाँ केही विवरणहरू छन् यदि बच्चाहरूले कथालाई पछ्याउन हो भने उनीहरूले बुझ्नुपर्नेछ - उदाहरणहरूका लागि, एक नियमित रेलमा एक सीट र एक निजी गाडीमा एक बीचको भिन्नता यसले उनीहरूलाई 'अब्दुल-बहा' खाँचोमा परेकाहरूलाई आध्यात्मिक र भौतिक आहार दिन सक्षम हुनको लागि आफ्नो व्यक्तिगत सान्त्वना त्याग्न इच्छुक हुनुहुन्थ्यो भनेर बुझ्न मद्दत गर्नेछ । अब्दुल-बहाको जीवन शैली आफैंमा अनावश्यक खर्च नगर्ने र आवश्यकतामा परेकाहरूका लागि प्रदान गर्ने न्यायको आध्यात्मिक गुणलाई प्रकट गर्ने 'अब्दुल-बहाको जीवन शैली' तपाईंका विद्यार्थीहरूमा कसरी आउँछ भनेर तपाईं कसरी सुनिश्चित गर्नुहुन्छ ? तपाईंले कथा भन्नु अघि तपाईंको मस्तिष्कमा स्पष्ट हुनु पर्ने केही विवरणहरू के के छन् ?

यस कथा पछिको क्रियाकलाप "चर्को तिर्खा" भन्ने खेल हो । बालबालिकाहरूको पाखुरामा लठ्ठी बाँधिएको हुन्छ जसले गर्दा उनीहरूले आफ्नो कुहिना दबाउन सक्दैनन् । त्यसपछि बालबालिकाहरू एकदम तिर्खाएर हिँडेको जस्तो गर्छन् । तिनीहरूले प्यालामा पानी पाउँछन् तर प्याला टिपेर पानी पिउने उपाय पत्ता लगाउनु पर्छ । उनीहरूले पत्ता लगाउँछन् कि पानी पिउने एउटै उपाय एक अर्कालाई नभिजाइकन मद्दत गर्नु हो ।

### च. रङ्ग भर्ने चित्र १

खेलपछि तपाईंले बालबालिकाहरूलाई एकत्रित गरी रङ्ग भर्नका लागि प्रत्येकलाई चित्र १ को प्रति दिन सक्नु हुन्छ । कक्षा समाप्त हुँदा प्रशंसनीय व्यवहारका लागि पुरस्कार स्वरूप दुई

वा तीन विद्यार्थीलाई एउटा उद्धरण वा उनीहरूले जानेको एउटा प्रार्थना वाचन गर्न लगाउन सकिन्छ वा तपाईंले अन्तिम प्रार्थना गर्न सक्नु हुन्छ ।

### छ. अन्तिम प्रार्थनाहरू

कक्षा बन्द गर्न, दुई वा तीन बच्चाहरूलाई उनीहरूको सम्झनाबाट भन्न सिकेको उद्धरणहरूमा उनीहरूलाई थाहा भएको प्रार्थना पढ्न सोध्न सकिन्छ । त्यसपछि तपाईं अन्तिम प्रार्थना गर्न सक्नुहुन्छ ।

## खण्ड २

### क. प्रार्थनाहरू गर्ने र कण्ठस्थ गर्ने

आजको कक्षा तलको प्रार्थनाबाट शुरू गर्ने सुझाव दिइन्छः

**"हे ईश्वर ! तिम्रो प्रेमको काखमा यो सानो बालकलाई हुर्काऊ र तिम्रो कृपाको स्तनबाट यसलाई दूध देऊ । तिम्रो प्रेमको फूलबारीमा यो कलिलो बिरुवालाई मल- जल देऊ र तिम्रो कृपाको वृष्टिद्वारा यसलाई बढ्न सहयोग गर । यसलाई अधि- राज्यको बालक बनाई देऊ र तिम्रो स्वर्गीय साम्राज्यतिर डोऱ्याऊ । तिमी शक्तिशाली र दयालु छौ र तिमी नै दाता, उदार, अपार कृपाका अधिपति हौ ।"**[१३४]

यो प्रार्थना पाठ गरिसके पछि बालबालिकाहरूलाई पहिले नै कण्ठस्थ गरेको प्रार्थना भन्न लगाइन्छ । त्यसपछि पहिलो कक्षामा कण्ठस्थ गर्न शुरू गरेको प्रार्थनाको अवलोकन गर्न बालबालिकालाई मद्दत गर्न सकिन्छ ।

### ख. गीतहरू (अघिल्ला गीतहरूको समीक्षा समेत)

त्यस पछिको क्रियाकलापमा दुईवटा गीतहरू छन्, पहिले सिकेको पहिले सिकेको एउटा र अर्को एउटा नयाँ ।

**A Noble Way**

D
Justice is a noble way
A D
Justice brings a brighter day
G D
A light to those in need

A D
Shining through good deeds
D A D
Oh, justice is the way
(continued on next page)
D
We know Abduil–Bahá would share
A D
Showing love and showing care
G D
He was content with less
A D
In order to bring happiness
D A D
He was content with less
D
To be just we have to give
A D
Share our love and joy to live
G D
Sharing blessing we receive
A D
A better world we will achieve
D A D
Oh, justice is the way

## ग. उद्धरणहरू कण्ठस्थ गर्ने

गीतहरू गाएपछि बालबालिकाहरूले बहाउल्लाहको लेखनीको एउटा उद्धरणहरू कण्ठस्थ गर्न सक्छन् । तपाईंले यसरी बुझाउन सक्नुहुन्छ :

ईश्वरले न्याय मन पराउँछन् । अरूलाई सदाचार र न्यायकासाथ व्यवहार गयो भने ईश्वर खुशी हुन्छन् । हामीले प्रत्येक मानिसका अधिकारलाई सम्मान गर्नुपर्छ र उनीहरूबाट यी अधिकारहरू छिन्नु हुँदैन । हामीलाई न्यायी बन्न सहयोग पुऱ्याउनका लागि बहाउल्लाहको यो उद्धरणहरू कण्ठस्थ गरौं :

**"न्यायको बाटोमा हिँड, किनकि यो निश्चय नै सिधा बाटो हो ।"**[१३५]

बालबालिकाले माथिको उद्धरणहरू कण्ठ गर्न शुरू गर्नु अघि त्यसलाई आधारभूत रूपमा बुझेको निश्चित गर्नु महत्वपूर्ण हुनेछ । उनीहरूलाई नयाँ लाग्न सक्ने शब्दहरूको व्याख्या गर्न तपाईंलाई सहयोग होस् भनी केही वाक्यहरू तल दिइएका छन् :

***हिंड्नु***

१. जङ्गलका रूखहरूबाट थुप्रै पातहरू झरेर बाटो ढाकेको रहेछ । प्रतिभा जङ्गलको बाटो हिंड्दै छिन् । उनी पातहरूले ढाकेको बाटोबाट हिँड्दैछिन् ।

२. सबनम आफ्ना साथीहरू मिलेर खेलुन भन्ने चाहन्छिन् । सबनम र उनका साथीहरू एकदम मिलेका छन् । सबनम एकताको बाटोमा हिंड्दै छिन् ।

***बाटो***

१. लुइसको एउटा गधा छ । उसले त्यसलाई चराउन लग्यो र चौरमा छाडिदियो । गधाले घर जाने बाटो आफै फेला पार्यो ।

२. स्कूल जाने दुईटा बाटो छन् । लुसीले जहिले पनि आफ्नो हजुर आमाको घर भएर जाने बाटो भएर स्कूल जान मन पराउँछे ।

***न्याय***

१. साथीहरूलाई बाँड्न विक्रमलाई रङ्ग भर्ने पेन्सिलहरू दिइयो । दशवटा रङ्ग भर्ने पेन्सिलहरू थिए र पाँच जना केटाकेटीहरू थिए । विक्रमले न्यायपूर्ण तरिकाले रङ्ग भर्ने पेन्सिलहरू बाँड्यो ।

२. अनिताको इनारमा धेरै पानी छ, तर कहिलेकाहीँ उनको छिमेकीको इनार सुक्छ । अनिताले कहिले पनि आफ्नो छिमेकीलाई दु:ख भएको हेर्न सक्दिनन् र आफ्नो इनारबाट पानी दिन्छिन् । अनितालाई न्याय मन पर्छ ।

## घ. कथा

बालबालिकाहरूले उद्धरणहरूलाई कण्ठस्थ गरून, त्यस पछि तपाईंले त्यसको माने राम्ररी बुझाउनोस् र न्याय भनेको के हो त्यसलाई बुझाउने अब्दुल-बहाको एउटा कथा सुनाउनुहोस् र बालबालिकाले उनको कसरी अनुसरण गर्ने हो भनी देख्न सकून् । सधैं झैं कथाका विभिन्न भागलाई मनमा स्पष्ट रूपमा राखेर हर्ष र इमान्दारीता पूर्वक सुनाइयो भने बालबालिकाले राम्ररी बुझ्न सक्छन् ।

*एक दिन अब्दुल-बहा अक्काबाट हाइफा जान चाहनु हुन्थ्यो । उहाँ एउटा साधारण बग्गीमा सस्तो सिट लिन जानु भयो । चालकलाई आश्चर्य लाग्यो कि अब्दुल-बहा जस्तो व्यक्ति किन यस्तो सस्तो बग्गीमा चढ्दै हुनुहुन्छ । उसले भन्यो, "महामहिमलाई एउटा निजी बग्गी मै यात्रा गर्नु राम्रो होला ।" "हैन" भन्दै स्वामीले त्यहीं खचाखच बग्गीमा पुरा हाइफा सम्म पुग्नु भयो । हाइफामा बग्गीबाट उत्रिने बेला एक चिन्तित मझिनी अब्दुल-बहाकहाँ आएर मद्दत मागिन् । दिनभरि उनले केही पनि माछा समाउन सकेकी रहिनछिन् र घरमा सबै परिवार भोकै रहेछन् । अब्दुल-बहाले तिनलाई थुप्रै पैसा दिनु भएछ र चालकतिर फर्केर भन्नु भयो, "यदि मानिसहरू भोकै छन् भने मैले किन आरामदायी बग्गी चढ्ने ।"*

### ङ. खेल: "बाँड चुँड"

यो कथा पछि "बाँड चुँड" भन्ने खेल खेल्न सकिन्छ । एउटा गाडिको चक्का (अथवा अरू कुनै वस्तु) जमीनमा राखिन्छ । अनि बालबालिकाहरूले यस माथि एकै पटक कति जना उभिन सक्छन् हेर्दछन् ।

### च. रङ्ग भर्ने चित्र २

कक्षा अन्त्य गर्न प्रत्येक बालबालिकालाई चित्र २ मा रङ्ग भर्न दिइन्छ । त्यसपछि तपाईंले अन्तिम प्रार्थना वाचन गर्नु हुन्छ वा केही विद्यार्थीहरूलाई त्यसो गर्न लगाउन सक्नु हुन्छ ।

### छ. अन्तिम प्रार्थनाहरू

जब बच्चाहरूले रंग भरिसकेका छन्, तपाईंले तिनीहरूमध्ये केहीलाई प्रार्थना गर्न वा उनीहरूले यो वा अघिल्लो पाठमा कण्ठ गरेको उद्धरणहरू बोल्न आमन्त्रित गर्न सक्नुहुन्छ । त्यसपछि तपाईं समापन प्रार्थना गर्न सक्नुहुन्छ ।

## खण्ड ३

### क. प्रार्थनाहरू गर्ने र कण्ठस्थ गर्ने

प्रत्येक कक्षा प्रार्थनाबाट शुरू गरेर बालबालिकालाई उनीहरूले कण्ठस्थ गरेका प्रार्थनाहरू पाठ गर्न लगाउनाले उनीहरूले बिस्तारै बुझ्दै जान्छन् कि प्रत्येक प्रयासलाई ईश्वरको सहयोगको याचना गरेर शुरू गर्नु राम्रो कुरा हो । कक्षाको लागि आज तलको प्रार्थना दिइएको छ ।

**"हे मेरा प्रभु ! तिम्रो सौन्दर्य मेरो शरणस्थल हो  तिम्रो सौन्दर्य मेरो शरणस्थल हो, तिम्रो बासस्थान मेरो अन्तिम लक्ष्य हो, तिम्रो प्रशंसा मेरो आशा हो, तिम्रो दिव्य विधान मेरो सहयोगी हो, तिम्रो प्रेम मेरो अस्तित्वको आदितत्व हो, तिम्रो चर्चा मेरो सान्त्वना हो, तिम्रो निकटता मेरो इच्छा हो, तिम्रो उपस्थिति मेरो सर्वप्रिय अभिलाषा र सर्वोच्च आकांक्षा हो । म तिमीसित याचना गर्दछु कि मलाई ती वस्तुहरूबाट वञ्चित नगराऊ जुन वस्तुहरू तिमीले आफ्ना चुनिएका सेवकहरूको लागि निर्धारित गरेका छौ । तसर्थ यस लोक र परलोक दुवैमा कल्याण हुने वस्तुहरू मेरा लागि आपूर्ति गरिदेऊ ।**

**तिमी साँच्चै नै, सबै मानिसहरूका अधिपति हौ । सदा क्षमाशील, सर्व-दयालु तिमीबाहेक अर्को ईश्वर छैन ।**

यो प्रार्थना र केही बालबालिकाहरूले पाठ गरेका प्रार्थनाहरू पछि तपाईंले पछिल्ला दुई पाठहरूमा बालबालिकाहरूले कण्ठस्थ गर्न खोजेका प्रार्थना कण्ठस्थ गर्न मद्दत गर्न सक्नुहुन्छ । यसपाली बालबालिकाहरूले निश्चय नै त्यो प्रार्थना सिक्नुपर्छ ।

**ख. गीतहरू (अघिल्ला गीतहरूको समीक्षा समेत)**

त्यसपछिको क्रियाकलापमा केटाकेटीले पहिलेका पाठहरूमा सिकेका दुई गीतहरू गाएर शुरू गर्न सक्छन् । ती दुई गीतहरू राम्ररी सिकेका छन् भने आजको गीत गाउन शुरू गर्न सक्छन् ।

**Love, Love, Love**

C F
Love, love, love, love
G7 C
Love your fellow man
C Em Am
Love, love, love is
D7 G7
How the world began
C F
God loved creation
D7 G7
So He created thee to
C F
Love, love, love Him

G7 C

Andhumanity.

Love, love, love the Everlasting good

Love, love, love the

Seed of botherhood

Love all creation

For He created thee to Love, love, love Him

Andhumanity.

Love, God's creatures

Be they near or far

See each human

As a shining star

Love all creation

For He created thee to

Love, love, love Him And humanity.

## ग. उद्धरणहरू कण्ठस्थ गर्ने

अर्को उद्धरणहरू कण्ठ गर्न लगाउनु अघि केही बालबालिकाहरूलाई उनीहरूले पहिला नै जानेको दुई उद्धरणहरू वाचन गर्न लगाउनुहोस् । त्यसपछि तलको कुरा व्याख्या गर्नुहोस् :

ईश्वरको प्रेम सूर्यको किरण सरह मानवजाति माथि चम्कन्छ । सूर्यको किरण मरूभूमि र बागबगैंचामा समान रूपले चम्कन्छ । हाम्रो प्रेम पनि सूर्यको किरण सरह हुनुपर्छ हामीले सबैलाई प्रेम गर्नुपर्छ, हामीलाई दुर्व्यवहार गर्नेहरूलाई पनि । संपूर्ण मानवजातिलाई प्रेम गर्न मद्दत होओस् भनी बहाउल्लाहको यो उद्धरणहरू कण्ठस्थ गरौं:

**“हे मित्र ! तिम्रो हृदयको बगैंचामा प्रेमको गुलाब बाहेक अरू केही नरोप... ।”**[१६७]

यस उद्धरणहरूमा “बाहेक“ शब्द प्रयोग भएको छ, जसको माने “केही पनि हैन “हो ।

१. समिर सूर्य र फूलको बारेमा मात्र गीत गाउन मनपराउँछ र अरू केही कुरा बारे पनि ऊ गीत गाउँदैन । समिर सूर्य र फूल बाहेक अरू केही कुराको पनि गीत गाउँदैन ।

२. सुशिल खोलातिर जान चाहन्थ्यो, तर उसले आफ्नो घरको काम गरेको थिएन । उसको बाबुले घरको काम नसकी नजानु भनेका थिए, दुर्भाग्यवस सुशिल रिसायो ।

उसकी हजुर आमाले भनिन्, "बाबु, आफ्नो बुबाको आज्ञा बाहेक तिम्रा योजनाहरू व्यर्थ हुने छन् ।"

## घ. कथा

यसपछि कथा सुनाउने पालो हो । तपाईंले यो कुरा सम्झनु पर्छ कि बालबालिकाहरूले कथालाई ध्यान दिएर सुन्नको लागि तपाईं आफैले कथा राम्ररी पढेर त्यसको मुख्य विषय के हो र बालबालिकाहरूलाई चाख लाग्ने थप विवरण के के हुन छुटयाउनु पर्छ ।

*अब्दुल-बहा अक्कामा एउटा कैदी छँदा, त्यस सहरमा एउटा व्यक्ति थियो जसले अब्दुल-बहालाई ज्यादै दुर्व्यवहार गर्थ्यो । त्यस व्यक्तिलाई विश्वास थियो उसले मुहम्मदको शिक्षाको पालना गर्दैछ । उसको विचारमा अब्दुल-बहा एउटा व्यक्ति हुनुहुन्छ र बहाईहरूलाई जस्तो दुर्व्यवहार गरे पनि हुन्छ । साँच्चै भन्ने हो भने, उसलाई विश्वास थियो कि बहाईहरूलाई घृणा गरेर उसले ईश्वरलाई प्रेम गरिरहेको छ । उसले अब्दुल-बहालाई भित्रै देखि घृणा गर्थ्यो । त्यो घृणा बढ्दै गयो र उसको भित्र घाउ पाके जस्तै भयो र कहिलेकाहीँ फुटेको भाँडोबाट पानी छचल्के जस्तै हुन्थ्यो ।*

*मस्जिद भित्र पनि अरू मानिसहरू प्रार्थना गर्न आउँदा यो मानिसले अब्दुल-बहाको विरोधमा चिच्याउँदथ्यो । बाटोमा अब्दुल-बहालाई देख्यो भने आफ्नो लुगाले मुख छोप्थ्यो । यो मानिस अति गरिब थियो, खानेकुरा पनि थिएन, न्यानो लुगा पनि थिएन । अब्दुल-बहाले के गर्नु भयो होला ? उहाँले त्यसलाई दया गर्नुभयो, उसलाई खाना र लुगा पठाउनु भयो र उसको राम्रो देखभाल भएको छ छैन हेर्नुभयो । एक पटक यो मानिस एकदम बिरामी भएको बेलामा अब्दुल-बहाले डाक्टर पठाउनु भयो, औषधी र खानाको खर्च आफैँ गर्नुभयो र उसलाई केही पैसा पनि दिनु भयो । उसले अब्दुल-बहाले दिएका उपहारहरू स्वीकार गर्‍यो, तर उहाँलाई धन्यवाद दिएन । यो व्यक्तिले यति सम्म पनि गर्‍यो कि एउटा हात डाक्टरलाई नाडी छाम्नको लागि दिन्थ्यो र अर्को हातले अब्दुल-बहालाई हेर्नपर्ला भनेर आफ्नो मुख छोप्थ्यो । यो क्रम बर्षौंसम्म चल्दै गयो । एक दिन त्यस मानिसको मन बदलियो । ऊ अब्दुल-बहाको घरमा आयो र उहाँको खुट्टामा लम्पसार परेर बलिन्धारा आँसु चुहाँउदै भन्न थाल्यो, "हजुर मलाई माफ गरि दिनोस् ! चौबिस बर्ष सम्म मैले हजुरलाई कष्ट दिएँ । चौबिस वर्षसम्म हजुरले मलाई दया मात्र गरिरहनु भएको छ । अब मलाई थाहा भयो कि गल्ति मेरो रहेछ । कृपया मलाई माफ गर्नुहोस् ।" यसरी अब्दुल-बहाको परम प्रेमले घृणालाई बिजय गर्‍यो ।*

## ङ. खेल: "ब्रिज"

यो कथा पछिको क्रियाकलापको रूपमा "ब्रिज" भन्ने खेल खेल्न सकिन्छ । भूईंमा बेन्च, बोर्ड वा इटा प्रयोग गरेर एउटा सिधा रेखा बनाइन्छ । जसलाई पुल भनिन्छ । बालबालिकाहरूका दुई समूहहरूले दुई तिरबाट एकै समय कसैलाई पनि पुलबाट खस्न नदिई पुल तर्न लगाउनु पर्छ । बालबालिकाहरूले ठाउँ साँट्न एक अर्कालाई मद्दत गर्नुपर्छ र एक एक गरी पुल तर्नुपर्छ ।

## च. रङ्ग भर्ने चित्र ३

आजको अन्तिम क्रियाकलाप स्वरूप तपाईंले बालबालिकाहरूलाई चित्र ३ दिन सक्नु हुन्छ। त्यसपछि प्रार्थनाहरू वाचन गरिंदा बालबालिकाहरूलाई शान्त भएर बस्न आग्रह गर्नुहोस्।

## छ. अन्तिम प्रार्थनाहरू

कक्षा समाप्त गर्नका लागि, आफ्ना विद्यार्थीहरूलाई चुपचाप बस्न प्रोत्साहन गर्नुहोस्, जब तिनीहरूमध्ये दुई वा तीनले प्रार्थना वा उनीहरूले कण्ठ गरेको उद्धरण पढ्छन्। त्यसपछि तपाईं वा बच्चाहरू मध्ये एकले समापन प्रार्थना गर्न सक्नुहुन्छ।

# खण्ड ४

## क. प्रार्थनाहरू गर्ने र कण्ठस्थ गर्ने

तपाईंले तलको प्रार्थना बाट कक्षा शुरू गर्न सक्नुहुन्छ :

**"ममा एउटा पवित्र हृदय उत्पन्न गरिदेऊ, हे मेरा ईश्वर, र एक शान्त अन्तःकरणलाई पुर्नस्थापित गरिदेऊ, हे मेरा अभिलाषा ! शक्तिको आत्माद्वारा मलाई आफ्नो सेवामा ग्रहण गर, हे मेरा परमप्रिय र आफ्नो महिमाको प्रकाशद्वारा मलाई तिम्रो मार्ग देखाऊ, हे तिमी जो मेरा अन्तरेच्छाको परम ध्येय हौ ! आफ्नो अत्युच्च शक्तिद्वारा मलाई आफ्नो पवित्रताको गगनतर्फ उठाऊ, हे मेरा सृष्टिका स्रोत, र आफ्ना अनन्तभावका वायु लहरद्वारा मलाई आनन्दित गरिदेऊ, हे तिमी जो मेरा ईश्वर हौ ! आफ्नो सदास्थायी मधुर रागिनीहरूद्वारा ममा शान्ति तथा स्थिरता फुकिदेऊ, हे मेरा सखा, र आफ्नो पुरातन मुखारविन्दका गुणहरूद्वारा मलाई तिम्रो अतिरिक्त अन्य सबैदेखि मुक्त गरिदेऊ, हे नाथ, र तिम्रो अक्षय सत्व प्रकाशको शुभ समाचारद्वारा मलाई आनन्द मग्न राख, हे तिमी सर्वश्रेष्ठ, सबै प्रकट अस्तित्वभन्दा बढी प्रकट भएर पनि सर्व-गुह्य छौ !"**[१३८]

केही जना बालबालिकाले प्रार्थना गरेपछि उनीहरूले गएका तीनवटा कक्षाहरूमा कण्ठस्थ गरेका प्रार्थनालाई दोहोऱ्याउनुहोस्। आजको पाठमा उनीहरूले एउटा नयाँ प्रार्थना सिक्न लागेकोले पहिलो राम्ररी सिकेको हुनुपर्छ।

यो नयाँ प्रार्थना सिकाउँदा प्रत्येक शब्दको अर्थ राम्ररी बुझाउनु पर्छ। गाह्रो शब्द भएको ठाउँमा शब्दको माने बुझाउन ठोस उदाहरणहरू दिनुपर्छ। बालबालिकाहरूले सातवटा कक्षा सकिदा सम्म प्रार्थना कण्ठस्थ गरिसकेको हुनुपर्छ, त्यसैले तपाईंले प्रार्थनालाई पाँच भागमा टुक्रायाउन सक्नु हुन्छ र अन्तिम दुईवटा कक्षामा पूरा प्रार्थनालाई दोहोऱ्याउन सकिन्छ।

**"हे तिमी दयालु ईश्वर ! म एउटा सानो बालक हुँ, तिम्रो अधिराज्यमा प्रवेश गराएर मलाई उन्नत गरिदेऊ । म प्रार्थिव छु, मलाई दिव्य बनाइदेऊ, म तल्लो संसारको छु, मलाई उच्च भूमिको बनाइदेऊ, अन्धकारमय छु, उज्ज्वल बन्न सहायता गर, भौतिक छु, मलाई आध्यात्मिक बनाइदेऊ र तिम्रा असीमित कृपाहरू प्रकट गर्न सकूँ । तिमी नै शक्तिशाली, सर्व प्रेमी हौ ।"[१३९]**

## ख. गीतहरू (अघिल्ला गीतहरूको समीक्षा समेत)

अर्को क्रियाकलाप गर्नका लागि बालबालिकाहरूले तलको गीत गाउँन सक्छन् र उनीहरूले अघिल्ला पाठहरूमा सिकेका गीतहरूको समीक्षा गर्न सक्छन् ।

**Truthful Words**

C D
A mirror that's covered up in dust
A D
Cannot reflect the sun's bright light
G D
A bird with wings all full of mud
A7 D
Is unable to take flight

CHORUSM
G D
When all of our words are truthful
A D D7
Our souls are able to progress
G D
The foundation of all human virtues
A D
We know is truthfulness

CHORUS
A ship cannot catch the wind
If it is using a torn sail
Eyes can't see the path ahead
If they are covered up in veils

CHORUS (with last line repeated)

## ग. उद्धरणहरू कण्ठस्थ गर्ने

नयाँ उद्धरणहरूलाई निम्न तरिकाले कण्ठस्थ गर्न बालबालिकाहरूलाई व्याख्या गर्न तपाईंलाई सुझाब दिइन्छ :

सत्यवादीता एक अत्यन्तै आवश्यक आध्यात्मिक सद्‌गुण हो । हामीले कहिल्यै पनि सानोभन्दा सानो झूठ समेत बोल्नु हुँदैन् । मानिसहरू किन झूठ बोल्छन् ? कहिलेकाहीँ उनीहरू सत्य बोल्न डराउने भएकोले यस्तो हुन्छ । तैपनि हामी सबैलाई थाहा छ कि ईश्वर हाम्रा सम्पूर्ण क्रियाकलापहरूबारे जानकार हुनुहुन्छ र उहाँबाट हामीले केही पनि लुकाउन सक्दैनौं । हामी सत्यवादी छैनौं भने अन्य सद्‌गुण विकसित गर्न हामीलाई अत्यन्तै कठीन हुनेछ, र हामीले ईश्वरको सामिप्य प्राप्त गर्ने छैनौं । अब्दुल-बहाको निम्न उद्धरणहरू कण्ठस्थ गरौं :

**“सत्यता नै सबै मानवीय गुणहरूको आधार हो ।”** [१४०]

माथिको उद्धरणहरूमा बालबालिकाहरूलाई कठीन लाग्न सक्ने शब्दहरूको अर्थ व्याख्या गर्न तपाईंलाई सघाउँने केही वाक्यहरू तल छन् ।

***सत्यता***

१. संजयले गिलास खसाल्यो र फुटायो । आमाले के भयो भनेर सोध्दा उसले सत्य बोल्यो, झूट कुरा गरेन संजयले सत्यताको सद्‌गुण देखायो ।

२. गीतासँग खेल्ने इच्छा भएकोले एउटा साथी गीताको घरमा गयो । स्कूलको काम गर्नुपर्ने भएकोले गीता खेल्न आउन सकिनन् । उसको भाइले दिदी घरमा छैनन् भन्छु भन्दा गीताले भाइलाई झुटो बोल्न दिइनन् । गीता आफैं बाहिर गएर म खेल्न आउन सक्दिन भनिन् । गीताले सत्यताको सद्‌गुण प्रदर्शित गरिन् ।

***आधार***

१. आलोकको पिताले घर बनाइरहेका थिए । गारो बनाउनु अघि उनले तल ढुङ्गा र सिमेन्ट खनाए । यी ढुङ्गा र सिमेन्ट नै त्यो घरको आधार हो ।

२. पढ्न र लेख्न सिक्नु अघि अक्षरहरूको आवाज सिक्नु पर्छ । यसरी अक्षरहरूको आवाज सिक्नु नै लेखपढ गर्न सिक्नुको आधार हो ।

*सदगुण*

१. अरूण मित्रतापूर्ण, दयालु र खुशी छ । अरूण कैयौं सद्‌गुणले भरिपूर्ण छ ।

२. श्रीमती शारदाले बालबालिकाहरूलाई न्याय, उदारता, नम्रता र इमान्दारीता जस्ता सद्‌गुण सिकाउनु हुन्छ ।

## घ. कथा

आउँदो क्रियाकलाप स्वरूप सत्यताको सद्‌गुणबारे सोच्न उनीहरूलाई सघाउने निम्न कथा बताउन सक्नु हुन्छ :

*एकादेशमा एउटा जवान गोठालो बस्दथ्यो । उसको बुबाले खेतमा काम गर्दथे र उसकी आमा घरको काम गर्थिन् । त्यो गोठालाले भेडा चराउँथ्यो । एक दिन उसलाई उराठ लाग्यो र आफ्ना छिमेकीहरूलाई जिस्काउने विचार गऱ्यो । उसले एकाएक कराउन थाल्यो, "ब्वाँसो ! ब्वाँसो ! ब्वाँसो ! ब्वाँसोले भेडा खान थाल्यो !" उसका सबै साथीहरू ब्वाँसो धपाएर उसलाई मद्दत गर्न भनी दौडेर आए । त्यो गोठालो भने तिनीहरूलाई देखेर खुब हाँस्न लाग्यो । त्यहाँ ब्वाँसो आएकै थिएन । त्यो केटाको यस्तो व्यवहार देखेर दिक्क मान्दै उसका साथीहरू फर्के ।*

*भोलिपल्ट फेरि केटाले उस्तै गयो । "ब्वाँसो ! ब्वाँसो ! गुहार ! गुहार !" भनी ठूलो स्वरले करायो । उसका केही छिमेकीहरू फेरि पनि मद्दत गर्न भनी आए तर उनीहरूलाई देखेर केटो फेरि पनि हाँस्न लाग्यो, किनकि यस पाली पनि उसले झुटो बोलेको थियो । तेस्रो दिन पनि "ब्वाँसो ! ब्वाँसो ! व्वाँसोले भेंडा खायो ! गुहार ! गुहार !" भनेको सुनियो तर फेरि पनि झुटो बोलेको होला भनेर कसैले पनि उसलाई वास्ता गरेनन् । तर त्यस दिन ब्वाँसो आएर भैंडाहरू खाइदियो । केटो एकदम दुखी भयो तर उसले एउटा राम्रो पाठ भने सिक्यो । यदि हामीले झुटो बोल्यौ भने हाम्रा बाबु आमा, दाजु भाइ, दिदीबहिनी, हाम्रा साथीहरू कसैले पनि हामीलाई पत्याउँदैनन् ।*

## ङ. खेलः "टच टेलिफोन"

माथिको कथा भनिसकेपछि यस दिनको अर्को क्रियाकलाप स्वरूप बालबालिकाहरूलाई 'हात्ती छुने' खेल खेलाउन सक्नु हुन्छ । बालबालिकाहरूलाई पंक्तीमा उभिन लगाउनुहोस् । उनीहरू सबैले एउटै दिशातिर फर्केर हेर्नुपर्छ, र अन्तिम बालक वा बालिकाले उपलब्ध भए कालो पाटीमा नत्र भित्तोमा वा रूखमा एउटा कागजको टुक्रा झुन्डिएको हेर्नु पर्छ । आवश्यक भए एक भन्दा बढी पंक्ती बनाउन सकिन्छ । औला प्रयोग गरी पहिलो बालक वा बालिकाको पिठ्यूमा कुनै वस्तुको चित्र कोर्नुहोस् । उसले दोस्रो बालक वा बालिकाको पिठ्यूमा कोर्छ, दोस्रोले तेस्रो बालक वा बालिकाको पिठ्यूमा उक्त चित्र कोर्छ र अरू बालक वा बालिकाले यस्तै गर्दै जान्छन् । र, अन्तिम

बालक वा बालिकाले कागजको टुक्रा वा कालोपाटीमा उक्त चित्र कोर्छ । र, तपाईंले पहिलो बालक वा बालिकाले पिठ्यूमा के कोर्नु भएको थियो त्यो अन्तिम बालक वा बालिकाले कोरेको चित्रको छेउमा कोर्नु हुन्छ । चित्रहरू सरल हुनुपर्छ ताकि सबै बालबालिकाले ती कोर्न सकून् ।

### च. रङ्ग भर्ने चित्र ४

बालबालिकाहरूले चित्र ४ मा रङ्ग भरिसकेपछि प्रार्थना गर्दै कक्षा समाप्त गर्न सक्नु हुन्छ ।

### छ. अन्तिम प्रार्थनाहरू

सँधै जस्तै, उद्धरणहरू र प्रार्थनाहरू पढ्दा बच्चाहरूलाई चुपचाप बस्न आग्रह गरेर कक्षा बन्द गर्नुहोस् ।

## खण्ड ५

### क. प्रार्थनाहरू वाचन गर्ने र कण्ठस्थ गर्ने

यो समयमा तपाईंहरूले चार वटा प्रार्थनाहरू कण्ठस्थ गरिसक्नु भएको छ, प्रत्येक कक्षा शुरू गर्दा एउटा प्रार्थना प्रयोग गर्न सकिन्छ । प्रत्येक पाठ शुरू गर्न तपाईंले यी मध्ये एउटा प्रार्थना प्रयोग गर्न सक्नु हुन्छ । बालबालिकाले पनि कमसेकम एउटा प्रार्थना कण्ठस्थ गरेको हुनुपर्छ र तपाईंले शुरूको प्रार्थना गरे पछि केही बालबालिकाहरूले पनि पाठ गर्नुपर्छ । प्रत्येक तीन वा चार कक्षामा प्रत्येक बालकले एक पटक प्रार्थना गर्ने मौका पाउनु पर्छ ।

पाठ ४ मा सिकाएको प्रार्थनालाई कण्ठस्थ गर्ने काम प्रत्येक कक्षामा गर्दै जानुपर्छ । यो क्रियाकलाप पाठ ८ सम्म जारी राख्नु पर्छ । त्यहाँ पुग्दा सबै बालबालिकाहरूले दोस्रो प्रार्थना पनि कण्ठस्थ गरेको हुनुपर्छ । आजका अरू क्रियाकलापहरू निम्न अनुसार हुनेछन् ।

**हे भागवान ! मलाई बाटो देखाउ, मलाई राक्षा गर मलाई एउटा उज्यालो बत्ती र एउटा प्रकाशवान तारा बनाइदेऊ । तिमी शक्तिशाली तथा बलवान छौ ।"**[१४१]

### ख. गीतहरू

तलको गीत बालबालिकाहरूलाई सिकाउनुका अलावा उनीहरूले अघिल्लो पाठहरूमा सिकेको गीतहरू उनीहरूसँगै तपाईंले गाउँन सक्नु हुन्छ ।

**Fountain of Generosity**

```
            C
Be a fountain, be a spring
                             G
Be an ever–flowing thing
   F                       C
It is true that if you do
       Dm7        G7          C
Happiness will come to you
                    F              C
Search your heart every day
                 D7                          G7
Is there something you can give away
```

Happiness should be your goal
Give your heart, and give your soul
It is true that if you do
God will always be with you
Search your heart every day
Is there something you can give away?

Happiness should be your goal
Give your heart, and give your soul
It is true that if you do
God will always be with you.

## ग. उद्धरणहरू कण्ठस्थ गर्ने

आज बालबालिकाहरूले कण्ठस्थ गर्नुपर्ने उद्धरणहरूको परिचय दिन तलका विचारहरूले तपाईंलाई सहयोग पुऱ्याउने छन् ।

ईश्वर आफ्नो सृष्टिप्रति दानी हुनुहुन्छ । उहाँले हामी सबैको हेरचाह गर्नुहुन्छ । उहाँले सबैलाई दैवी खुराक दिनुहुन्छ । उहाँले हामीलाई उपहारहरू दिनुहुन्छ, जस्तै श्रवण शक्ति, दृष्टि र बुद्धि । जसरी ईश्वर हामी प्रति दानी हुनुहुन्छ त्यस्तै उहाँ इच्छा गर्नुहुन्छ कि हामी पनि एक अर्का प्रति त्यस्तै होऔं । हामीसँग जे छ त्यसबाट हाम्रो मद्दत खोज्नेहरूलाई दिनुपर्छ । दानी हुनुपर्छ भन्ने कुरा सम्झनाका लागि तलको उद्धरणहरू कण्ठस्थ गरौं ।

**"दान गर्नु र दानशील हुनु नै मेरा गुणहरू हुन्; जसले आफुलाई मेरा गुणहरूले सुशोभित गर्छ उसको भलो हुन्छ।"**[१४२]

*दानी*

१. राम र राजिवले केही पैसा बचाएका थिए। उनीहरूले आफ्ना भाइ बहिनीहरूका लागि किताब किन्ने निर्णय गरे। राम र राजिव दानी छन्।

२. श्रीमती मर्फीले बिहानभरि केक बनाइन्। बजारमा बेच्न लाग्नु अघि उनले दुईवटा ठूला केक आफ्नो छिमेकीलाई दिइन्। श्रीमती मर्फी दानी छिन्।

*गुण*

१. जोएलले आफ्नो शिक्षकलाई एउटा सुन्दर गुलाब दियो। सुन्दरता गुलाबको एउटा गुण हो।

२. ढुङ्गा कडा हुन्छ। कडापन ढुङ्गाको गुण हो।

३. "मेहनतका साथ काम गर्ने इच्छा गर्नु तिम्रो एउटा गुण हो," शिक्षकले भगवतीलाई भन्नु भयो।

*सुशोभित*

१. सामूदायिक केन्द्रमा आज राती एउटा प्रार्थना सभा छ। बैठक कोठामा राख्न बालबालिकाले फूल टिपेका छन्। बालबालिकाले बैठक कोठालाई फूलहरूले सुशोभित गरेका छन्।

२. लिसको मुखमा सुन्दर मुस्कान छ। मुस्कानले तिनको अनुहारलाई धेरै जसो समय सुशोभित भएको देखिन्छ।

३. बसन्त ऋतुमा ऐसेलुहरू सुन्दर फूलहरूले सुशोभित हुन्छन्।

## घ. कथा

अब तपाईंले बालबालिकाहरूलाई तलका कथा भन्न सक्नु हुन्छ जसले उनीहरूलाई दानशीलताको अवधारणा चित्रण गरिदिने छ।

*एक दिन बहाउल्लाहले अब्दुल-बहालाई आफ्ना भेंडाहरू हेर्ने गोठालाहरूको काम निरीक्षण गर्न पठाउनु भयो। त्यसबेला अब्दुल-बहा एउटा सानो बालक हुनुहुन्थ्यो र बहाउल्लाह र उहाँको परिवारलाई यातना दिने काम शुरू भएको थिएन। पहाडी भेकमा बहाउल्लाहको*

*थुप्रै जग्गा थियो र उहाँसँग ठूला ठूला बथान भेंडाहरू थिए । जब निरीक्षणको काम सकिए पछि अब्दुल-बहा फर्कन तयार हुनुभयो तब उहाँसँग आउने मानिसले भन्यो, "तपाईंको पिताको प्रत्येक गोठालालाई एउटा उपहार दिने चलन छ ।" अब्दुल-बहा एकछिन चुप रहनु भयो किनकि तिनीहरूलाई दिनको लागि उहाँसँग केही पनि थिएन । तर त्यो मानिसले जिद्दि गर्दै भन्यो कि "गोठालाहरूले उपहार पाइन्छ भनेर आशा गरिरहेका छन् ।" त्यसबेला अब्दुल-बहालाई एउटा यस्तो विचार आयो जसले उहाँलाई एकदम खुशी पायो । गोठालाहरूलाई उनीहरूले स्याहार गर्ने गरेका भेंडाहरू दिने विचार गर्नुभयो । अब्दुल-बहाको आफ्नो गोठाला प्रतिको उदार विचार सुनेर बहाउल्लाह ज्यादै खुशी हुन भयो । उहाँले हँसिलो मुद्रामा भन्नु भयो, "सबैले अब्दुल-बहाको राम्ररी देखभाल गर्नुपर्छ नत्र उनले एक दिन आफैलाई नै दिएर पठाउने छन् ।" साँच्चै नै अब्दुल-बहाले जीवनभर यसै नै गरिरहनु भयो । उहाँले हामीलाई एक बनाउन र सच्चा सुख दिन आफ्नो जीवनको प्रत्येक पल आफूसँग भएको सबैथोक मानवतालाई दिनुभयो ।*

### ङ. खेल "जुम्ल्याह"

दुई, तीन वा चार जना बालबालिकाहरू पिठ्यूँमा पिठ्यूँ मिलाएर टुक्रुक्क बस्छन् । त्यस पछि आफ्ना कुहिना कुहिना बाँधेर उठ्ने कोसिस गर्छन् ।

### च. रङ्ग भर्ने चित्र ५

अर्को क्रियाकलाप स्वरूप तपाईंले बालबालिकाहरूलाई चित्र ५ मा रङ्ग भर्न दिन सिक्नु हुन्छ ।

### छ. अन्तिम प्रार्थना

सँधै झै केही बालबालिकाहरूबाट प्रार्थनाहरू वाचन गरी कक्षा टुङ्गिन्छ ।

## खण्ड ६

### क. प्रार्थनाहरू पढ्ने र कण्ठस्थ गर्ने

अगाडिका पाठहरूमा जस्तै आफूलाई कण्ठ आउने एउटा प्रार्थनाबाट कक्षा शुरू गर्नोस् र त्यस पछि अरू केही बालबालिकाहरूलाई प्रार्थना भन्न लगाउनोस् । प्रार्थना गरेपछि पाठ ४ मा सिकाएको प्रार्थना बालबालिकाले कण्ठस्थ गर्न तिर लाग्छन् ।

आजको पाठका लागि बालबालिकाहरूले तलका गीत सिक्न सक्छन् र अघिल्ला केही गीतहरू गाउन सक्छन् ।

**Prefer Your Brother**

C G Am7 C
I am thirsty, I am thirsty
Dm G C Am7
But my brother, he comes first
F Em Dm C
So I offer him the water
Dm G C
That will quench his thirst

CHORUSM
F G C Am
It is a blessing to prefer your brother
F G C Am
This is the way to show you care
F G C Am
It is a blessing to prefer your sister
F C G C
You are richer, the more you share

I am hungry, I am hungry
And my sister, she is too
So I give her some of my food
That's what's best to do
CHORUS

## ग. उद्धरणहरू कण्ठस्थ गर्ने

आज बालबालिकाहरूले बहाउल्लाहका लेखनीहरूबाट उद्धरणहरू पढ्नेछन् जसलाई तलको ढङ्गमा प्रस्तुत गर्न सक्नु हुन्छः

ईश्वरले हामी प्रत्येकलाई प्रेम गर्नु हुन्छ र उहाँले मानव हृदय उहाँलाई चिन्न र उहाँलाई प्रेम गर्न सृजना गर्नु भएको छ । पवित्र हृदयले हामी उहाँको सृष्टिमा सबैभन्दा बढी त हाम्रै सह- मानवका अनुहारहरूमा ईश्वरका चिन्ह प्रतिबिम्बित भएको देख्न सक्छौं । ईश्वरप्रतिको प्रेममा हामी आफ्नो वरिपरि हामीले देख्ने सबै मानिसहरूमा हर्ष र खुशी ल्याउन चाहन्छौं । उनीहरू प्रतिको हाम्रो प्रेम यति विशाल छ कि हामीले आफ्नै लागि चाहने जीवनका असल कुराहरूको रस्वादन गरेको देख्नले हामीलाई सबै भन्दा बढी प्रफुल्लित पार्छ । त्यसरी हामी आफैबारे सोच्नुभन्दा पहिले आफ्ना सह- मानवहरूको सोच्दछौं । बहाउल्लाहको निम्न उद्धरणहरू कण्ठस्थ गरौं :

**"उ धन्य छ जसले आफूलाई भन्दा बढी आफ्ना भाइलाई प्राथमिकता दिन्छ ।"**[१४३]

*धन्य*

१. एउटा इनार र एउटा बाल्टिन छ, तर इनारबाट पानी झिक्ने उपाय छैन । अमिलियाले आफ्नो बुद्धि लगाएर एउटा डोरी फेला पार्छिन् र त्यो डोरी बाल्टिनमा बाँधेर इनार भित्र खसाल्छिन् र पानी झिक्छिन् । अमिलियाको बुद्धि ईश्वरबाट प्राप्त भएको हो । अमिलिया धन्य छिन्, उनले ईश्वरबाट त्यस्तो बुद्धि पाएकी छिन् ।

२. अमिताको परिवारले प्रत्येक दिन आफ्नै बैठक कोठामा प्रार्थना गर्छन् । धन्य छ अमिताको परिवारको घर ।

*प्राथमिकता*

१. जोनलाई चकलेट र भनिला आइसक्रिम मनपर्छ तर यी दुई मध्ये एउटा छान्नुपर्‍यो भने उसले भनिला छान्छ । उसले भनिलालाई प्राथमिकता दिन्छ ।

२. मनिला बाहिर गएर खेल्न सक्छे वा आफ्नो बाबुलाई बारीमा मद्दत गर्न सक्छे । उसले आफ्नो बाबुलाई बारीमा मद्दत गर्ने निर्णय गर्छे । मनिलाले आफ्नो बाबुलाई मद्दत गर्न प्राथमिकता दिन्छिन् ।

## घ. कथा

आफ्ना शब्दहरू र कर्महरू दुबै मार्फत अब्दुल-बहाले कसरी निस्वार्थताका मार्गहरू देखाउनु हुन्छ कुरा तलका कथाले चित्रण गर्दछ :

*अब्दुल-बहा आफ्नो लागि कम खर्चिलो लुगा चाहनु हुन्थ्यो । आफूसँग बढी लुगा भयो भने अरूहरूलाई दिनु हुन्थ्यो । एक दिन उहाँले अक्काका राज्यपाललाई अतिथि सत्कार गर्दै*

*हुनुहुन्थ्यो । उहाँकी धर्म पत्निलाई यस्तो लाग्यो उहाँको कोट त्यो अवसरको लागि उपयुक्त थिएन । त्यसैले उहाँले सुचिकार कहाँ गएर एउटा नयाँ कोट बनाउन लगाउनुभयो । उहाँले विचार गर्नु भयो पक्का पनि अब्दुल-बहाले पुरानो कोटको ठाउँमा नयाँ कोट राखेको थाहा पाउनु हुन्न, आखिर उहाँ सधैं सफा सुग्घर हुन चाहनु हुन्थ्यो । जब राज्यपाल आउने दिन आयो, तब अब्दुल-बहाको लागि नयाँ कोट तयार पारेर राखियो, तर अब्दुल-बहा भने आफ्नो पुरानो कोट खोज्न थाल्नु भयो । उहाँले आफ्नो पुरानो कोट माग्नु भयो र भन्नु भयो यो नयाँ कोट अवश्य पनि मेरो हैन । उहाँकी धर्म पत्निले बुझाउन कोसिस गर्नुभयो कि यो एउटा महत्वपूर्ण अवसर भएकोले नयाँ कोट सिलाएको हो । तर अब्दुल-बहाले स्वीकार्न मान्नु भएन । उहाँले भन्नु भयो, "यो कोटको पैसाले त आफूले लगाउने जस्तो साधारण पाँचवटा कोट किन्न पुग्छ ।" उहाँले भन्नु भयो, "मेरो लागि यति खर्चिलो कोट किन्नु आवश्यक छैन ।" उहाँलाई कोट चाहिएकै हो भने त्यो नयाँ कोट सुचिकारकहाँ पठाएर त्यही पैसाले पाँचवटा साधारण कोट किन्न सकिन्छ । "त्यसो भयो भने म सँग एउटा नयाँ कोट पनि हुनेछ र अरूलाई दिन चारवटा अरू नयाँ कोटहरू हुनेछन् !"*

### ङ. खेल. "चिप्ले किरा"

सबै बालबालिकाहरू हात समातेर पंक्तिमा उभिन्छन् । पंक्तिको एकातिरका बालबालिका आफ्नो आफ्नो ठाउँमा उभिरहन्छन् तर अर्कोपट्टि तिनीहरू यताउती हिँड्न थाल्छन् । अलि अलि गरी तिनीहरूले चिप्लेकिराको घुमाउरो आकार लिन्छन् ।

***फरक तरिका :***

क. पंक्तिको एक छेउको बालबालिकाले गोलाकार बनाउन थाल्छन् र अरूहरूलाई पनि घुमाउ छन् । एक अर्कोको खुट्टामा टेक्लान कि भनी अलि होशियार हुनुपर्छ ।

ख. एक पटक चिप्ले किराको आकार बनेपछि बीचका बालबालिका टुक्रक्क बसेर बीचका अरूहरूका खुट्टामुनि जान सक्छन् तर कुनै पनि बालबालिकाले हात छोड्नु हुँदैन ।

### च. रङ्ग भर्ने चित्र ६

### छ. अन्तिम प्रार्थना

## खण्ड ७

### क. प्रार्थनाहरू वाचन गर्ने र कण्ठस्थ गर्ने

तपाईं र केही बालबालिकाले शुरूका प्रार्थनाहरू वाचन गरेपछि पाठ ४ मा उल्लेख गरिएको प्रार्थनाका केही अरू उद्धरणहरू उनीहरूले कण्ठस्थ गर्न सक्छन् । पाठ ९ मा समीक्षा गर्न सिक्नका लागि उनीहरूले उक्त प्रार्थनालाई आउँदो पाठमा पूर्ण रूपमा भन्न सक्नु पर्ने कुरालाई याद राख्नुहोस् ।

**ख. गीतहरू (अघिल्ला गीतहरूको समीक्षा समेत)**

**Joy gives Us Wings**

D A7 D G D
Joy gives us wings to fly, joy gives us wings
D A7 D G D
Joy gives us wings to fly, joy gives us wings

A D
In times of joy, our strength grows in might
A D
In times of joy, our intellect takes flight
A D
In times of joy, our understanding is bright
D A7 D G D
Joy gives us wings to fly, joy gives us wings.

Dm A7 Dm A7 Dm
But when sadness visits us, when sadness visits us
A Dm A Dm
We become weak, our strength goes away
A Dm A Din
Our sights are dim, our thoughts become gray
A7
How–ev–er

Joy gives us wings to fly, joy gives us wings
Joy gives us wings to fly, joy gives us wings

In times of joy, our strength grows in might

In times of joy, our intellect takes flight
In times of joy, our understanding is bright
Joy gives us wings to fly, joy gives us wings

## ग. उद्धरणहरू कण्ठस्थ गर्ने

बालबालिकाहरूले यस पाठमा कण्ठस्थ गर्ने उद्धरणहरूलाई प्रस्तुत गर्न निम्न कुराले तपाईंलाई सघाउने छ :

अब्दुल-बहा हामीलाई बताउनु हुन्छ कि खुशीले आध्यात्मिक प्रगतिलाई तीव्र गराउँछ र हर्षले हामीलाई पखेटा लगाइदिन्छ, हर्षित भएको बेला हामी अघिपछि भन्दा सशक्त हुन्छौं र खुसी भएको बेला हाम्रो बुझ्ने क्षमतामा पनि वृद्धि हुन्छ । हर्ष मावन हृदयको गुण हो । हर्षले भरिएको हृदयले उच्च अधिराज्यबाट आर्शिवादहरू आकर्षित गर्दछ । हामी सबै परिस्थितिहरूमा खुशी र हर्षित हुनु पर्छ । बहाई बालबालिकाहरूले हर्षको प्रकाश सर्वत्र फैलाउँदै उज्यालो बत्ती सरह चहकिनु पर्छ भन्ने चाहना अब्दुल-बहाको थियो । हामी सदैव हर्षित रहनु पर्छ भन्ने कुरा सम्झनाका लागि तलको उद्धरणहरू कण्ठस्थ गरौं :

**"हे मानवका पुत्र ! आफ्नो हृदयको प्रफुल्लतामा खुशी होऊ, ताकि तिमी मलाई भेट्न र मेरो सुन्दरता प्रतिबिम्बित गर्न योग्य बन्न सक्नेछौ ।"[१६]**

***खुशी***

१. रोनाल्ड आफ्ना हजुरबा र हजुर आमाबाट टाढा बस्थे । स्कूल बिदामा उनीहरू कहाँ जाने कुरा थाहा पाउँदा उनी धेरै खुशी भए । उनको हृदय खुशी भयो ।

२. माउज्यानले स्कूलमा कडा परिश्रमका साथ पढेकी थिइन् । अन्तिम परीक्षाको परिणाम देख्दा उनको हृदय खुशीले गदगद भयो ।

***योग्य***

१. सपनाले पढ्नमा धेरै मेहनत गरिन् र उत्तम स्थान प्राप्त गरिन् । कडा परिश्रमको लागि शिक्षकले उनको प्रशंसा गरे । सपना शिक्षकको प्रशंसाको लागि योग्य थिइन् ।

२. राजुले आफ्ना भाइ बहिनीहरूको सधैं राम्रो हेरचाह गर्दछन् । बच्चाहरूलाई उनको भरोसामा छोड्न सकिन्छ भन्ने कुरामा उनका बाबुआमा ढुक्क छन् । राजु आफ्ना बाबु- आमाको भरोसाको योग्य छन् ।

***मिरर अगाडि***

१. अमरीले पालिस गरेको ढुङ्गालाई उसले फेला पारेपछि त्यो यति चम्किलो भयो कि यसले उज्यालो झल्काउन थाल्यो ।

२. शुद्ध हृदयहरू जसले ईश्वरका गुणहरू प्रकट गर्दछ ।

***सौन्दर्य***

१. इलानाकी आमालाई आकाशमा उडिरहेका चराहरू, फूलहरू फुलेका, र समुद्रका छालहरू किनारमा घुमिरहेको देखेर आनन्द लाग्छ । उनी प्रकृतिमा सुन्दरता देख्छिन् ।

२. गीतको सुन्दरताले हाम्रो हृदयलाई यति धेरै छुन्छ कि यसले हाम्रो आँखामा आँसु ल्याउँछ ।

३. मुनिरले प्रार्थना गर्दा, उहाँले भगवानको सौन्दर्य, उहाँको प्रेम, उहाँको उदारता र उहाँको बुद्धिको सम्झना गर्नुहुन्छ ।

## घ. कथा

अब्दुल-बहाले आफ्नो वरिपरीका मानिसहरूका हृदयमा कसरी हर्ष ल्याउनु हुन्थ्यो भन्ने कुरा तलको कथाले बालबालिकाहरूका लागि चित्रण गर्नेछ । कथा सुनाउदा कसैको कर्म अरूहरूका लागि हर्षको स्रोत बन्न सक्छ भन्ने कुरा देख्न बालबालिकालाई तपाईंले सघाउनु पर्छ ।

*सन् १९५१ मा धर्म संरक्षकज्यूबाट धर्मपूजाको रूपमा नियुक्त गरिएका लेरोय आयस एउटा विशिष्ट बहाई थिए । अब्दुल-बहाले १९१२ मा सिकागो सहर भ्रमणगर्दा उनी एउटा भर्खरको युवा थिए । अब्दुल-बहालाई भेट्ने सौभाग्य पाएकोमा यी आध्यात्मिक बालक कत्ति उत्तेजित भए होला के तिमीहरू कल्पना गर्न सक्छौ ? एकदिन जब उनी र उनका बाबु अब्दुल-बहा बसेको होटलतिर जाँदै थिए, लेरोयले एउटा कुरा विचार गरे । उनले अब्दुल-बहालाई केही फूलहरू लैजाने विचार गरे । उनले आफूसँग भएको पैसाले धेरै सुन्दर सेतो फूलको गुच्छा किने । तर होटलमा पुगिसक्दा उनले आफ्नो योजना परिवर्तन गरिसकेका थिए । उनले अब्दुल-बहालाई कुनै भौतिक वस्तु नदिने सुन्दर फूलको गुच्छा समेत नदिने निर्णय गरेका थिए । उनले अब्दुल-बहालाई आफ्नो हृदय दिने भए । उनले अब्दुल-बहालाई दिन सक्ने त्यो नै धेरै ठूलो उपहार थियो । त्यसैले उनको बाबुले यो कसले किनेको हो भनेर उल्लेख नगरी यो फूलको गुच्छा अब्दुल-बहालाई दिए ।*

*अब्दुल-बहाले होटलमा उहाँलाई भेट्न आएका मानिसहरूलाई सम्बोधन गर्नुभयो । उहाँको प्रवचनभरि लेरोय उहाँका बुद्धिमानी र प्रेमपूर्ण शब्दहरू सुन्दै शान्तसँग बसे । त्यसपछि अब्दुल-बहा उठ्नुभयो र पाहुनालाई हात हल्लाउँदै हरेकलाई उहाँको प्रेमस्वरूप एक-*

*एकवटा सेतो फूल दिनुभयो । लेरोय अब्दुल-बहाको पछाडि उभिएका थिए । ती युवा केटाले सोचे कि, "ओ ! उहाँ मतिर फर्कनुहुनेछ र मलाई पनि सुन्दर सेतो फूल दिनुहुनेछ । ती सुन्दर फूलहरू वास्तवमै कसले ल्याइदिएको थियो भन्ने कुरा स्वामीलाई थाहा होस् भन्ने कुरा, आफ्नो हृदयमा गोप्य रूपमा शायद उनले चाहेका थिए । एक-एक गरेर सेता फूलहरू अरूलाई दिइए र लेरोयले फूल पाउनेछन् भन्ने कुरा सम्भव जस्तो देखिएन । यसपछि अब्दुल-बहा, अचानक लेरोयतिर फर्कनुभयो र उसलाई नियालेर हेर्नुभयो । प्रेमले उहाँको अनुहार प्रदीप्त भएको थियो र आँखाहरू दयाले भरिपूर्ण भएका थिए । के उहाँले उसलाई सेतो फूल दिनुभयो ? दिनुभएन, अब्दुल-बहाले उनलाई अझ धेरै मूल्यवान् कुरा दिनुभयो । उहाँले आफ्नो कोटमा एउटा रातो गुलाबको फूल पहिरिनुभएको थियो । उहाँले यही फूल निकालेर यी युवालाई दिनुभयो । लेरोयको हृदय अत्यन्तै खुसीले उफ्रियो । अब्दुल-बहालाई थाहा थियो कि त्यो सेतो फूल उहाँलाई कसले ल्याइदिएको थियो ।*

### ङ. खेल. "ड्रयागनको पुच्छर समात्ने"

आफू अगाडि उभिएको साथीको काँधमा आफ्ना हातहरू राखेर बालबालिकाहरूलाई पंक्तीमा उभिन लगाउनुहोस् । पंक्तीको पहिलो बालक वा बालिका ड्रयागनको टाउको हुन्छ । पंक्तीको अन्तिमका बालक वा बालिका पुच्छर बन्छ र यो टाउकोबाट उम्कन दाहिने र देब्रे गर्दै तर्किन उत्सुक हुन्छ । "शुरू गर" भन्ने संकेत नदिउन्जेलसम्म ड्रयागन सोझो रेखामा अडिनु पर्छ । एउटा बालक वा बालिकाले, गिन्ती गर्छ "एक, दुई, तीन, ल शुरू गर !" "शुरू गर" भन्ने संकेतमा टाउकालाई समात्न पुच्छर टाउकोतिर दगुर्छ । सम्पूर्ण शरीर टाउकोसँगै हिंड्नु पर्छ र त्यो टुक्रिन हुँदैन । पुच्छरलाई छुन टाउको सफल बन्यो भने अगाडिको बालक वा बालिका टाउको बनेर रहन सक्छ । उसले पुच्छर समात्नु अघि नै शरीर टुक्रियो भने टाउको पुच्छर बन्छ र उसको पछि रहेको बालक वा बालिका टाउको बन्छ । प्रत्येक बालक वा बालिकाले कम्तीमा पनि एक पटक टाउको र पुच्छर बन्ने मौका नपाउन्जेलसम्म खेल चालू रहन्छ ।

### च. रङ्ग भर्ने चित्र ७

### छ. अन्तिम प्रार्थनाहरू

## खण्ड ८

### क. प्रार्थनाहरू पाठ र कण्ठस्थ गर्नु

तपाईंलाई कण्ठस्थ आउने एउटा प्रार्थना भन्दै कक्षा शुरू गर्नुहोस् र केही बालबालिकाहरूलाई प्रार्थनाहरू वाचन गर्न लगाउनुहोस् । पाठ ४ मा उनीहरूले कण्ठ गर्न शुरू

गरको प्रार्थना सिक्ने काम पूरा गर्नु पर्छ । त्यसैले उनीहरूलाई त्यो प्रार्थना राम्ररी भन्न सक्छन् भनेर निश्चय गर्न तपाईंले त्यसलाई समीक्षा गर्नु पर्छ ।

ख. गीतहरू (अघिल्ला गीतहरूको समीक्षा समेत)

At All Times

Chorus:

E A

We should at all times manifest

B E A B

Our truthfulness and sincerity

E A

We should at all times manifest

B E A B

Our truthfulness and sincerity (repeat)

E A B

When I speak, I share from the bottom of my heart

E A B

I let kind and true words be my art

E A B

Oh what a treasure is sincerity

A E B E A E

A beautiful mix of honesty and purity

Oh what a treasure is sincerity
When I serve, I give from the bottom of my heart

I purify my thoughts and pray before I start
This way my actions can build true unity
Oh what a treasure is sincerity
Oh what a treasure is sincerity

When I pray, I pray from the bottom of my heart
I close my eyes and think of God
I don't think of my desire, I don't think of what I need
I think of how sincerity can shine through my deeds
Oh what a treasure is sincerity

Chorus (repeat twice)

## ग. उद्धरणहरू कण्ठस्थ गर्ने

आज बालबालिकाहरूले सिक्ने उद्धरणहरू प्रस्तुत गर्न तपाईंले तलका विचारहरूबाट सामग्री लिन सक्नु हुन्छ :

हाम्रो हृदयमा भएका कुराहरूलाई शब्द र कर्मले प्रतिबिम्बत गर्दा हामीले इमान्दारीताको कुरालाई अगाडि प्रकट गर्दछौं । इमान्दारीताले हामीलाई अरूहरूसँगका व्यवहारहरूमा सत्यवादी र बफादार बन्न प्रेरित गर्दछन् । उदाहरणहरूका लागि आफूले गरेका केही कुराप्रति हामी क्षमाप्रार्थी छौं भन्छौं भने आफ्नो गल्ती नदोहोऱ्याउन भरमग्दुर प्रयास गर्छौं भन्ने कुरा हाम्रो हृदयमा हामीलाई महसुस हुन्छ । हाम्रो इमान्दारीताकै माध्यमबाट अरूहरूले हाम्रो हृदयको पवित्रतालाई देख्छन् र हामीमा भरोसा राख्छन् । यस गुणको महत्वलाई सम्झी राख्न हामी अब्दुल-बहाको उद्धरणहरू कण्ठस्थ गर्छौं:

**"हामीले सदैव आफ्नो सच्चाइ र इमान्दारीता प्रकट गर्नु पर्छ ... ।"**[१४४]

***प्रकट गर्ने***

१. समुद्रको किनारामा आफूले भेटेको शंखे किरामा लागेको माटो असिमले सफा गरे र त्यो चिल्लो र टल्कने नबनुन् जेलसम्म त्यसलाई पुछिरहे । उनले त्यसो गरी सिध्याएपछि शंखे किराको वास्तविक सौन्दर्य प्रकट भयो ।

२ सूर्य उदाउँदै गए पछि र बिहानको कुहिरो हट्दै गएपछि पहाडहरूको भव्यता प्रकट भयो ।

***इमान्दारीता***

१. लियोका सहपाठीहरू पढ्नुको सट्टा अधिकाँश समय खेल्छन् । उनीहरूले विद्यालयमा राम्रो गर्दैनन् कि भन्ने चिन्ता लियोलाई लाग्छ, त्यसैले उसले उनीहरू सबै मिलेर सँगै पढ्ने सल्लाह दिन्छ र उनीहरूले एक अर्कालाई पढ्नमा कसरी सहयोग गर्न सक्लान् भन्ने उपायहरू सोच्छ । आफ्ना सहपाठीहरूप्रति लियोको चिन्ता इमान्दार छ ।

२. आफ्नो गृहकार्य दिनहुँ गर्छु भन्ने वचन रोजाले आफ्नी आमालाई दिइन् । आफ्ना आमा-बुबा टाढा गएका बेला रोजा मेहनतपूर्वक आफ्ना गृहकार्यहरू गर्छिन् । आफ्नो वचनमा रोजा इमान्दार छिन् ।

## घ. कथा

कुनै गुण हुनुको अर्थ के हुन्छ भन्ने कुरा उक्त गुणको अभाव देखाउने कथा सुन्दा हामीले त्यसलाई अझ बढी राम्ररी बुझ्न सक्छौं भनेर तपाईंले बालबालिकाहरूलाई आजको कथाको परिचयमा व्याख्या गर्ने चाहना गर्न सक्नु हुन्छ ।

*सात जना छोराछोरी भएका श्रीमान र श्रीमती बस्ने एउटा घरको पछिल्तिर एउटा ठूलो रूख वर्षौंदेखि उभिएको थियो । रूख बढ्दै जाँदा त्यसका हाँगाहरू उचालिए र फैलिए, र तिनले त्यस परिवारको घरको पछाडी पट्टी छायाँ दिए । हिउँदको एक बिहान त्यस घरका बुबाले रूख मुनिबाट कतै जाँदै गर्दा एउटा छिमेकीलाई भेटे । उनीहरू दुबैले केही बेर गाउँको हालचाल बारे कुरा गरे । केही बेर पछि रूखलाई हेर्दै छिमेकीले ती मानिसलाई भने, "हेर्नुहोस् त, तपाईंले यो विशाल रूख काट्ने बेला साँच्चै नै भैसकेको छ । यो फैलिरहेछ र अनियन्त्रित छ । एउटा हाँगो भाँचियो र तपाईंको छानामा खस्यो भने, अथवा झन नराम्रो, छायाँमा खेलिरहेको अवस्थामा तपाईंको कुनै एउटा छोरा वा छोरी माथि चोट लाग्ने गरी खस्यो भने ? "ती दुई व्यक्तिहरू छुटिएपछि ती मानिसले छिमेकीको सल्लाहबारे विचार गरे । उनले सम्झन सक्ने समय भन्दा अगाडिदेखि त्यो रूख त्यस स्थानमा उभिएको थियो र त्यसबाट कुनै हानी भएको थिएन । गर्मी महिनामा त्यसले राम्रो छायाँ दिन्थ्यो र हिउँदको कठोर हुरीबाट घरलाई बचाउँथ्यो । त्यो स्थीर र बलियो देखिन्थ्यो । "तै पनि मेरो छिमेकीले शायद ठीकै भन्दैछन्, "ती मानिसले आफैलाई भने । "जे देखिन्छ त्यो कहिलेकाहीं धोका हुन सक्छन् । रूख देखिए जस्तै स्थीर छैन भने नि ?" त्यसैले उनले त्यसलाई ढाल्ने निर्णय गरे ।*

*त्यो गाह्रो काम थियो किनभने रूख वास्तवमै ठूलो थियो र त्यसका धेरै हाँगा विंगाहरू थिए, कुनै कुनै त अत्यन्तै अग्ला थिए । ती मानिसले त्यसलाई ढालिसक्ना साथ छिमेकी आइपुगे । यस पटक उनी आफ्ना दुई छोराहरू र एउटा गाडा सहित आएका थिए । "म देख्दैछु, तपाईंले रूख ढाल्ने नै निर्णय गर्नु भएछ," काठका धेरै थुप्रोहरूतिर हेर्दै ती छिमेकीले भने, "ती काठका थुप्रोहरू लैजान तपाईंलाई कोही चाहिएको अनुमान म गर्छु । शायद*

*तपाईंलाई हामी सहयोग गर्न सक्छौं । मैले मेरो गाडा र मेरो दुई छोराहरू लिएर आएको छु, र ती काठहरूलाई यहाँबाट हटाउन मद्दत गर्न सक्छौं ।" जवाफ नै नपर्खी उसका छोराहरूले नजिकै रहेको गाडामा काठहरू उठाएर राख्न थाले । उनीहरू काठ लिएर हिंडेपछि ती मानिस काटिएको रूखको फेदमा बसे जुन रूखले उनको घरलाई त्यति लामो समयसम्म छहारी दिएको थियो ।*

*त्यसै बेला उनले महसुस गरे कि उनको छिमेकी उनको परिवारको सुरक्षा बारे अलिकति पनि चिन्तित थिएनन्, उनको चिन्ता त आगो बाल्ने दाउरा रहेछ जुन दाउराले उनलाई हिउँदका चीसा दिनहरू भरिनै उनलाई न्यानो राख्ने थिए । "जे देखिन्छ त्यो वास्तवमै कहिलेकाहीँ धोका हुन सक्छ" सुस्केरा हाल्दै उनले भने ।*

### ङ. खेलः "तातो र चीसो"

एक बालक वा बालिकालाई कोठाबाट बाहिर जान वा कक्षा भैरहेको ठाउँबाट केही टाढा जान लगाएर यो खेल शुरू गर्नुहोस् । अरू केटाकेटीहरूले वा रङ्ग भर्ने पेन्सील जस्तो सानो वस्तुलाई लुकाएर राख्छन् र उसलाई बोलाइन्छ र त्यो वस्तु भेट्न लगाइन्छ । बालक वा बालिका त्यस वस्तुको जति नजिक हुँदै जान्छ बालबालिकाहरूले उत्तिनै ठूलो स्वरमा ताली बजाउँदै जान्छन् । त्यो वस्तु लुकाएको ठाउँबाट बालक वा बालिका टाढा गयो भने उनीहरूको तालीको आवाज सानो बन्दै जान्छ । तालीको सट्टा बालबालिकाहरूले उक्त बालक वा बालिका लुकाएको वस्तुको नजिक आउँदा "न्यानो" "अझ न्यानो" र "तातो" भन्न सक्छन् । लुकाएको ठाउँबाट ऊ टाढा जाँदा उनीहरूले "चिसो" "झनै चिसो "र "हिउँ जस्तै चिसो" भन्छन् । लुकाइएका वस्तु खोजिरहेको साथीलाई बालबालिकाहरूले झुक्याउनु वा गलत मार्ग नदेखाँउन ख्याल पुऱ्याउनु पर्छ, नत्र अरूहरूमाथिको उसको भरोसा टुट्छ र खेल निरर्थक बन्न जान्छ :

### च. रङ्ग भर्ने चित्र ८

### छ. अन्तिम प्रार्थना

## खण्ड ९

### क. प्रार्थनाहरू पाठ गर्ने र कण्ठस्थ गर्ने

आउँदो कक्षामा उनीहरूलाई कण्ठस्थ गर्न एउटा नयाँ प्रार्थना सिकाउने संकेत गर्दै उनीहरूले अगाडि नै कण्ठस्थ गरेको दुईवटा प्रार्थनाहरूको पुनरावलोकन गर्ने सल्लाह तपाईंलाई दिइन्छ । तपाईंले आजको पाठ सधैंको जस्तो गरी शुरू गर्नु हुनेछ ।

ख. गीतहरू (अघिल्ला गीतहरूको पुनरावलोकन समेत)

**Be Like the Earth**

C G
See the earth
F G C
ItÚs so humble
G
Has all GodÚs wealth to give
F G C
Everything we need to live
C G
Let us walk on it every day
F G C
But have you ever heard it say
G
"I am richer
F G C
Greater than you"

See the tree
It's so humble
The more its fruits abound
It bows closer to the ground
And shares the fruit that way
But have you ever heard it say
"I am richer
Greater than you"

C G
Be like the earth
F G C
Be like the tree
G
Rise to the heaven of glory

F G C
On the wings of humility
G
Rise to the heaven of glory
F G C
On the wings of humility

## ग. उद्धरणहरू कण्ठस्थ गर्ने

तलका धारणाहरूले कण्ठस्थ गर्नका लागि आजको उद्धरणहरूको परिचय दिन तपाईंलाई सहयोग गर्नेछन् ।

नम्रता भनेको एउटा अति महत्वपूर्ण आध्यात्मिक गुण हो । ईश्वरको अगाडि नम्र रहने व्यक्तिले ईश्वर र उनको सृष्टिको महानता बुझ्दछ । उसले आफूलाई पूर्णत ईश्वरको इच्छामै समर्पित गर्दछ । हामी ईश्वरको अगाडि नम्र रहँदा हाम्रा हृदयहरू खुशीले भरिन्छ । हामी तलको उद्धरणहरू कण्ठस्थ गरौं ।

**"धन्य छ त्यो ठाउँ र त्यो घर, र त्यो स्थान र त्यो सहर र त्यो हृदय, र त्यो पहाड र त्यो आश्रय र त्यो ओडार र त्यो उपत्याका र त्यो भूमि र त्यो सागर र त्यो द्वीप र त्यो मैदान, जहाँ ईश्वरको नामको उच्चारण गरिन्छ र उनको स्तुति हुन्छ ।"**[१४५]

**"हे मानवका पुत्र ! मेरो समक्ष तिमी आफूलाई समर्पण गर, ता कि म तिमीलाई प्रसन्नतासाथ दर्शन दिन सकूँ ।"**[१४६]

***समर्पण***

१. जिनाब गणितका आफ्ना कार्यक्रमहरू मिहिनेतपूर्वक काम गर्छिन् र सधैं राम्रो गर्छिन् । उनी समर्पण हुन्छिन् र कहिल्यै पनि आफ्ना उपलब्धीहरूको घमण्ड गर्दिनन् ।

२. याङ्गफको छिमेकका केटाकेटीहरू पढ्न सिक्न उत्सुक छन् र उनीहरूका लागि एउटा सानो कक्षा शुरू गर्न उसलाई भनियो । उनीसँग थोरै अनुभव भए पनि र उनले आफूलाई अयोग्य महसुस गरे पनि उनले ईश्वरमा भरोसा गर्छन् र आफूले सक्दो राम्रो गर्छन् । उनी आफूलाई आफ्नो कार्यमा समर्पण गर्छन् ।

## घ. कथा

*नम्रता अब्दुल-बहाका सबभन्दा उल्लेखनीय गुणहरू मध्ये एउटा थियो । मित्रहरूले अब्दुल-बहालाई थुप्रै उपाधीहरू दिन चाहन्थे तर उहाँ आफूलाई "अब्दुल-बहा" मात्र भनेको*

*रूचाउनु हुन्थ्यो, "अब्दुल-बहा" को अर्थ "ईश्वरको सेवक" हो । उहाँ सधैं साधारण कुराहरू मन पराउनु हुन्थ्यो । एक पटक पश्चिमका एक जना धेरै धनी मित्रहरूले अब्दुल-बहालाई खाना खान अघि हात धुनका लागि एउटा विशेष व्यवस्था मिलाएका थिए । विशेष खालका लुगा लगाएको केटालाई एक आकर्षक अंखोरामा सफा पानी बोक्न लगाएका थिए र उनको लागि एउटा सुगन्धित रूमालको पनि व्यवस्था गरेको थियो । मित्रहरूको समूह सँगसँगै सानो केटो, अँखरा र रूमाल लिएर आफूतिर आउन थाले भन्ने स्वामीले जुन बेला यो देख्नु भयो, उहाँले उनीहरूको इच्छा बुझिहाल्नु भयो । उहाँले नजिकै पानी पाउनु भयो र बगैंचाको हातामा भएको एउटा टुक्रा कपडाले हात पुछ्नु भयो । प्रशन्न मुद्रामा आफ्ना पाहुनाहरूलाई भेट्न जानु भयो र त्यो पानीले उनीहरूका आफ्नै हात धुन आग्रह गर्नुभयो ।*

### ङ. खेलः "कहिलेकाहीँ म अग्लो हुन्छु"

एउटा बालकको आँखामा पट्टी बाँधिन्छ र अरू उसको वरिपरि उभिन्छन् । एक स्वरमा उनीहरूले भन्छनः

"म एकदम अग्लो छु" (उनीहरू आफ्ना खुट्टाका औंलामा तन्किएर उभिन्छन् र सकेसम्म अग्लो बन्छन्),

"म एकदम पुड्को छु" (उनीहरू टुक्रुक्क बस्छन् र सकेसम्म होचो बन्छन्न् ।

"कहिले म अग्लो हुन्छु" (फेरि उभिन्छन्)

"कहिले म पुड्को हुन्छु" (टुक्रुक्क बस्छन्)

शिक्षकले अग्लो हुने हो कि पुड्को हुने हो संकेत दिन्छन् र उनीहरूले एकै स्वरमा भन्छन् :

"भन अहिले हामी के छौं !"

पट्टी बाँधेको बालकले उनीहरूको आवाजको उचाईबाट अन्दाज गर्नुपर्छ । एक एक गरेर प्रत्येक बालकले पट्टी बाँध्ने मौका पाउँछन् ।

### च. रङ्ग भर्ने चित्र ९

### छ. अन्तिम प्रार्थना

## खण्ड १०

**क. प्रार्थनाहरू पाठ गर्ने र कण्ठस्थ गर्ने**

कक्षा शुरू गर्न सधैं झै तपाईं र केही विद्यार्थीले प्रार्थनाहरू वाचन गर्नु हुन्छ । त्यस पछि तपाईंले तलको प्रार्थना कण्ठस्थ गर्न शुरू गर्न सक्नु हुन्छ, जुन प्रार्थनामा उनीहरूले आउँदा दुई पाठहरूमा आफ्ना प्रयत्नहरू केन्द्रित गर्ने कार्य कायम राख्छन् । पाठ १३ मा तपाईंले उनीहरूसँग सम्पूर्ण प्रार्थनाको समीक्षा गर्न हुनेछ ।

> **"धन्य छ त्यो ठाउँ र त्यो घर र त्यो स्थान र त्यो सहर, र त्यो हृदय, र त्यो पहाड, र त्यो आश्रय, र त्यो ओढार, र त्यो उपत्यका, र त्यो भूमि, र त्यो सागर, र त्यो द्वीप, र त्यो मैदान, जहाँ ईश्वरको नामको उच्चारण गरिन्छ र उनको स्तुति हुन्छ ।"[१४७]**

ख. गीतहरू (अघिल्लो गीतहरुको समीक्षा समेत)

**I Thank and Praise Thee Lord**

```
C      Am          Em
I thank and praise Thee Lord
              F            G
For the crown of mercy
         C         Am
Set upon my head
  F                C
It will forever glow
      G7           Am
The more gratitude I show
     Dm            G7         C
I thank and praise Thee Lord
```

I thank and praise Thee Lord
For the love and knowledge
Implanted in my heart
They will grow and grow
The more gratitude I show
I thank and praise Thee Lord

I thank and praise Thee Lord
For the light of truth
That illumines my eyes

I will see Thy bounties flow
The more gratitude I show
I thank and praise Thee Lord
I thank and praise Thee Lord

## ग. उद्धरणहरू कण्ठस्थ गर्ने

कण्ठस्थ गर्नका लागि नयाँ उद्धरणहरू विद्यार्थीहरूलाई तलको ढङ्गमा परिचय गराउँन सकिन्छ ।

हामीले सानोभन्दा सानो उपहार पाउँदा पनि उपहार दिने व्यक्तिलाई धन्यवाद दिन्छौं । "हामी माथि आफ्नो असीम कृपाको वृष्टि गर्नु भएकोमा, आफ्नो प्रेमले हाम्रो हृदयलाई भरिपूर्ण गराउनु भएकोमा र आफ्नो ज्ञानको एउटा अंश हामीलाई प्रदान गर्नु भएकोमा हामी ईश्वरप्रति कृतज्ञ हुनुपर्छ भनेर अब्दुल-बहा हामीलाई बताउनुहुन्छ । हामी कठीन अवस्थामा समेत हरेक समयमा ईश्वरप्रति कृतज्ञ रहनु पर्छ । ईश्वरलाई धन्यवाद दिनुले हामीलाई उहाँको असीम दानशीलताहरू ग्रहण गर्न सक्षम बनाउँछ ।

**"खुसी होऊ र खूब प्रशन्न बन र ईश्वरलाई धन्यवाद अर्पण गर्न तत्पर होऊ ताकि धन्यवाद ज्ञापनले अनुग्रह बढाउन उपयोगी बनोस् ।"**[१४८]

### उपयोगी

१. नदिया सधै सफा-सुग्घर रहन्छिन् । उनलाई थाहा छ कि आध्यात्मिक विकासको लागि स्वच्छता जरूरी छ । स्वच्छताले आध्यात्मिकतालाई बढाउन उपयोगी हुन्छ ।

२. परिवारका महत्वपूर्ण विषयहरूमा सेफको परिवार नियमित रूपमा कुराकानी गर्छ । उनीहरूको बीचमा मेलमिलाप छ किनभने उनीहरू मिलेर छलफल गर्छन् । छलफलले सामञ्जस्यतालाई बढाउन उपयोगी हुन्छ ।

## घ. कथा

*कुनै समयमा माया नाम गरेकी एउटी बालिका थिइन् । उनी हिउँदमा अत्यन्तै जाडो हुने ठाउँमा बस्थिन् । धेरै वर्षदेखि मायाले हिउँदमा एउटै कोट लगाउँदै आइरहेकी थिइन् र त्यो कोट फाटिसकेको थियो र अत्यन्तै सानो थियो । हिउँद फेरि आउनु अगाडि मायालाई नयाँ कोट चाहिएको सबैले देखेको थिए तर नयाँ कोट किन्न पुग्ने पैसा उनको परिवारसँग थिएन ।*

*मायाको घर देखि बाटो तल छेउमा बस्ने एउटा किसानले तिनलाई भने कि नयाँ कोट बनाउँन मायाले उसको भेडाको ऊन लिन सक्छिन् । वसन्त ऋतुमा भेडाको ऊन बाक्लो भएर कट्न योग्य हुन्जेलसम्म तिनले पर्खनु पर्ने कुरा उनले बताए । माया आफ्नो कृतज्ञता देखाउँन चाहन्थिन र वसन्त ऋतु पर्खने क्रममा तिनल प्रत्येक दिन केही समयका लागि खुशीसाथ भेडाको स्याहार सुसार गर्दै किसानलाई सहयोग गरिन् । मायाले किसानका भेडाहरूलाई पराल र फलफूलहरू खुवाइन्, तिनलाई थप्थपाइन् र तिनलाई गीतहरू गाएर सुनाइन् पनि ।*

*वसन्तमा किसानले भेडाको ऊन काटे र मायालाई दियो । ऊनलाई कसरी नरम बनाउने र कात्न तयार गर्ने भनेर देखाए । मायाले किसानलाई धन्यवाद दिइन् र घरतिर लगिन् । छिमेकमा बस्ने एक वृद्ध महिलाले मायाले ऊन बोकेको देखिन् र त्यसलाई धागो कातिदिने प्रस्ताव गरिन् । माया असाध्यै कृतज्ञ बनिन् र वृद्ध महिलालाई धन्यवाद दिने उपाय सोच्न थालिन् । तिनले वृद्ध महिलाको बगैँचामा थुप्रै सागसब्जीहरू उम्रिएको देखिन्, त्यसैले गृष्म ऋतु भरि नै मायाले सागसब्जी टिपिन्, धोइन् र तिनलाई पकाउँन वृद्ध महिलालाई लागिदिइन् ।*

*धागो तयार भएपछि मायाले केही राता बयर टिपिन् र धागोलाई रातो बनाएर रङ्गाइन् । त्यसपछि तिनी कपडा बुन्ने मानिसकहाँ गइन् र धागोलाई लुगा बनाउनु पर्ने आवश्यकताबारे बताइन । ती दयालु लुगा बुन्ने मानिस लुगा बनाइदिन प्रशन्नताका साथ राजी भए । ती लुगा बुन्ने मानिसले धागोबाट सुन्दर रातो लुगा बनाइरहँदा मायाले आफ्नो कृतज्ञता प्रकट गर्न लुगा बुन्ने ती मानिसको कार्यशालालाई प्रत्येक अपरान्ह सफा गरिदिइन् ।*

*कपडा तयार पछि माया सूचीकार कहाँ गइन् र हिउँद आइरहेको र उनलाई नयाँ कोट आवश्यक भएको कुरा बताइन् । उनले कपडा देखाइन् र सूचीकारले त्यसबाट कोट बनाइदिने बताए । माया उनलाई धन्यवाद दिन चाहन्थिन् त्यसैले प्रत्येक दिन सूचीकार काम गरिरहँदा उनको पसल अगाडिको बाटोमा झरेका वसन्तका पातहरू बडारिदिइन् । सूचीकारले नाप्यो, काट्यो, पिन लगायो र कोट तयार नहुन्जेलसम्म सिलायो । माया अत्यन्तै खुशी भइन् । उनले सूचीकारलाई धन्यवाद दिइन् र कोट लगाइन् -यो विछट्टै राम्रो थियो !*

*माया घरमा पुग्दा नयाँ कोट लगाएकी उनी जति खुशी थिइन् उनको परिवार पनि उत्तिकै खुशी थियो । त्यो कोट बनाउँन सहयोग गर्ने सबै मानिसलाई उनीहरूले साधारण खाना खान निम्तो दिने निर्णय गरे । त्यसैले ती किसान, वृद्ध महिला, लुगा बुन्ने मानिस, सुचीकार मायाको घरमा आए । हिउँदमा आवश्यक हुने नयाँ कोट मायासँग भएको कुरा थाहा पाएर उनीहरू सबै खुशी भए ।*

*तर मायाको 'धन्यवाद' दिने काम अझै सकिएको थिएन । भोलिपल्ट बिहान मायाले आफ्नो नयाँ कोट लगाइन् र भेडालाई भेट्न गइन् ।*

*"धन्यवाद, भेडाहरू !" उनले भनिन्, "तिमीलाई धन्यवाद, धन्यवाद, यस सुन्दर न्यानो कोटका लागि !"*

*"भ्याँ !" भेडाहरूले जवाफ दिए र यस्तो लाग्थ्यो ती उनीप्रति मुस्कुराइरहेका थिए ।*

**ङ. खेल : "द्रूत आवेग "**

हातहरू जोडेर विद्यार्थीहरूलाई एउटा गोलाकार बनाउन लगाउनुहोस् । बालबालिकाहरूले समूह वरिपरि नाडीको संकेत पठाउनु पर्छ । एउटा बच्चाले आफ्नो छेउको बच्चाको हात चाँडो गरी समातेर थिच्नु पर्छ जसले उक्त संकेत अर्को बच्चामा सार्नु पर्छ र यस्तै गर्दै उसले अर्कोमा सार्दै जानु पर्छ । जबसम्म उक्त संकेत पहिलो बच्चामा फर्केर पुग्दैन । बालबालिकाहरूलाई चाँडो र झन् चाँडो गर्दै जानका लागि ताल मिलाउनु पर्छ र चुनौती दिनु पर्छ । बालबालिकाहरूले आधारभूत खेल सिकेपछि तपाईंले नाडीको स्पन्दनलाई विपरित दिशातिर पठाउन वा र प्रत्येक नाडीको गतिमा थिच्ने संख्या बढाउन लगाउन सक्नु हुन्छ ।

**च. रङ्ग भर्ने चित्र १०**

**छ. अन्तिम प्रार्थना**

## खण्ड ११

क. प्रार्थनाहरू पाठ गर्ने र कण्ठस्थ गर्ने

सँधैको जस्तै गरी पाठ शुरू गर्नुहोस् र अघिल्लो पाठमा उल्लेख गरिएको प्रार्थना कण्ठस्थ गर्ने प्रयास कायम राख्न बालबालिकाहरूलाई सहयोग गर्नुहोस् ।

ख. गीतहरू (अघिल्ला गीतहरूको समीक्षा समेत)

**Looking for Good**

C
I've got excellence as my goal
F7
But I've got a long, long way to go
C

```
And I know it helps me on my way
               G7           C
When I see the good in every day
       F7
So if I see something you do wrong
             C
I won't sing about it in this song
            G7
I won't talk about it with my friends
             F7            C
I won't even think about it again.

CHORUSM
               F7
I'll look at the good in you
               C
I'll look at the good in you
                 G7
I know that you'd want me to
                F7
Cause that's what I'd want you to do
                       F7
And God looks for the good in me
                 C     an
He looks for the good in me
       C          G
And when I put a cover
           F7
On those little faults of others
     C               G7                C
I hope God will put a cover on my faults too
```

'Abdu'l–Bahá was very wise
He saw your heart inside your eyes
and when He noticed something wrong

He'd find some way to make you strong
So if I find some fault in you
I know just what I have to do
I won't go tell anybody else
No, I won't even tell myself

CHORUS

### ग. उद्धरणहरू कण्ठस्थ गर्ने

तलका विचारहरू बालबालिकाहरूसँग बाँड्दै आजको उद्धरणहरू उनीहरू सामु प्रस्तुत गर्न हुन तपाईंलाई सल्लाह दिइन्छ :

क्षमा ईश्वरको एउटा सद्‌गुण हो । एक अर्काप्रति सहनशील हुनुपर्छ भनेर अब्दुल-बहाले सधै साथीहरूलाई भन्नुहुन्थ्यो । हामीले क्षमाशील आँखाले हेर्नुपर्छ र एक अर्काका दोषहरूलाई मात्र देख्ने गर्नुहुन्न । अब्दुल-बहाको उद्धरणहरूलाई अनुसरण गर्‍यौं भने हामीहरूले गल्ती गरेको खण्डमा आफ्ना साथीहरूलाई मात्र होइन हामीप्रति निर्दयीहुनेहरूलाई पनि क्षमा गर्न सक्नेछौं । क्षमाशील हुने आफ्नो प्रयत्न बढाउनुका लागि तलको उद्धरणहरू कण्ठस्थ गरौं :

**"... क्षमा र दया अनि ईश्वरका प्रिय : पात्रहरूका हृदयलाई प्रसन्न पार्ने गुणहरूद्वारा आफूलाई सुशोभित गराऊ ।"[१४९]**

***प्रसन्न***

१. उर्सुला बिरामी थिइन् । एल्सी भन्ने उनकी साथीले फूलको गुच्छा लिएर उनलाई भेट्न आइन् र कथाहरू सुनाउँदै तथा कुराकानी गर्दै धेरैबेर उनीसित बिताइन् । एल्सीको भेटले उर्सुलालाई धेरै सञ्चो महसुस भयो । यो भेटबाट उर्सला धेरै प्रसन्न बनिन् ।

२. नजिकैको सहरमा काम गर्न गएका आफ्ना श्रीमानबाट श्रीमती सांचेले एउटा लामो पत्र प्राप्त गरिन् । पत्रमा उनले आफू छिट्टै घर आउने सुसन्देश लेखेका थिए । उक्त सुसमाचारबाट उनी प्रसन्न भइन् ।

***प्रियः पात्र***

१. शिक्षिकाले आफ्ना सबै विद्यार्थीहरूलाई माया गर्छिन् र प्रत्येकलाई विशेष ध्यान दिन्छिन् । उनीहरू शिक्षकको प्रिय पात्र हुन् ।

२. जेम्सलाई विद्यालयमा पढाइने सबै विषयहरू मन पर्छन् तर उनले बिज्ञानमा सबैभन्दा राम्रो गरे । त्यसैले जेम्स बिज्ञान शिक्षकका प्रिय पात्र हुन् ।

## घ. कथा

*जुन बेला अब्दुल-बहा अक्कामा बस्दा, त्यहाँ एउटा गभर्नर थियो जसले समय-समयमा बहाईहरूलाई दुःख दिने कोसिस गर्थ्यो । एकपटक उसले बहाईहरूको जीविकोपार्जन गर्ने साधनहरू नै नष्ट गरिदिने योजना बनायो । त्यसैले उसले आफ्नो अङ्गरक्षकलाई बहाईहरूका सबै पसलहरूमा ताला लगाएर बन्द गरी साँचो ल्याउनु भनी आदेश दियो । तर अब्दुल-बहाले गभर्नरको योजना थाहा पाउनुभयो र अर्को दिन साथीहरूलाई पसल नखोल्ने सल्लाह दिनुभयो । उहाँले तिनीहरूलाई भन्नुभयो, "पर्खौं र हेरौं ईश्वरको के आज्ञा हुन्छ ।"*

*गभर्नर छक्क पर्‍यो, किनभने पसलहरू खुलेनन्, त्यसैले अङ्गरक्षकले चाबी ल्याउन सकेन । तर त्यसपछि के गर्ने भन्ने कुरा सोच्दासोच्दै कल्पना नगरेकै घटना घट्यो । त्यस सहरबाट उसलाई गभर्नर पदबाट हटाइएको टेलिग्राम सरकारबाट आयो । त्यसैले बहाईहरूका पसलहरू सुरक्षित भए ।*

*गभर्नरलाई अक्का छोडेर डमास्कस जाने उर्दी भयो । ऊ साह्रै खिन्न भयो । ऊ छिट्टै र एक्लै जानुपर्ने भयो । उसको परिवारको के अवस्था होला ? सरकारको विश्वास गुमाएको व्यक्तिलाई कसले सहयोग गर्छ र ? अब्दुल-बहाले यो खबर पाउनुभयो र उसलाई भेट्न जानुभयो । ऊ कहिल्यै पनि बहाईको विरोधी नभएको जस्तो गरी उहाँले त्यस दुःखी मानिसलाई ठूलो दयाको वर्षा गराउनुभयो । उसका बितेका नराम्रा कामहरूबारे उहाँले एकपटक पनि बताउनु भएन । यसको सट्टामा, उहाँले जे जसरी हुन्छ त्यसरी मद्दत गर्नुभयो । पूर्व गभर्नर आफ्नो परिवारलाई मात्र छोडेर जाँदा धेरै दुःखी भयो । अब्दुल-बहाले उसलाई विश्वास दिलाउनु भयो कि यो सबै कुरा उहाँले हेर्नुहुनेछ । पछि अब्दुल-बहाले एउटा आरामदायी यात्राको व्यवस्था गरिदिनुभयो, एउटा भरपर्दो मानिस खोजिदिनुभयो, सबै खर्चहरू दिनुभयो र गभर्नरको परिवारलाई डमास्कस पठाइदिनुभयो ।*

*जब पूर्व गभर्नरको आफ्नो परिवारसँग फेरि पुनर्मिलन भयो, ऊ साह्रै नै खुसी भयो । कृतज्ञताले भरिपूर्ण भएर, उसले परिवारलाई पुर्‍याउन आएको मानिसतिर फर्केर बाटोमा लागेको खर्चबारे सोध्यो । "यो सबै अब्दुल-बहाले तिरिसक्नुभएको छ," उक्त व्यक्तिले भन्यो । त्यसपछि उसले त्यो व्यक्तिलाई यात्राभरि दया र लगनशील भएको हुनाले एउटा उपहार दियो । तर उक्त व्यक्तिले त्यो उपहार लिन मानेन उसले भन्यो कि उसले केवल*

*अब्दुल-बहाको आज्ञा पालन गरेको हो र आफूले गरेको सेवा बापत् केही नलिने कुरा गयो । त्यसपछि पूर्व गभर्नरले एक रात उसको घरमा पाहुना बस्न आग्रह गयो । उसले भन्यो कि मैले अब्दुल-बहाको निर्देशन पालन गर्छु, उहाँले मलाई भन्नुभएको छ कि ढिलाइ नगरीकन अक्का फर्कनु । पूर्व गभर्नरले अब्दुल-बहालाई एउटा पत्र लेख्दासम्म बस्न भन्यो । उसले यो कुरा भने मान्यो र त्यो पत्र अक्का पुगेपछि अब्दुल-बहालाई दियो । पत्रमा भनिएको थियोः "हे अब्दुल-बहा, म प्रार्थना गर्दछु कि मलाई माफ गर्नुहोस् । मैले बुझिन । मैले हजुरलाई चिनिन । मैले हजुरप्रति धेरै खराब काम गरें । हजुरले मलाई महान् काम गरिदिएर पुरस्कृत गर्नु भयो ।"*

### ङ. खेलः "मानिस मानिसबीच"

"मानिस मानिसबीच" भन्दै ताली बजाउँदै बालबालिकाहरूलाई आफूखुशी यताउता हिंड्न लगाउनुहोस् । तपाईंले उनीहरूलाई "पिठ्यू पछि पिठ्यू" भन्दा उनीहरू रोकिनु पर्छ र प्रत्येक एक साथीको पछाडि पिठ्यू फर्काउनु पर्छ । तपाईंको संकेतमा उनीहरूले "मानिस मानिसबीच" भन्दै ताली बजाएर फेरि हिंड्न थाल्नु पर्छ । तपाईंले उनीहरूलाई "मुखामुख" भन्दा उनीहरू रोकिन पर्छ र निहुरिएर आफ्नो साथीको सामुन्ने अनुहार फर्काउनु पर्छ । यी दुई आदेश थुप्रै पटक दोहोऱ्याएर खेल चालू रहन्छ । अन्य आदेशहरूमा "घूँडा देखि घूँडा" र "कुहिनो देखि कुहिनोसम्म" पर्न सक्छन् ।

### च. रङ्ग भर्ने चित्र ११

### छ. अन्तिम प्रार्थना

## खण्ड १२

### क. प्रार्थनाहरू पाठ गर्ने र कण्ठस्थ गर्ने

शुरूको प्रार्थना गरेपछि बालबालिकाहरूले पाठ १० मा प्रस्तुत प्रार्थनालाई कण्ठस्थ गर्ने काम पूरा गर्नुपर्छ जसले गर्दा उनीहरूले आउँदो पाठमा त्यसलाई पुनरावलोकन गर्न र नयाँ प्रार्थना सिक्न सक्नेछन् ।

ख. गीतहरू (अघिल्लो गीतहरूको समीक्षा समेत)

**Truthfulness**

G D G C
Truthfulness is brighter than the light of the sun
C G D G

Truthfulness is brighter than the light of the sun
C G D G
With truthfulness, O people, beautify your tongues
C G D G
With truthfulness, O people, beautify your tongues

Honesty adorns the soul of everyone
Honesty adorns the soul of everyone
Honesty is brighter than the light of the sun
Honesty is brighter than the light of the sun.

## ग. उद्धरणहरू कण्ठस्थ गर्ने

आजको उद्धरणहरू बालबालिकाहरूका लागि निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :

हामी सबैलाई थाहा छ हाम्रा जीवनलाई सिंगार्न र हाम्रा हृदयलाई प्रफुल्लित पार्न ईश्वरले कस्ता कस्ता सुन्दर चिजहरू सृष्टि गर्नु भएको छ । तर भौतिक वस्तुहरूले भन्दा आध्यात्मिक गुणहरूले मानव जातिलाई सुन्दर बनाउँछन् । हाम्रो जीवनलाई सुसज्जित पार्ने सुन्दर गुणहरू मध्ये इमान्दारी एउटा हो । जब हामी आफूलाई इमान्दारीताबाट सुन्दर बनाउँछौं तब हामी अरूहरूका सामान उनीहरूको अनुमति बिनै लिंदैनौ र कसैलाई पनि कहिल्यै ठग्दैनौ । इमान्दारीको गुणलाई सम्झनका लागि बहाउल्लाहको यो उद्धरणहरूलाई कण्ठस्थ गरौं :

**"हे मानिसहरू हो ! आफ्ना जीब्रोहरूलाई सत्यताद्वारा सुसज्जित गर र आफ्नो आत्मालाई इमान्दारीताको गहनाहरूले सुशोभित गराऊ ।"**[१५०]

**सुसज्जित गर**

१. मालतीले बगैंचामा सुन्दर गुलाबका बोटहरू रोपिन् । ती गुलाबका फूलले बगैंचालाई सुसज्जित बनाए छ ।

२. सुनिल झूटो बोल्थे, तर अहिले सत्य मात्र बोल्छन् । सुनिलले आफ्नो जिब्रोलाई सत्यवादिताले सुसज्जित बनाएको छ ।

घ. कथा

*मुल्ला बहराम धेरै वर्ष अघि इरानमा बसोवास गर्ने एक बहाई थिए । एक दिन उनले एउटा चिठ्ठी पाए जसले उनलाई धेरै चिन्तित बनायो । उनको एक भतिजोलाई बिना*

*कारण जेल हालिएको रहेछ । उनको भजिताको कुभलो चिताउने केही शक्तिशाली व्यक्तिहरूले उनी विरुद्ध उजुर गरेका रहेछन् र उनले कुनै अपराध नगरेको भएता पनि प्रहरीले गिरफ्तार गरको रहेछ ।*

*चिट्ठी पढेपछि मुल्ला बहरामले यो समस्याबारे राम्ररी विचार गरेछन् र एक सरकारी अधिकृत कहाँ गएर मद्दत माग्ने निर्णय गरेछन् । जुन बेला मुल्ला बहराम त्यस अधिकृतको घरमा पुगे, त्यसबेला ती अधिकृत थुप्रै अतिथिहरूसँग भोज खाइरहेका थिए । पुरानो लुगा लगाएको मुल्ला बहराम कोठाभित्र पसेको देखेर एकजनाले त उसलाई बाहिर निकाल्न चाह्यो । तर घरका मालिकले मुल्ला बहरामलाई देखेर निक्कै प्रेम र आदरकासाथ उनलाई भित्र बोलाए । मुल्ला बहराम जस्तो गरिब र नम्र व्यक्तिलाई त्यस अधिकृतले यस्तो शिष्टचार र न्यानोपनाले स्वागत गरेको देखेर सबै छक्क परे । ती अधिकृतले कारण बताए "मुल्ला बहराम प्रति मैले देखाएको आदर एकदम उचित छ किनकि उनी कठोर परीक्षाको समयमा पनि एक सदाचारी इमान्दारी व्यक्तिको रूपमा चिनिन्छन् ।" मुल्ला बहरामले आफ्नो समस्या बताएर ती अधिकृतले एकदम खुसीकासाथ उनको भतिजालाई तुरुन्त छाड्नका लागि एउटा पत्र लेखिदिए । ती पाहुनाहरू आश्चर्य चकित भए र अधिकृतलाई सोधे, मुल्ला बहराम यति इमान्दार छन् भन्ने तपाईंले कसरी थाहा पाउनु भयो ?" अधिकृतले जवाफ दिए: "केही समय अघि केही ऋण तिर्नु थियो तर मसँग पैसा थिएन । त्यसैले साहूसँग एउटा संझौता गरे कि ऋणको सट्टा एक टुक्रा जमीन दिनेछु । तर, त्यो जमीनको मूल्यबारे संझौता हुन सकेन । उसको साथी वा मेरो साथीको निर्णय स्वीकार गर्न सकिएन किनकि हामीले उनीहरूलाई पैसा दिएर मूल्य आफ्नो पक्षमा कायम गरेको हुन सक्थ्यो । त्यसैले हामीले एउटा व्यापारीलाई त्यो जमीनमा आफ्नो मान्छे पठाएर मूल्य कायम गर्न अनुरोध गऱ्यो । उसले मुल्ला बहरामलाई पठायो । जग्गाबाट आउने पैसाले ऋण तिर्नु पुगोस् भनेर उसले जग्गाको मूल्याङ्कन गर्ने दिनमा म उसको घरमा गएँ र उसले मेरो पक्षमा बोलोस् भनेर उसलाई एक थैलो पैसा दिएँ । उसले त्यति पैसा ६ वर्षसम्म परिश्रम गरे पनि कमाउन सक्दैनथ्यो, तर उसले त्यो पैसा लिएन । उनले "पर्खनोस्, म जग्गा हेरेर आउँछु भन्यो ।" मुल्ला बहरामले जग्गाको मूल्य मैले अन्दाज गरेको भन्दा बढी कायम गऱ्यो । त्यसैले ऊ खुसी होला भनेर मैले एक थैलो पैसा लगेर उसलाई दिएँ । तर उसले यस पटक पनि पैसा लिन इन्कार गऱ्यो । उसले भन्यो कि "जग्गाको वास्तविक मूल्य जे थियो उसले त्यहीं नै कायम गरेको थियो । यसरी जग्गाको मूल्य मूल्याङ्कन गर्नु उसको कामै थियो र त्यसको लागि उसले तलब पाउँथ्यो, त्यस कामको लागि अरू थप रकम लिनु ठीक होइन ।"*

*अधिकृतले आफ्नो अतिथिहरूलाई भने, "अब तपाईंहरू बुझ्न सक्नु हुन्छ कि मैले किन मुल्ला बहराममा त्यस्तो इमान्दारी र सच्चरित्रता छ जुन आजकाल एकदम दुर्लभ छ । यदि सबै जना मुल्ला बहराम जस्तै इमान्दार भएको भए कस्तो हुने थियो !"*

### ङ. खेल : "वर्गाकार, गोलाकार र त्रिकोण"

बालकालिकाहरूले कम्तीमा पनि "वर्गाकार", "गोलाकार" र "त्रिकोण" आदि आकृतिहरूका नाम जान्दछन् भन्ने मान्यता राखिन्छ । बालबालिकासँग यी आकृतिका नामहरूको समीक्षा गर्न शुरू गर्दै खेल सञ्चालन गर्नुहोस् । यसो गर्दा उनीहरूले प्रत्येक आकृतिलाई चिन्न सक्छन् भन्ने तपाईंले निश्चय गर्नुपर्छ । त्यसपछि उदाहरणहरूका लागि गोलाकार, त्रिकोणाकार, वर्गाकार र आकृतिको एउटा श्रृङ्गला लेखिएको एउटा कार्ड माथि उठाएर उनीहरूलाई देखाउनुहोस् । त्यसलाई राम्ररी नियालेर हेर्न भन्नु होस् । त्यसपछि त्यो कार्डलाई एकापट्टी हटाउँनु होस् र एउटा बालक वा बालिकालाई त्यो श्रृङ्खला के थियो, ठूलो स्वरमा भन्न लगाउनु होस् । आफूले अगाडि नै विभिन्न श्रृङ्खला लेखेका कार्डहरू प्रयोग गर्दै तपाईंले यो कार्य थुप्रै पटक गर्नु पर्छ । तीन वटा आकृति भएको श्रृङ्खला बालबालिकालाई सम्झन गाह्रो भए दुईवटा आकृति भएका केही कार्डहरूर तीन श्रृङ्खला भएका कार्डहरू उनीहरूलाई सम्झन अत्यन्तै सजिलो हुने भए चार वा पाँच श्रृङ्खला भएको केही कार्डहरू लिनुहोस् ।

त्यसपछि आफ्ना विद्यार्थीहरूको क्षमताका आधारमा तपाईंले दुई वा तीन वा चार श्रृङ्खला भएका आकृतिहरूका नाम बोलेर भन्नुहोस् र समूहको एक विद्यार्थीलाई त्यो दोहोऱ्याउन लगाउनुहोस् । प्रत्येक विधार्थीसँग तपाईंले यो थुप्रैपटक गरिसकेपछि आफूले मुखैले बोलेका श्रृङ्खलाहरू कोर्न लगाएर खेललाई अझ चुनौतीपूर्ण बनाउन सक्नु हुन्छ ।

### च. रङ्ग भर्ने चित्र १२

### छ. अन्तिम प्रार्थना

## खण्ड १३

### क. प्रार्थनाहरू गर्ने र कण्ठस्थ गर्ने

शुरूको प्रार्थना बालबालिकासँग गरिएपछि अगाडिका तीन पाठहरू उनीहरूले कण्ठस्थ गर्दै आएको प्रार्थनाको समीक्षा उनीहरूसँग गर्नुहोस् । शब्द र वाक्यांशहरूका अर्थहरू व्याख्या गर्दै र आवश्यकता अनुसार ठोस उदाहरणहरू प्रस्तुत गर्दै त्यसपछि तपाईंले उनीहरूलाई एउटा नयाँ प्रार्थना सिक्न दिन सक्नु हुन्छ । जुन १३ प्रार्थना कण्ठस्थ गर्न चार कक्षाको समय लगाइने छ ।

> **"तिम्रो नाम नै मेरो उपचार हो, हे मेरा ईश्वर, र तिम्रो स्मरण मेरो औषधि हो । तिम्रो सामीप्य नै मेरो अभिलाषा हो र तिमीप्रतिको प्रेम मेरो साथी हो । मप्रतिको तिम्रो करूणा नै यस लोक र परलोकमा मेरो उपचार र आश्रय हो । निःसंशय तिमी नै सर्व- दानी, सर्व - ज्ञानी तथा सर्व बुद्धिमान छौ ।"**[१५१]

**"हे प्रभु ! यस कोमल बेर्नालाई तिम्रो प्रेमको फुलबारीमा यो कलिलो बिरूवालाई मल-जल देऊ, तिम्रो कोमल दयाको मेघनबाट झरेको पानीद्वारा सिंचन गरेर हुर्काऊ र यो बेर्नालाई तिम्रो कृपा तथा अनुग्रहको प्रवाहद्वारा असल पौधाको रूपमा विकास गर्न सकोस् तिमी शक्तिशाली तथा बलवान् छौ ।"**[१५२]

ख. गीतहरू (अघिल्ला गीतहरूको पुनरावलोकन समेत)

**Be Fair**

CHORUSM

```
      A
Be fair, be fair
         E7                              A
And strive to provide for the comfort of all
       A
Be fair, be fair
           E7                            A
And strive to provide for the comfort of all
A                               E
When we are fair in our dealings with others
E7                             A
We gain the trust of our sisters and brothers
A7                            D
When things are divided equitably
E                                        A
Justice will shine for the world to see
```

CHORUS

When you give true comfort and aid
You'll follow the path that the
Master laid When wise and just in what you say and do
You'll bring joy to hearts around you

CHORUS

**ग. उद्धरणहरू कण्ठस्थ गर्ने**

करूणाको गुणसँग सम्बन्धित उद्धरणहरूलाई बालबालिकाले पढ्ने छन् जसलाई तपाईंले निम्न तरिकाले प्रस्तुत गर्न सक्नु हुन्छ :

ईश्वर अति करूणामय, सर्व कृपालु छन् । संकटको समयमा हामी आफ्ना हृदयहरू उनीतर्फ फर्काउँछौं र हामीलाई सान्त्वना दिने र बलियो बनाइदिन आग्रह गर्दछौं । यस्तै गरी हामीले पनि अरूहरूप्रति करूणा देखाउनु पर्छ । हामीले चिनेको कसैलाई समस्या छ र ऊ दुःखी बनेको छ भने समझदार बन्न र उसलाई सहयोग गर्न हामीले भरमग्दुर प्रयास गर्नु पर्छ । जसरी एउटा रूखले त्यसलाई ढुङ्गाले हान्ने व्यक्ति समेत सबैलाई फल प्रदान गर्छ, हामी सम्पूर्ण परिस्थितिहरूमा सबैप्रति करूणामय बन्नु पर्छ । आफ्नो जीवन दुःखले भरिएको भएता पनि बहाउल्लाहले सदैव सबैप्रति करूणा प्रकट गर्नु भयो । करूणामय बन्ने हाम्रो प्रयासमा सहयोग पुऱ्याउन हामी उहाँका शब्दहरू कण्ठस्थ गरौं :

**"ईश्वरको अधिराज्य निष्पक्षता र न्यायका साथसाथै सम्पूर्ण जीवित आत्माहरूप्रति कृपा, करूणा, र दयामा स्थापित छ ।"[१५३]**

***स्थापित***

१. गाउँमा बालबालिकाहरूको स्वास्थ्यबारे डाक्टरलाई चिन्ता लाग्यो, त्यसैले उनीहरूको स्याहार गर्न उनले एउटा क्लिनिक (स्वस्थ्य शिविर) शुरू गरे । क्लिनिक बालबालिकाप्रतिको उनको प्रेमका कारण स्थापित भयो ।

२. जेन्ना र मर्सिडिस लामो समयदेखि साथी रहिआएका छन् । उनीहरू सधैं सँगसँगै पढ्छन् र आफूले सिकेका उपयोगी कुराहरू साटासाट गर्छन् । उनीहरूको मित्रता स्नेह र प्रेममा स्थापित छ ।

***निष्पक्षता***

१. सम्पूर्ण देशवासीले देशको सम्वृद्धिका लागि काम गरे । सम्पूर्ण अनाजहरू भेला गरिएपछि परिवारको आकार अनुसार राजाले आफ्ना जनताहरूबीच बाँडिदिए । राजाले आफ्ना जनतालाई निष्पक्षतापूर्ण ढङ्गमा व्यवहार गरे ।

२. शहरको परिषदले अर्को गाउँसम्म पुग्ने बाटो बनाउनु पर्ने थियो । परिषदले खेतीको वरि परि घुमाउरो पारी बाटो बनाउने निर्णय गयो । यसो गर्दा थुप्रै मानिसले बाटोबाट फाइदा लिन सके अनि किसानहरूले पनि दुःख पाएनन् । आफ्नो निर्णयमा परिषदले निष्पक्षता देखायो ।

***करूणा***

१. आफ्नो साथी मे दुखी रहेको लिइ यङ्गले देखे, त्यसैले उनलाई कुनै किसिमले सहयोग गर्न सक्छु कि भनेर उनी कहाँ गए । मेले बताइन् कि उनकी आमा बिरामी अवस्थामा अस्पतालमा थिइन् । अर्को दिन, अस्पतालमा उनीसँग जाने प्रस्ताव गर्दै लि यङ्गले मेका कुरा सुनिन् र उनलाई सान्त्वना दिइन् । लिइ यङ्गले मेप्रति करूणा देखाइन् ।

२. एक दिन शिओरी गाउँमा घुम्दै थिइन् । उनले बारमा खुट्टा अल्झिएको अवस्थामा एउटा भेडाको पाठोलाई देखिन् । शिओरीले कोमल ढङ्गमा त्यसको खुट्टा निकालिदिइन् र त्यसमा एउटा व्यान्डेज (पट्टी) बाँधिदिइन् । शिओरीले पाठोप्रति करूणा देखाइन् ।

घ. कथा

*अब्दुल-बहाले पश्चिममा यात्रा गर्दा उहाँले भ्रमण गरेको प्रत्येक शहरमा उहाँको दर्शन गर्न र उहाँका प्रोत्साहनपूर्ण शब्दहरू सुन्न थुप्रै मानिसहरू आए । उहाँले दिनरात हरेक किसिमका मानिसहरू युवा र वृद्धहरू, धनी र गरीबहरू, अधिकारी र सर्व साधारणसँग भेट गर्नु भयो । कोही स्वामीप्रतिको अगाध मायाका कारण र अरूहरू उहाँले के भन्नु हुन्छ भन्ने कौतुहलका कारण आए ।*

*एक दिन स्वामी बस्नु भएको घरमा एक महिला आइन् र ढोका ढक्ढकाइन् । अब्दुल-बहासँग केही क्षणहरू बिताउन व्याकुल बनेकी उनी एक साधारण मानिस थिइन् । "स्वामीसँग भेटका लागि तपाईंले पहिला नै समय मिलाउनु भएको छ ?" ढोका खोल्ने व्यक्तिले ती महिलालाई सोधे । उनले त्यस्तो समय नमिलाएको बताइन् । त्यसो हो भने उनले अब्दुल-बहालाई भेट्न सम्भव नहुने किनभने उहाँले एक महत्वपूर्ण व्यक्तिलाई भेट्दै हुनुहुन्छ भन्ने कुरा उनलाई बताइयो । उनी दुखित बन्दै फर्किइन र घर अघिका सिढिबाट ओर्लन थालिन् । उनको हृदय कस्तो उदाशीनताले भरियो । तर अचानक उनलाई फर्कनु भन्ने आग्रह अब्दुल-बहाबाट प्राप्त भयो । स्वामीले उनलाई भेट्ने इच्छा गर्नु भयो । शक्ति र अधिकारले भरिएको अवाजमा उहाँले बोलेको सुनियो, "एउटा हृदयलाई चोट पुऱ्याइको छ । चाँडो गर, चाँडो गर, उनलाई म कहाँ ल्याऊ ।"*

**ङ. खेल : "भीमकाय (विशाल) मान्छेहरु"**

एउटा बच्चाको देब्रे खुट्टालाई अर्को बच्चाको दाहिने खुट्टामा बाँधेर एक अर्कालाई उभ्याउँदै बालबालिकालाई जोडी बनाएर बाँड्नुहोस् । प्रत्येक जोडीलाई एउटा निर्धारित ठाउँबाट अर्को निर्धारित ठाउँमा हिड्न लगाउनुहोस् । हाँगा विग्राहरू वा ढुङ्गाहरू जस्ता साना अवरोधहरूलाई उनीहरूको मार्गमा राखेर खेललाई अझ बढी चुनौति पूर्ण बनाउन सक्नु हुन्छ । यो सुरक्षित

ढङ्गमा गर्न निश्चित गर्नु होला । बिकल्पको रूपमा हिड्नुको साटो जोडीहरूलाई भ्यागुतो जस्तै उफ्रन, घोडा जस्तै दौड्न आदि गर्न लगाउन सकिन्छ ।

**च. रङ्ग भर्नेः चित्र १३**

**छ. अन्तिम प्रार्थना**

## खण्ड १४

**क. प्रार्थनाहरू गर्ने र कण्ठस्थ गर्ने**

सँधै जस्तै प्रार्थनाहरू गरिए पछि बालबालिकाहरूले अघिल्लो पाठमा परिचय गराइएको प्रार्थनालाई अझ अध्ययन गर्न समय दिन सक्छन् ।

ख. गीतहरू (अघिल्ला गीतहरूको पुनरावलोकन समेत)

**This is How Baha'is Should Be**

C
I love the Master
G
The Master loves me
G7                    C
He shows me how Baha'is should be
Cmaj7          F     D#dim
Trusting in God faithfully
G7                          C
That is how Baha is should be.

I love the Master
The Master loves me
He shows me how Baha'is should be
Praying for guidance constantly
That is how Baha' is should be.

I love the Master

The Master loves me
He shows me how Baha'is should be
God's Will, not my will, my prayer will be
That is how Baha'is should be.

## ग. उद्धरणहरू कण्ठस्थ गर्ने

आज बालबालिकाहरूले निर्लिप्तताको गुण सम्बन्धी एउटा उद्धरणहरू कण्ठस्थ गर्नेछन् । तपाईंले उनीहरूलाई निम्न ढङ्गमा लेखनीहरूको परिचय दिन सक्नु हुन्छ :

ईश्वरले संसारका प्रत्येक असल कुराहरू हामीलाई रमाइलो गर्नका लागि सृजना गरेका छन् राम्रो स्वास्थ्य, स्वादिला खानेकुराहरू, प्रेम र मित्रता, प्रकृतिको सौन्दर्य र दिमागको शक्ति, यस्ता कुराहरू जसले हाम्रो जीवन शैलीलाई सुधार गर्नका लागि नयाँ कुराहरू पत्तो लगाउन र अन्वेषणहरू सृजना गर्न हामीलाई सक्षम बनाउँछन् । ईश्वरले हामीलाई दिएका सम्पूर्ण कृपाहरूको हामीले सदुपायोग गर्नुपर्छ र जीवनको हर्षका लागि उनीप्रति कृतज्ञ हुनुपर्छ । तर यस संसारप्रति लिप्त नहुन हामी सतर्क रहनु पर्छ । हाम्रा आत्माहरू सधैं स्वतन्त्र रहनु पर्छ; स्वतन्त्र र बलिया चराहरू जस्तै ती पवित्रताको स्वर्गमा उड्नु पर्छ, आफ्नो वरिपरिका वस्तुहरूमा लिप्त रहेको कारण उड्न असमर्थ भै चरा भुइँमै रहन्छ भने त्यो कति दुःखद कुरा हुन्छ । तलको उद्धरणहरू कण्ठस्थ गरौ :

**"ईश्वर प्रेम र उनी बाहेक सम्पूर्ण कुराहरूदेखि निर्लिप्त रहनुबाट तिम्रो सच्चा श्रृङ्गार बन्ने नै छ भन्ने कुरा बुझ ।"**[११४]

***बन्छ***

१. जोईले खानामा दुईवटा ससेज र केही आलुहरू लिन्छ । उसको खाना ससेज र आलु बन्छ ।

२. बोका, सेतो भाग र भित्री पहेलो भागबाट अण्डा बन्छ ।

## घ. कथा

*एक दिन राजा माहमूदले आफ्नो अधिराज्यको शाही भ्रमणमा जाने निर्णय गरे । तुरून्तै तयारी शुरू भयो र केही दिनमै भव्य समारोह शुरू हुनै लाग्यो । आफ्ना अत्यन्तै उत्कृष्ट पहिरनहरू लगाएर मन्त्रीहरू, राजदूतहरू र महत्वपूर्ण थुप्रै मानिसहरू सुरक्षाकर्मी र सेवक सेविकाहरूका साथ राजासँग निस्किए । लस्करको सबैभन्दा अगाडि, राजाको छेउमै, अयाज नामका, उनका वफादार सेवक, घोडामा चढेर हिंडिरहेका थिए ।*

*प्रत्येक साँझ त्यो भड्किलो समूहले क्याम्प हालेर बस्यो र राजाका लागि अत्यन्तै राम्रो शाही तम्बू उठाइयो । त्यो तम्बू कसैले पनि संसारमा देखेको सबैभन्दा सुन्दर तम्बू थियो । सर्वोत्कृष्ट कोटीको रेशमबाट बुनिएको त्यो तम्बूमा सयौं रत्नहरू र पत्थरहरूले सुसज्जित थियो । त्यो दियोको उज्यालोमा यति उज्यालो गरी चम्किन्थ्यो कि चन्द्रमा र ताराहरू त्यसको तुलनामा फिका थिए । प्रत्येक रात राजा र उनका सहयोगीहरूले भोज गर्थे र गीतहरू गाँउथे । प्रत्येक बिहान तम्बू भारिदा रत्नहरू भेला गरिन्थे र राजाको रथमा राखिएको एउटा बाकसमा हालिन्थ्यो । त्यसरी राजाले आफ्नो शान्तिपूर्ण र समृद्ध अधिराज्य-लाई सन्तुष्टि पूर्वक हेर्दै र उनका सहयोगीहरूले दिनमा खुशीपूर्वक घोडा चढ्दै र बोल्दै र रातमा भोज गर्दै अनि गीत गाँउदै शाही यात्रा अगाडि बढिरह्यो ।*

*एक अपरान्ह राजा र उनको परिवारजनहरू एउटा विशेष गरी सुन्दर गाउँहुँदै गइरहेको थिए । त्यो यति सुन्दर थियो कि राजा दानशीलताको भावले ओतप्रोत भए । उनले बाकसबाट रत्नहरू झिके र आफ्ना सहयोगीहरूका लागि तिनलाई बाटोको किनारामा छरिदिए । राजा अगाडि बढ्दै जाँदा उनका सहयोगीहरू आफ्नो कर्तव्य बिर्सदै बहुमूल्य पत्थरहरू टिप्ने प्रयासमा अस्तव्यस्तता पूर्ण ढङ्गमा हारालुछ गर्न थाले । अयाज बाहेक सबैले त्यस्तो गरे । "अयाजलाई हेर त," उनीहरूले बर्बराउँदै एक अर्कालाई भने, "ऊ यति घमण्डी र अहंकारी छ । राजाले बाटोको किनारामा फालेका रत्नहरू टिप्नेसम्म कष्ट उसले गर्न सक्दैन् ।"*

"किन, अयाज," राजाले सोधे, "कि मेरा रत्नहरू टिप्न तिमी अरूहरूसँग सम्मिलित हुँदैनौ ? के ती बहुमूल्य छैनन् ? के मेरा वस्तुहरूको महत्व तिमी गर्दैनौ ?"

*"हे मेरा सम्राट," आयाजले उत्तर दिए, "मैले सदैव मौसुफको कुनै पनि वस्तुको अत्यन्तै कम महत्व दिएको छैन । तर मौसुफको छेउमा रहनु र मौसुफको अनुहार निगाह गर्नु मेरा लागि प्रशस्त छ । मौसुफले फालेको कुरामा हारालुछ गर्न म मौसुफको साथ किन छोडौं ? र आफ्ना प्रिय राजाको सेवामा सधैँ झै सावधान रहँदै बफादार र अविचलित अयाज आफ्ना कृतज्ञ स्वामीको छेऊ मै घोडा चढ्दै अगाडि बढे ।*

## ङ. खेलः "चक्का" (पाङग्रा)

आफ्नो देब्रे पाखुरालाई भित्र तिर तन्काएर बीचमा हातहरू जोडी बालबालिकालाई वृत्ताकारमा दुईतिर उभिन लगाउनुहोस् । उनीहरूका पाखुराहरू चक्काका डण्डीहरू जस्तो र उनीहरू चक्का ( पाङग्रा) जस्तो देखिनु पर्छ । त्यसपछि बालबालिकालाई वृत्तको बीचबाट पाङग्रो जस्तै घुम्न लगाउनुहोस् । उनीहरूले त्यसो गरेपछि कक्षा भैरहेको ठाउँमा यताउता गर्न

लगाउनुहोस् । यसो गर्दा उनीहरूले सधैं आफ्नो स्वरूपमै बस्नु पर्छ । खेललाई थप चुनौतीपूर्ण बनाउँन उनीहरूले 'स्कीपिङ्ग' गर्न वा उफ्रन सक्छन् ।

**च. रङ्ग भर्ने चित्र १४**

**छ. अन्तिम प्रार्थनाहरू**

## खण्ड १५

**क. प्रार्थनाहरू गर्ने र कण्ठस्थ गर्ने**

शुरूको प्रार्थना गरिएपछि तपाईंले बालबालिकालाई पाठ १३ मा प्रस्तुत गरिएको प्रार्थना कण्ठस्थ गर्न सघाउन सक्नु हुन्छ ।

ख. गीतहरू (अघिल्ला गीतहरूको पुनरावलोकन समेत )

**Bestow Upon Me My Portion**

CHORUSM

A
Bestow upon me my portion
D A
O Lord, O Lord
A D A
Bestow upon me my portion
E A
As it pleaseth Thee

A
It is easy to be content
D A
When things are going well
A
It is easy to be content
E A

When you're feeling swell
D A
But what is really more challenging
E A
Is to be content when things go wrong
D A
To be patient in times of difficulty
E A
Perhaps even sing a song.

CHORUS

From the time He was a boy
The Master suffered indignities
From early in His life
He hardly had any comfort or ease
But He remained content and calm
(Continue on next page)
Never full of anxiety
He trusted in God and accepted
His Will Continued on ever patiently.

CHORUS

## ग. उद्धरणहरू कण्ठस्थ गर्ने

आज बालबालिकाले कण्ठस्थ गरेको लेखनीलाई प्रस्तुत गर्न तपाईंले प्रयोग गर्न सक्ने केही विचारहरू तल छन् ।

अब्दुल-बहा ईश्वरको इच्छाबाट सबै अवस्थाहरूमा सन्तुष्ट हुनुहुन्थ्यो । सबै कुरा राम्रै चलिरहेको बेला, आफू स्वथ्य भएको बेला र आरामको जीवन बिताइरहेको बेला सन्तुष्ट रहनु सजिलो हुन्छ भनेर उहाँ मित्रहरूलाई बताउने गर्नुहुन्थ्यो । अझ कठिन कुरा त दुःखको समयमा, बिरामी भएको र कठिनाइको बेला खुशी र सन्तुष्ट हुनु हो । दुःखै दुःखले उहाँको जीवन भरिए पनि अब्दुल-बहा कहिल्यै पनि निराश हुनु भएन । अत्यन्तै गम्भिर र कठिन समयहरूमा पनि उहाँ सन्तुष्ट र ईश्वर प्रति कृतज्ञ रहनु भयो । उहाँ सधैं प्रशान्न र आशावादी हुनुहुन्थ्यो । ईश्वरको ईच्छाबाट सन्तुष्ट रहनुको महत्वद्वारा आफूलाई सधैं स्मरण गराइराख्न तलको उद्धरणहरू कण्ठस्थ गरौं :

**"प्रभुले जे प्रदान गरे, त्यसलाई ग्रहण गर्नु र ईश्वरले जे तोकेका छन्, त्यसमा सन्तुष्टि हुनु नै सम्पूर्ण गौरवको स्रोत हो ।"[१५५]**

***गौरव***

१. स्कूलमा विज्ञान पढेपछि पोह लेङ्ग बैज्ञानिकहरूको एउटा समूहमा सम्मिलित भइन् । उनीहरूले थुप्रै महत्वपूर्ण आविष्कारहरू गरे । उनको कार्यले उनको परिवारको नाममा गौरव ल्यायो ।

२. स्वी प्रकृतिलाई हेर्न रुचाउँ थिइन् - पहाडहरू, रूखहरू, र समुद्रलाई संसारको सौन्दर्यलाई देख्दा उनी सम्पूर्ण वस्तुहरूका सृष्टिकर्ता ईश्वरको प्रताप र महानतालाई सम्झिन्थिन् । प्रकृतिलाई हेर्दा त्यसले स्वीलाई ईश्वरको गौरवबारे सोच्न लगाउँथ्यो ।

***प्रदान गरे***

१. आफ्नो प्रेमपूर्ण परिवारका लागि आफ्नो राम्रो स्वस्थ्यका लागि, र ईश्वरले दिएका सबै असल कुराहरूका लागि पाउलोले ईश्वरलाई दैनिक रूपमा धन्यवाद दिन्छन् । ईश्वरले उनमा प्रदान गरेका थुप्रै उपहारहरूका लागि पाउलो कृतज्ञ छन् ।

२. सूर्य बिना पृथ्वी अन्धकार र चीसो हुन्थ्यो र यसमा केही पनि बाँच्न सक्दैनथ्यो । सूर्यले संसारलाई प्रकाश र न्यानोपन प्रदान गर्छ ।

***तोके***

१. राजाले आफ्नो जन्म दिनमा देशका सबै मानिसले काम नगर्नु भन्ने आदेश दिए । राजाको जन्मदिनलाई विदाको दिन तोके ।

२. धेरै महिनासम्म त्यस क्षेत्रमा पानी परेन, अनि गाउँ परिषदले मानिसहरूलाई पानीको प्रयोगमा कमी गर्नु भन्ने आदेश दियो । परिषदले पानी संचय गर्नका लागि प्रतिबन्धहरू तोके ।

घ. कथा

*धेरै टाढाको एउटा गाउँमा एकजना कृषक, उसकी श्रीमती र एउटा छोरो बस्थे । तिनीहरूले मिलेर काम गर्थे, खेतीपाती र वस्तुभाउको हेरचाह गर्थे । किसानको खेत अर्को देशको सिमानामा पर्थ्यो र दुर्भाग्यबश छिमेकी मुलुकसँग लडाइँ भइरहन्थ्यो ।*

*एकदिन त्यो किसानको घोडी शत्रु देशको भूमितिर लागेछ । गाउँका केही किसान यो खबर सुनाएर उसलाई सान्त्वना दिन थाले । तर किसानले कुनै दुःख मानेजस्तो लागेन । उसले भन्यो, "यो एउटा आशीर्वाद हुनसक्छ ।"*

*धेरै महिना पछि घोडीले छिमेकी राष्ट्रको प्रख्यात जातको बछेडो जन्माएर ल्याई । यो खबर सुनेर गाउँलेहरू यस्तो राम्रो जातको घोडाको मालिक भएकोमा किसानलाई बधाइ दिन आए । किसान उत्साहित भएन र भन्यो, "यो दुर्भाग्य हुनसक्छ ।"*

*किसानको छोरा सानो बछेडोमा चढ्यो । बछेडो जङ्गली स्वाभाव देखाउँदै उफ्रेयो र उसलाई भुइँमा पछाऱ्यो । उसको एउटा हड्डी भाँचियो र हिँड्नै नसक्ने भयो । गाउँलेहरू फेरि दुःखदायी घटना भएकोले सान्त्वना दिन आए । किसान सधैंको जस्तै शान्त थियो र भन्यो, "यो आशीर्वाद हुनसक्छ ।"*

*केही समय बितेपछि, शत्रु देशले किसानको देशमा आक्रमण गऱ्यो र सरकारले सम्पूर्ण योग्य मानिसहरूलाई सैनिकमा भर्ना गऱ्यो । लडाइँको अन्त्यमा धेरै युवा मारिए । हाम्रो कथाको युवा बाँच्यो किनभने उसको हड्डी भाँचिएको हुनाले सरकारले उसलाई भर्ती गरेन ।*

*एउटा दुर्भाग्य आशीर्वादमा परिणत भयो, तब एउटा दुर्भाग्य, अन्त्यमा फेरि आशीर्वादमा परिणत भयो ।*

**ङ. खेल : "मूर्तिकार"**

कक्षाको एउटा बालक वा बालिकालाई "मूर्तिकार "बन्न छान्नुहोस् । उसले अर्को एक बच्चालाई कक्षाको सामुन्नेमा आएर कुनै मुद्रामा बस्न लगाउँछ, जस्तै हात फैलाएर पछाडि फर्किने । पालै पालो अन्य बालबालिकालाई कक्षा सामु डाकिन्छ र प्रत्येकलाई भिन्ना भिन्नै मुद्रामा बस्न लगाइन्छ । यसबाट एउटा ठूलो अनौठो आकृति बन्छ । जब सम्पूर्ण बालबालिकाहरू समग्र प्रतीमाको अंश बन्छन् मूर्तिकार अन्तिम अंशको रूपमा त्यसमा सम्मिलित हुन्छन् ।

**च. रङ्ग भर्ने चित्र १५**

**छ. अन्तिम प्रार्थना**

## खण्ड १६

**क. प्रार्थनाहरू पाठ गर्ने र कण्ठस्थ गर्ने**

शुरूका प्रार्थनाहरूबाट कक्षा प्रारम्भ गर्नुहोस्, र पाठ १३ मा प्रस्तुत प्रार्थनालाई कण्ठस्थ गरि- सिध्याउन बालबालिकाहरूलाई मद्दत गर्नुहोस् । आउँदो कक्षामा उनीहरूले त्यसलाई पूरै वाचन गर्न सक्नु पर्छ ।

ख. गीतहरू (अघिल्ला गीतहरूको समीक्षा समेत)

**In Japan**

D                              G            D
In Japan, Afghanistan, Peru and Zanzibar
     D                                E7             A7
With bongos and marimbas, banjos and guitar
   D                 D7      G
People are singing, haven't you heard
   D              G                    A7                 D
A new Day is dawning, we have brand new words
"The world is but one country," weÚre learning this today
"And all mankind its citizens," these words will show the way
For all of us to fully learn our talents and worth
So we can build a new world order, here on earth
We have all been likened to leaves upon one tree
Flowers in one garden, waves upon one sea
Brilliant shining stars, radiant candles, rays of light
Birds singing in the garden day and night
Make the nations one, let religions all agree
Be occupied with service to all humanity
Nothing less than unity can satisfy our minds
So tell the world about the oneness of mankind
In Japan, Afghanistan, Peru and Zanzibar
With bongos and marimbas, banjos and guitar
People are singing, havenÚt you heard
A new Day is dawning, we have brand new words

**ग. उद्धरणहरू कण्ठस्थ गर्ने**

बालबालिकाले आजको कक्षामा कण्ठस्थ गर्ने उद्धरणहरू प्रस्तुत गर्न तलका विचारहरूले तपाईंलाई सहयोग गर्नेछन् ।

सबै एउटै परिवार सरह बस्नका लागि ईश्वरले मानव जातिको सृष्टि गरे । हामीले यस्तै गरी बस्ने हो भने हामी बीच भिन्नताहरूलाई आउँन दिनुहुन्न । बरु हामीहरूले अरू सबै धर्म, जाति, राष्ट्र र वर्गका मानिसहरूसँग प्रेम र दयाको भावनाले मिसिनु पर्छ । यो कुरा सम्झनाका लागि बहाउल्लाहको यो उद्धरणहरू कण्ठस्थ गरौं :

**"त्यो धन्य छ जो सबै मानिसहरूसँग परम दया र प्रेमको भावनाले मिसिन्छ ।"**[१५६]

***मिसिनु***

१. बकुल्लो र काग दुई किसिमका चराहरू हुन जुन खुल्लाचौरमा देखिन्छन् । प्रायः गरी तिनीहरू साथसाथै देखिन्छन् । यी दुई जातका चराहरू एक अर्कासँग मिसिन्छन् ।

२. प्रार्थना सभाहरूमा विभिन्न जातिका मानिसहरू एक आपसमा यसरी मिसिएका थिए कि तिनीहरूले आफूलाई एउटै परिवारका सदस्यहरू भएको महसुस गरेको तपाईंले देख्न सक्नु हुन्थ्यो ।

घ. कथा

*हाम्रा अघिल्ला केही कथाहरूबाट तपाईंले थाहा पाउनु भएको छ कि अब्दुल-बहा पहिलो पटक अक्का आइपुग्दा धेरै मानिसले उहाँलाई नराम्रो व्यवहार गरे । उनीहरू बहाईहरूप्रति क्रूर थिए र उनीहरूसँग बोल्न चाहँदैन थिए । चाँडै नै उनीहरूले बहाईहरू प्रेमपूर्ण र दयालु हुँदा रहेछन् भन्ने देखे र बिस्तारै शहरका अधिकांश बासिन्दाहरूले बदला लिनुको सट्टा दयालु भावना देखाउन थाले । तर आफ्नो रिस र घृणामा टाँसिएर बसेका केही व्यक्तिहरू भने छँदै थिए ।*

*अब्दुल-बहाप्रति आफ्नो हृदयमा थुप्रै घृणा अझै पनि बोकिरहेको एक मानिसले एक दिन अरूहरूले उहाँको महानता र असल स्वभावको प्रशंसा गरिरहेको सुन्यो । त्यो मानिस रिसले भुतुक्कै भयो । आक्रोशित हुँदै उसले भन्यो कि उनीहरूले सम्मान गर्ने उक्त व्यक्ति (अब्दुल-बहा) वास्तवमा त्यति विघ्न अदभूत छैनन् भनेर उसले देखाउने छ । अनि रिसले बलिरहेको हृदय सहित ऊ त्यहाँबाट हिंड्यो । त्यस घडीमा अब्दुल-बहा मस्जिदमा प्रार्थना गरिरहेको हुनुहुन्छ भन्ने उसलाई थाहा थियो र आफ्नो हिंस्रक हातहरू प्रिय स्वामीमाथि हाल्न तयार हुँदै ऊ त्यतैतिर लाग्यो । तर अब्दुल-बहाले त्यस व्यक्तिलाई सभ्यता र प्रतिष्ठाकासाथ हेर्नु भयो । हामीहरू सबै पाहुनाहरू हामीहरू भन्दा भिन्न रहेका पाहुनाहरू प्रति दानशील हुनु पर्छ भन्ने ईश्वरका शिक्षाहरू उसलाई प्रेमपूर्ण ढङ्गमा स्मरण गराउनु भयो । उहाँका यस्ता कुरा सुन्दा त्यस मानिसले महसुस गऱ्यो कि वास्तवमै अब्दुल-बहा र बहाईहरू उसको घर अक्काका पाहुना हुनुहुन्थ्यो । र दानशील परिचारक सरह उसले*

*उहाँहरूको स्वागत गर्नुपर्छ र उहाँहरूलाई दयालु भावनाले व्यवहार गर्नु पर्छ भन्ने कुरा पनि उसले महसुस गयो ।*

**ङ. खेलः "लुकेको गुण"**

आफ्ना हातहरू अगाडि पसारेर सबै बालबालिकाहरूलाई एउटा गोलाकार बनाउँन लगाउनुहोस् । एउटा सिक्का वा ढुङ्गाको टुक्रा हातमा लिएर वृत्तको बीचमा उभिनुहोस् । त्यो सिक्काले एउटा गुणको संकेत गर्छ, जस्तै "दया" । त्यस पछि बालबालिकाको अगाडिबाट हिँड्दै आफ्नो हात उनीहरूको हात माथि राखेर भन्नुहोस्, "जोन दयालु छ, मार्था दयालु छिन्, डर्बी दयालु छिन् आदि । शिक्षकले आफूलाई सिक्का दिए जस्तै गरेर प्रत्येक बालकले आफ्नो हात बन्द गरेर मुठी पार्नु पर्छ । शिक्षकले सिक्का एउटा बालकको हातमा वास्तवमै राखिदिनु पर्छ । शिक्षक पूरा चक्कर घुमेपछि एउटा बालकले सिक्का को सँग छ भनेर अड्कल लगाएर भन्नुपर्छ, "केन्जी दयालु छ ।" त्यस पछि केन्जीले आफ्नो मुठी खोल्छ र उसको हातमा सिक्का छ कि छैन देखाउँछ । प्रत्येक बालकले सिक्का को सँग छ भनेर पत्ता लगाउन अड्कल गर्ने तीन वटा मौका पाउँछ त्यसपछि अर्कै गुणलाई लिएर खेल फेरि दोहोऱ्याइन्छ ।

**च. रङ्ग भर्ने चित्र १६**

**छ. अन्तिम प्रार्थनाहरू**

## खण्ड १७

**क. प्रार्थनाहरू गर्ने र कण्ठस्थ गर्ने**

तपाईं र केही विद्यार्थीले केही प्रार्थनाहरू गरेपछि बालबालिकाहरूसँग तपाईंले उनीहरूले अघिल्ला ४ पाठहरूमा कण्ठस्थ गर्न प्रयास गरेका प्रार्थनाहरूको समीक्षा गर्न सक्नु हुन्छ । उनीहरूले कण्ठस्थ गरी भन्न सिकिरहेको अन्य प्रार्थनाहरूको समीक्षा गर्ने अवसर पनि तपाईंले लिन सक्नु हुन्छ ।

तिम्रो नाम  नै मेरो उपचार हो, हे मेरा ईश्वर र तिम्रो तिम्रो नाम नै मेरो औषधि हो । तिम्रो सामीप्य नै मेरो अभिलाषा हो र तिमीप्रतिको प्रेम मेरो साथी हो । म प्रतिको तिम्रो करुणा नै यस लोक र परलोकमा मेरो उपचार र आश्रय हो । निः सशय तिमी नै सर्वदानी, सर्व-ज्ञानी तथा सर्व-वृद्धिमान् छौ ।"[११८]

**ख. गीतहरू (अघिल्ला गीतहरूको समीक्षा समेत)**

**Source of Courage**

CHORUSM

Am
The source of courage and power
Dm E Am
Is the promotion of the Word of God
Am
The source of courage and power
Dm E Am
Is steadfastness in His love.
G
Forget about yourself
C
Stand up for what is right
E7
Defend those in need
Am
Rely upon His might.

Teach the Word of God
Be courageous in your deeds
Follow His path
To happiness it leads.

CHORUS

## ग. उद्धरणहरू कण्ठस्थ गर्ने

आज बालबलिकाले कण्ठस्थ गर्ने उद्धरणहरूको परिचय दिन तपाईंले तलको उक्ति प्रयोग गर्न सक्नु हुन्छ ।

सही कुराको पक्ष लिनु र हामीलाई खतरामा नै पार्ने अवस्था भए तापनि हाम्रो सहायता आवश्यक पर्नेहरूको रक्षा गर्नु नै साहसी हुनु हो । नचिनेका ठाउँहरूमा जान, नयाँ अवस्थाहरूको सामना गर्न र पहिले कसैले नगरेको काम गर्न साहस चाहिन्छ । ईश्वरप्रतिको हाम्रो प्रेम र सर्वोपरी रूपमा उनलाई प्रशन्न पार्ने हाम्रो चाहनाबाट हामी साहस प्राप्त गर्छौं जीवनको प्रत्येक अवस्थालाई हामीले साहसका साथ सामना गर्नुपर्छ भन्ने कुरालाई सम्झन हामी निम्न उद्धरणहरू कण्ठस्थ गरौं :

**"ईश्वरको वचनको प्रवर्धन गर्नु र उनको प्रेममा अडिग रहनु नै साहस र शक्तिको स्रोत हो ।"[११९]**

*प्रवर्धन*

१. सोवाका दुईजना साथीले विवाद शुरू गरे र एक अर्कासित साह्रै रिसाए । एक अर्काको विचारलाई बुझ्न र शान्ति कायम गर्न सोवाले उनीहरूलाई सहयोग गरे । सोवा सधै आफ्ना साथीहरूबीचमा शान्ति र समझदारीको प्रवर्धन गर्छन् ।

२. स्कुल जाँदा गीताले सहरमा नयाँ चलचित्र लागेको कुरा रेडियोबाट थाहा पाइन् । चलचित्र घरका मानिसहरूले त्यो चलचित्रलाई रेडियोबाट प्रवर्धन गरिरहेका थिए ।

*अडिगता*

१. प्रोमिल्लालाई आफू डाक्टर बन्ने चाहेको कुरा थाहा थियो । उनी विद्यालयमा सधैं कडा परिश्रम गर्थिन् र आफ्नो फुर्सदको समयमा अस्पतालमा स्वयंसेवा गर्थिन् । डाक्टर बन्ने आफ्नो निर्णयमा उनले अडिगता देखाइन् ।

२. ज्योनदाए एउटा विद्यालय शुरू गर्न एउटा अत्यन्तै दुर्गम गाउँ गए । आफ्नो परिवारको उनलाई याद आइरहृयो र उनले थुप्रै कष्टहरूको सामना गर्नु परे पनि उलने अडिगता देखाए र शिक्षकहरूलाई प्रशिक्षण दिँदै र बालबालिकाहरूसँग काम गर्दै उनी धेरै वर्ष सम्म गाउँमा बसे ।

*स्रोत*

१. क्योङ्मी उपत्यकाको एउटा गाउँमा बस्छन् । त्यहाँको पानी नजिकैको पर्वतको टाकुराको हिउँ पग्लेर निस्केको छ । पर्वतको हिउँ नै गाउँको पानीको स्रोत हो ।

२. श्रीमती पुट्टरका तीनजना सुन्दर र असल व्यवहार भएका बालबालिकाहरू छन् । उनका बच्चाहरू नै उनको हर्ष र खुसीका स्रोत हुन् ।

## घ. कथा

*अली- अक्सर पर्सियाका एक व्यापारी थिए । उनी बहाई बनेपछि धर्मको विरोध गर्नेहरूबाट उनले धेरै कष्ट पाए । छोटो समयको अन्तरालमा उनले आफूसँग भएको सबै कुरा गुमाए । तैपनि अली- अक्सर निराश बनेनन् । आफ्नो देशमा जीविकापर्जन गर्न नसकिने देखे पछि छिमेकको देशको एड्रियानोपल शहर तिर लाग्ने उनले निर्णय गरे ।*

*एड्रियानोपलमा उनीसँग थोरै सम्पत्ति भए पनि बिक्री गर्ने केही सामान प्राप्त गर्न उनी सफल भए । तर उनले एउटा मात्र सामान बिक्री गर्नु अगाडि नै उनीमाथि चोरहरूले आक्रमण गरेर उनलाई पूनः रित्तो बनाउँदै उनीसँग भएका सम्पूर्ण वस्तुहरू लगे ।*

*धेरै समय नवित्दै चोरहरूलाई पक्राउ गरियो र उनीहरूले प्राप्त गरेको विशाल धनराशी जफत गरियो । धनराशीबाट चकित भएका एक स्थानीय अधिकारीले सम्पत्ति आफै राख्नका लागि एउटा उपाय सोचे । उनले अली- अक्सरलाई आफ्नो कार्यालयमा बोलाए र आफ्नो उपायको व्याख्या गरे ।*

*"अली-अक्सर," उनले भने, "यी चोरहरू धेरै धनी छन् । सरकारलाई लेखेको प्रतिवेदनमा मैले चोरीको राशी ठूलो रहेको लेखेको छु । त्यसैले तिमी अदालतको सुनवाईमा उपस्थित हुनु पर्छ र सहजतापूर्वक मैले लेखेको कुराको साक्षी दिनु पर्छ ।" अधिकारीले यसरी सोंचे कि सबै रकम अली अक्सरलाई फिर्ता गरिने छ र उनीहरू दुबैले त्यो रकम बाँडेर लिनेछन् ।*

*अली - अक्सरलाई थाहा थियो की उनी त्यस्तो योजना अनुसार हिड्न सक्दैन थिए । "खान महोदय," उनले उत्तर दिए, "चोरिएका वस्तुहरू थोरै थिए । सत्य नै नभएको कुरालाई म कसरी प्रस्तुत गर्न सक्छु ? उनीहरूले मलाई सोधपुछ गर्दा म तथ्यहरू जस्ताको त्यस्तै बताउने छु । म यसलाई मात्र आफ्नो कर्तव्य ठान्छु ।"*

*अधिकारीले पूनः एक पल्ट अली- अक्सरलाई आश्वस्त पार्ने प्रयास गरे । "हामीलाई यहाँ एउटा सुर्वण अवसर छ," अधिकारीले भने, "यसबाट तिमी र म दुबैले फाइदा लिन सक्छौं । जीवनमा एकपटक आउने यस्तो मौका आफ्नो हातबाट उम्कन नदेऊ ।"*

*तर अली - अक्सरले यसो भन्दै पूनः इन्कार गरे, "खान महोदय, तर म यस कुरालाई लिएर ईश्वरको कसरी सामना गरुँला ? मलाई आफूले चाहे अनुसार कै हुन दिनुहोस् । म सत्य बोल्ने छु र सत्यको अलावा केही बोल्ने छैन ।"*

*यस्तो सुनेर ती अधिकारी रिसाए । अली - अक्सर उनको योजना अनुसार नमान्दा उनको सम्पूर्ण योजना निरर्थक हुने थियो र आफ्नो मुट्ठी निरै रहेको ठूलो धनराशी उनले गुमाउने थिए । त्यसैले तर्साएर सहयोग पाउने आशामा उनले अली - अक्सरलाई धम्काउन थाले । "म तिमीलाई जेलमा हाल्नेछु" उनले भने, "म तिमीलाई देशनिकाला गरिदिन्छु, तिमीलाई म कुनै पनि कष्ट दिनबाट बाँकी राख्ने छैन् ।" अनि उनले अली- अक्सरलाई भने उनी सहमत नभए उनलाई उनले पर्सिया फर्काइदिने छन् ।*

*अली अक्सर मुस्कुराए मात्र । "खान महोदय," उनले भने, "तपाईंलाई मनलाग्दो गर्नुहोस् जुन कुरा सत्य छ त्यसतिर म आफ्नो पिठ्यूँ फर्काउँदिन ।"*

## ङ. खेलः "सत्य कि असत्य"

छेउ छेउ गरी एउटै पंक्तिमा बालबालिकाहरूलाई उभिन भन्नुहोस् । अब बालबालिकाहरू परिचित रहेको कुनै विषयमा एउटा वाक्य भन्नुहोस् । वाक्य सत्य छ भने उनीहरू एक पाइला अगाडि उफ्रिनु पर्छ । वाक्य असत्य छ भने उनीहरू एक पाइला पछाडि उफ्रिनु पर्छ । थुप्रै अरू वाक्यहरू बनाउनुहोस्, प्रत्येक चोटी बालबालिकालाई "सत्य" र "असत्य" छुट्टयाउन दिनुहोस् ।

**च. रङ्ग भर्ने चित्र १७**

**छ. अन्तिम प्रार्थनाहरू**

## खण्ड १८

**क. प्रार्थनाहरू गर्ने र कण्ठस्थ गर्ने**

यो पाठमा शुरू गर्दै आउँदा छ पाठहरूमा बालबालिकाले तलका प्रार्थना कण्ठस्थ गर्छन् । प्रार्थनाबाट पाठ शुरू गरी तपाईंले उनीहरूलाई प्रार्थनामा शब्द र वाक्यका अर्थहरूको व्याख्या गरिदिनु पर्छ र शुरूका एक जोडी जति वाक्याशंहरू कण्ठस्थ गर्न सहयोग गर्नु पर्छ ।

**"हे मेरा प्रभु, हे मेरा प्रभु! म कम आयु भएको एक बालक हुँ । आफ्नो दयाको दुध खुवाएर मेरो पालन पोषण गर, तिम्रो प्रेममा मलाई निपुर्ण बनाऊ, आफ्नो मार्गदर्शनको पाठशालामा मलाई विद्यादान देऊ, तथा आफ्नो अनुग्रहको छत्र छायाँमा मेरो विकास गर । मलाई अन्धाकारबाट मुक्त गर, मलाई एउटा प्रकाशदायक दीयो बनाई देऊ । मलाई शोक संतापबाट मुक्त गरीदेऊ, मलाई आफ्नो गुलाबको बगैंचाको एक फूल बनाऊ । आफ्नो संघारमा मेरो सेवा स्वीकार गर तथा मलाई एक सत्कर्मीको प्रवृत्ति एवं प्रकृति प्रदान गर । मलाई मानव जगतको समृद्ध ल्याउने एक साधन बनाऊ तथा मेरो शिरलाई चिरस्थायी जीवन-मणि जोडिएको मुकुटद्वारा सुसज्जित गर । निःशंसय तिमी नै हौ सामर्थ्यवान्, सर्व शक्तिमान, सर्वद्रष्टा तथा श्रोता ।"[१५८]**

v. गीतहरू (अघिल्ला गीतहरूको समीक्षा समेत)

**There's a New Wind Blowin**

CHORUSM

```
      G            F G F G        F G F
There's a new wind blowin' across the sea
    G              F G F G       FG F
Theres anew wind blowin a callin me
```

Bb G            Bb G          Bb G Bb        G

It's a new way for a new Day, gonna set all men free.

C                    D

It makes you strong as a mountain

C               D

You move like the sea

C               D

With wings like a bird flying

C                   FDD7

Throughetemity.

CHORUS

It sings of love and one world
And one mankind
With no more war we will
All have peace of mind.

CHORUS

## ग. उद्धरणहरू कण्ठस्थ गर्ने

यस कक्षामा बालबालिकाले कण्ठस्थ गर्ने उद्धरणहरूलाई परिचय गराउन, तलका केही विचारहरू तपाईंले प्रयोग गर्न सक्नु हुन्छ ।

ईश्वरको प्रेम सदैव हामीसँग हुन्छ । उनले हामीलाई कहिल्यै पनि एक्लै छोड्दैनन् र हाम्रो जीवनभरि हामीलाई सहयोग गर्ने वचन दिन्छन् । एक पछि अर्को दिनमा के हुनेछ भनेर हामीलाई थाहा नहुने भएता पनि ईश्वरका उपहार र दानशीलताहरू सर्वत्र छन् भन्ने कुराको स्मरण हामी गर्छौं । त्यसैले भविष्यतिर हेर्दा हामी उनको असीम आशीर्वादको एक अंश प्राप्त गर्ने कुरामा विश्वस्त हुँदै आशावादी छौं । आशाहरूले भरिएका हृदयहरू लिएर हामी ईश्वरका दानशीलताहरू हामी माथि बर्षिने कुराको निरन्तर रूपमा अपेक्षा गर्दछौं । आशाको गुणको महत्व स्मरण गर्न आफूलाई सघाउन अब्दुल-बहाका यी शब्द कण्ठस्थ गरौं :

**“सधै आशावादी बन, किन भने मानवमाथि बहेको ईश्वरको अनुग्रह कहिल्यै रोकिंदैन ।”**[१५९]

१. मिङ्गले घमाइलो ठाउँमा बीउ रोपिन् र दैनिक रूपमा त्यसमा पानी हालिन् । त्यो हुर्किएको हेर्न उनी पर्खिएर बसिन् । एक दिन त्यो बीउ एउटा बलियो बिरुवा बन्ने कुरामा मिङ्ग आशावादी थिइन् ।

२. म्याटका असल मित्र एन्टोनियो अर्को शहरमा सरे । म्याटले आफ्नो साथीलाई भुल्न सकेनन् तर कुनै दिन उनीहरूले एक अर्कालाई भेट्ने कुरामा उनी आशावादी थिए ।

*अनुग्रह*

१. हरेक रात प्रार्थना गर्दा लिलियन आफूसँग थुप्रै कुराहरू भएको सौभाग्य बारे सोच्छिन् । उनी आफ्ना बुबा आमा, आफ्ना साथीहरू, आफ्ना शिक्षकहरू र आफू सुत्ने खाट समेतको बारेमा सोच्छिन् । आफूलाई अनुग्रह प्राप्त भएको प्रति लिलियन सधैं कृतज्ञ छिन् ।

२. राजेशसँग आफूलाई प्रेम गर्ने र हुर्कन मद्दत गर्ने थुप्रै मित्रहरू र नातेदारहरू छन् । उनीहरूको प्रेम र सहयोगको अनुग्रहप्रति राजेश कृतज्ञ छन् ।

*रोकिंदैन*

१. जब सम्म तहिरले धारा बन्द गर्दैन तब सम्म पानी बग्न कहिल्यै रोकिंदैन ।

२. बादल लागेका दिनहरूमा समेत सूर्यको प्रकाशले पृथ्वीलाई न्यानो बनाउँछन् । सूर्यको किरणहरू पृथ्वीमा आइपुग्न कहिल्यै रोकिंदैन ।

## घ. कथा

*कुनै समयमा आफ्नो घर नभएको एक मानिस थियो । ऊ लन्डनको थेम्स नदीको किनारामा बस्थ्यो । ऊ अत्यन्तै निराश थियो र जीवनमा खुशी हुने सम्पूर्ण आशाहरू गुमाइसकेको थियो । एक दिन ऊ एउटा पसल हुँदै गइरहेको बेला एउटा अखबारको एउटा तस्वीरमा उसका आँखाहरू परे । त्यो तस्वीरमा अब्दुल-बहाको अनुहार थियो । त्यो व्यक्ति ठिङ्ग उभियो, उक्त अनुहार हेरेको हेरै भयो । उसले अब्दुल-बहालाई कहिल्यै देखेको थिएन र उहाँ को हुनुहुन्छ भन्ने उसलाई थाहा थिएन, तर उसले उहाँलाई भेट्नै पर्छ भन्ने कुरामा ऊ निश्चित थियो । पत्रिकामा अब्दुल-बहा बस्नु भएको घरको ठेगाना दिइएको थियो त्यसैले त्यो मानिस उहाँलाई त्यहाँ भेट्ने आशा गर्दै हिंड्न थाल्यो । त्यो निक्कै लामो दूरी थियो- ३० माइल तर ऊ त्यहाँ नपुगञ्जेलसम्म हिंडिनै रह्यो ।*

*अन्ततः ऊ पुग्दा मानिस थाकेको र भोकाएको थियो र घरको मालिक्नीले दयापूर्वक उसलाई भित्र निम्त्याइन्, उसलाई केही खान कुरा दिइन् र केहीबेर आराम गर्न दिइन् । आराम गर्ने क्रममा उसले ती महिलालाई आफ्नो कथा सुनायो र अब्दुल-बहा त्यहाँ हुनुहुन्छ कि भनेर सोध्यो ।*

*"के उहाँले मलाई भेट दिनु हुन्छ ?" उसले सोध्यो, "मलाई समेत ?"*

*अब्दुल-बहाले उसलाई भेट दिने कुरामा आफू ढुक्क भएको कुरा ती महिलाले बताइसक्न साथ ढोकामा अब्दुल-बहा देखा पर्नु भयो । त्यो मानिस उठ्यो । र अब्दुल-बहाले उसलाई स्वागत गर्न आफ्नो हातहरू फैलाउनु भयो । यस्तो लाग्थ्यो त्यो मानिस एउटा पुरानो साथी थियो जसलाई भेट्न अब्दुल-बहाले धेरै अघिदेखि अपेक्षा गर्नु भएको थियो । उहाँले उसलाई प्रेम र करूणाका साथ स्वागत गर्नु भयो र आफ्नो छेउमै बस्न लगाउनु भयो ।*

*त्यसपछि मानिसहरूका हृदयमा गुमेको हर्षलाई फर्काउँन सधैँ जान्नु हुने अब्दुल-बहा त्यस मानिससँग कुरा गर्न थाल्नु भयो । त्यो व्यक्ति ईश्वरको अधिराज्यमा सम्पन्न भएको कुरा स्मरण गराउँदै आफ्नो दुःखलाई त्याग्न उसलाई प्रोत्साहित गर्नु भयो । अब्दुल-बहाले उक्त मानिसमा करूणा वर्षाउँदा उहाँका सान्त्वनाका शब्दहरूले उसको हृदयमा मलमको काम गर्न थाले र उसलाई शक्ति प्रदान गरे । बिस्तारै गर्दै उसको दुःख बिलाउँदै गयो । त्यहाँबाट हिड्नु अघि त्यस मानिसले अब्दुल-बहालाई भन्यो कि आइन्दा ऊ आफ्नो गरीबीलाई आफूकहाँ दुःख ल्याउन दिने छैन, बरु उसले खेतबारीमा काम खोज्ने छ, पैसा सञ्चय गर्नेछ र त्यसबाट केही खेती किन्ने छ जुन खेतीमा उसले बजारमा बेच्नका लागि भायलेट फूलहरू रोप्ने छ । त्यसरी निराशा आशामा परिणत गरिएको थियो ।*

**ङ. खेल : "बर्षा गराउने पानी पार्ने"**

तपाईंको वरिपरि बालबालिकालाई एउटा वृत्त बनाउँन लगाउनुहोस् । खेलको परिचय गराउन उनीहरूलाई आफूहरू पानी परोस् भनेर चाहना गर्दै मरूभूमिमा रहेको कल्पना गर्न लगाउँनुहोस् । त्यसपछि आफ्ना हत्केला मोल्नुहोस् र बालबालिकाहरूलाई पनि त्यसै गर्न भन्नु होस् । तर तपाईंले उनीहरू प्रत्येकलाई हेरेको बेला मात्र पालै पालो त्यसो गर्न भन्नुहोस् जब तपाईं पूरै वृत्तलाई भ्याउनु हुन्छ र सबै बालबालिकाले आफ्ना हत्केलाहरू मोल्छन् तपाईंले नयाँ गतिका साथ प्रत्येकलाई नहेरुञ्जेल सम्म मोलिरहन भन्नु होस् । अर्को गतिका लागि तपाईंले औंलाले चुट्की बजाउँन सक्नु हुन्छ, अनि थप्पडी बजाउन सक्नु हुन्छ, खुट्टाको माथिल्लो भागमा प्याट प्याट गरी पिट्न सक्नुहुन्छ र खुट्टा बजार्न सक्नु हुन्छ । सम्पूर्ण बालबालिकाले सृजना गरेको आवाज शुरूमा पानीका केही थोपाहरू झरेको जस्तो र अन्त्यतिर गएर ठूलो वर्षा भएको जस्तो भान हुनुपर्छ ।

**च. रङ्ग भर्ने चित्र १८**

**छ. अन्तिम प्रार्थनाहरू**

## खण्ड १९

**क. प्रार्थनाहरू पाठ र कण्ठस्थ गर्नु**

प्रार्थनाहरूबाट कक्षा शुरू गर्नुहोस् र अघिल्लो पाठका प्रार्थनाले प्रस्तुत गरेका केही समूह गान सिक्न बालबालिकालाई सहयोग गर्नुहोस् ।

ख. गीतहरू (अघिल्ला गीतहरूको समीक्षा समेत)

**Busy Hands**

CHORUSM

C F
Busy hands make happy children
C G
Happy children can be found
C F
Making other people happy
C F G C
Spreading peace and love around=
C F
Working hands to build a new world
C G
Everybody has a role
C F
All of us can be so thankful
C F G C
For we soon shall reach our goal.

CHORUS

God will help us build a new world
Where we all help someone else
All ofus will love our neighbor
More than we love our own selves.

CHORUS

(with last line repeated)

ग. **उद्धरणहरू कण्ठस्थ गर्ने**

यस पाठमा बालबालिकाहरूले विश्वसनीयता सम्बन्धी उद्धरणहरू कण्ठस्थ गर्नेछन् जसलाई तपाईंले निम्न ढङ्गमा परिचय गराउन सक्नु हुन्छ :

ईश्वरको नजरमा एउटा सबैभन्दा ठूलो गुण विश्वसनीयता हो । विश्वास योग्य मानिस सत्यवादी र इमान्दार हुन्छ र आफ्नो वचन पूरा गर्ने कुरामा उसमाथि भरोसा गर्न सकिन्छ । हामीले एउटा कुरा भन्ने तर अर्को कुरा गर्ने गर्नु हुन्न । हाम्रा कर्महरूले सदैव हाम्रा शब्दहरू प्रतिविम्बित गर्नु पर्छ । जब हामी विश्वास योग्य हुन्छौं हामीले हाम्रा उत्तरदायित्वहरू पूरा गर्न र कर्तव्यहरू पालना गर्न आफूले सक्दो राम्रो गर्छौं भन्ने कुरामा अरू मानिसहरू ढुक्क बन्न सक्छन् । यसरी सबैले आ-आफ्नो भाग काम गर्नेछन् भन्ने कुरा थाहा पाउँदै मानिसहरू मिलेर काम गर्न सक्षम हुनेछन् । विश्वसनीयताको महत्वबारे हामीलाई याद गर्न सहयोग पुऱ्याउन तलको उद्धरणहरू कण्ठस्थ गरौं :

**"विश्वसनीयता त्यो महत्तम कपाट हो, जसले मानिसहरूलाई शान्त र सुरक्षा तर्फ डोऱ्याउँछ ।"**[१६०]

*विश्वसनीयता*

१. अथोसले आफ्नी आमालाई बेलुकीको खाना बनाउन सहयोग गर्ने वचन दियो । बाहिरतिर खेल्न जाउँ भनेर उसलाई अनुरोध गर्न साथीहरू घरमा आउँदा अथोसले आमालाई आफूले दिएको वचनलाई सम्झेयो र आफ्ना साथीहरूलाई कुनै अरू समयमा उनीहरूसँग खेल्ने कुरा बतायो । अथोसले विश्वसनीयताको गुण देखायो ।

२. भलिबलको टिममा सुनितालाई स्वीकार गरेको छु भनेर प्रशिक्षक (कोच) ले सुनितालाई भन्यो तर आफूले यस कुराको आधिकारिक घोषणा नगरुन्जेलसम्म यो कुरा कसैलाई उल्लेख नगर्नु भनेर उनलाई आग्रह गऱ्यो । सुनिता अत्यन्तै उत्साहित बनेकी भए पनि उनले आफ्ना अत्यन्तै निकटका साथीहरू समेतलाई यो कुरा सुनाइनन् । सुनिताले विश्वसनीयताका साथ कार्य गरिन् ।

*शान्त*

१. जब जब एमिलियोले महत्वपूर्ण निर्णयहरू गर्नु पर्ने हुन्छ ऊ विचार र चिन्तन गर्नका लागि एउटा एकान्त ठाउँ खोज्छ । ऊ नजिकैको बगैंचामा जान्छ र त्यसको शान्त वातावरणमा ऊ आफ्नो दिमाग र हृदयलाई स्वच्छ बनाउन सक्षम हुन्छ ।

२. ठूलो आँधीबेरी भैसकेपछि सबै कुरा अनौठो रूपमा सुनसान र स्थीर बन्यो। आँधीबेरी पछि शान्त र एकान्तपन आयो।

*सुरक्षा*

१. जब शिशु जनावर त्रसित हुन्छ, सुरक्षाका लागि प्रायः गरी आफ्नो आमातिर दगुर्छ। आमाले आफ्ना सन्तानलाई सुरक्षा प्रदान गर्छिन्।

२. तबिया पहाडहरूमा हराउँदा तल गाउँका पथ प्रदर्शकहरू उनलाई खोज्न आए। उनीहरूले उनलाई फेला पार्दा उनीहरूले उनलाई सुरक्षाको अवस्थामा फर्काउँछन् भनेर बुझ्दै उनले सुरक्षाको अनुभूति गरिन्।

**घ. कथा**

*धेरै वर्ष अघि धर्मका प्रारम्भिक दिनहरूमा केही देशहरूमा फैलिएर बसेका बहाईहरूको संख्या थोरै थियो। उनीहरूले धेरै चुनौतिहरूको सामना गर्थे र धर्मको प्रगतिबारे समाचार पढाउँदै र विभिन्न प्रश्नहरू सोध्दै उनीहरू पवित्र भूमिमा बहाउल्लाह र पछि गएर अब्दुल-बहालाई चिट्ठीहरू लेख्थे। गन्तव्यमा पुग्न चिट्ठीहरूले लामो यात्रा गर्नु पर्थ्यो र बहाउल्लाह र अब्दुल-बहाले धेरै प्रेम र सावधानीका साथ प्रत्येक चिट्ठीको जवाफ दिनु हुन्थ्यो। उहाँहरूका कलमबाट प्रवाहित हुने सुन्दर श्लोकहरू ती प्राप्त गर्ने अनुयायीहरूका लागि बहुमूल्य उपहार हुन्थे। उहाँहरूका प्रोत्साहनका शब्दहरूले ती प्रारम्भिक बहाईहरूलाई बलियो बनाए र उनीहरूका हृदयहरूलाई प्रसन्न पारे। त्यसैले यो सञ्चारको प्रवाह भङ्ग नहुनु अत्यन्तै महत्वपूर्ण कुरा थियो।*

*धर्मको इतिहासको एउटा अत्यन्तै अन्धकार कालखण्डमा, धर्मका शत्रुहरू अब्दुल-बहा विरुद्ध उठे। उहाँको बढ्दो प्रभावको ईर्ष्या गर्दै उनीहरूले उहाँलाई निर्वासित गराउने, अथवा त्यो भन्दा खराब कुरा, उहाँलाई मृत्युदण्ड दिलाउने आशा गरेका थिए। उहाँको घर वरिपरि गुप्तचरहरू छोडिएका थिए र उहाँमाथि निरन्तर निगरानी राखिएको थियो। अब्दुल-बहा र उहाँका समर्पित मित्रहरू बीचको पत्रचारलाई रोक्न सकेको भए र उहाँहरूबीचको सम्पर्कलाई भङ्ग गर्न सकेको भए उहाँका शत्रुहरू कति खुशी हुने थिए होलान्, अधिकारीहरूलाई दिग्भ्रमित गर्न सकिने केही कागजातहरू उनीहरूले चोर्न सकेका भए झन् कति बढी खुशी हुने थिए होला ! तर अब्दुल-बहा विचलित हुनु भएन्। बत्तीको उज्यालोको छेउमा बसेर रानी अबेरसम्म उहाँले लेखिएको प्राय गरी देख्न सकिन्थ्यो किनभने उहाँले चिट्ठीहरू प्राप्त गर्ने र पठाउने एउटा सुरक्षित माध्यम निश्चित गर्नु भएको थियो, यस्तो कार्य जुन सबै भन्दा विश्वसनीय अनुयायीहरूलाई मात्र दिन सकिन्थ्यो।*

*त्यस क्षेत्रमा सियिद मुहम्मद - ताकी मानशादी नामक एक मानिस बस्थे । उनी किशोर अवस्थातिर पर्सियाबाट आएका थिए र हाइफामा एउटा सानो व्यवसाय स्थापना गरेका थिए । त्यहाँ पवित्र भूमिमा आउने धेरै मित्रहरूलाई उनी आफ्नो घरमा स्वागत गर्थे । यात्राको बन्दो बस्त गर्न उनीहरूलाई सहयोग गर्थे र उनी अविचलित निर्भरताका लागि चिनिएका थिए । उनी यति भरपर्दो थिए कि उनको घर पवित्र भूमिका बहाईहरूका प्राय सबै चिट्ठीपत्रहरू र विदेशमा पठाइने प्रतिउत्तरहरू आउने जाने केन्द्र बनेको थियो । प्रत्येक चिट्ठी तत्कालै र सुरक्षित ढङ्गमा पठाउन उनी माथि भर पर्न सकिने कुरा सबैलाई थाहा थियो ।*

*साँच्चै हो, धर्मका शत्रुहरूलाई पनि यो कुरा थाहा थियो त्यसैले सियिद मुहम्मद- ताकी मानशादी ठूलो खतरामा थिए । धर्ममा चोट पुऱ्याउन शत्रुहरूले सम्भव भएका हरेक उपाय प्रयोग गर्न सक्ने कुरा अब्दुल-बहाले बुझ्नु भएको थियो । उनीहरूले निसन्देह चिट्ठीपत्रहरू बीचमै रोक्न वा बन्द गर्ने प्रयास गर्ने थिए र मुम्मद - ताकी चाँडै नै उनीहरूका षडयन्त्रहरूका तारो बन्ने थिए । यसैले अब्दुल-बहाले के गर्नु भयो भन्ने तपाईंलाई लाग्छ ? मुहम्मद - ताकी माथि उहाँको यति आत्माविश्वास थियो कि उहाँले उनको बहुमूल्य सेवा छुट्न दिन चाहनु भएन । त्यसैले उहाँले उनलाई नजिकै मिश्रको पोर्ट साईड भन्ने ठाउँमा सुरक्षित अवस्थामा बस्न पठाउनु भयो र आफ्ना शत्रुहरूले शंका नगर्ने गरी उनी कहाँ चिट्ठी ओसार पसार गर्न अरू मानिसहरू खटाउनु भयो र त्यहाँ पोर्ट साईडमा मुहम्मद - ताकीले सधैं झैं टाढा टाढाका भूमिहरूमा बहाईहरूका लागि चिट्ठीपत्रहरू पठाउने र प्राप्त गर्ने काम कायमै राखे, अब्दुल-बहाले उनी माथि राखेको भरोसामा उनी कदापि विचलित भएनन् । यसरी अत्यन्तै अन्धकार समयमा पनि पवित्र भूमिबाट चम्कीएको मार्गदर्शनको प्रकाश अत्यन्तै दुर्गम स्थानहरूमा मित्रहरूबीच पुगिरह्यो ।*

## ङ. खेलः "अन्धो मान्छे"

बालबालिकालाई जोडीमा विभाजन गर्नुहोस् । जोडीको एउटा बालक वा बालिकाको आँखामा पट्टी बाँधिदिनुहोस् र अर्कोलाई ती बालक वा बालिकालाई यताउति डोऱ्याउन लगाउनुहोस् । यसो गर्दा पट्टी बाँधिएको बालक वा बालिका नलडोस् भन्ने कुरामा ख्याल पुऱ्याउनु पर्छ खेल थप चुनौतिपूर्ण बनाउन पट्टी बाँधिएको व्यक्तिलाई रूखका टुना (मुडा) हरू, खाल्टाहरू, ढुङ्गाहरू र टायरहरू (गाडीका पाङ्गा) बीच डोऱ्याउन सकिन्छ । तपाईंको विद्यार्थीमा निर्देशन दिने र लिने क्षमता बढाउने आखाँमा पट्टी बाँधिएको बालक वा बालिकालाई मौखिक निर्देशनहरूबाट मात्र पनि मार्गनिर्देशन गर्न सकिन्छ । यसो गर्दा उसलाई लड्नबाट बचाउन मार्ग निर्देशक उसको नजिकै रहिरहनुपर्छ ।

माथिको खेलको बिकल्पको रूपमा सबै विद्यार्थीका आँखामा पट्टी बाँध्न र उनीहरूलाई ताँतीमा राखेर रेल गाडी बनाउन सकिन्छ । नेतृत्व तपाईं वा एउटा विद्यार्थीबाट हुन सक्छ ।

च. रङ्ग भर्ने चित्र १९

छ. अन्तिम प्रार्थनाहरू

## खण्ड २०

**क. प्रार्थनाहरू पाठ गर्ने र कण्ठस्थ गर्ने**

शुरूका प्रार्थनाहरू गरिएपछि कण्ठस्थ गर्न खोजिरहेको प्रार्थनाका थप केही वाक्यांशहरू सिक्ने कुरामा बालबालिकाहरू केन्द्रित हुनुपर्छ ।

ख. गीतहरू (अघिल्ला गीतहरूको समीक्षा समेत)

**Look at Me**

```
C
Look at Me
          F
Follow Me
G7      C
Be as I am
      F          G               C
'Abdu'l–Bahá, 'Abdu'l–Bahá.
```

Teach the Faith
Follow Me
Be as I am
'Abdu'l–Bahá, 'Abdu'l–Bahá.
Serve your Lord
Follow Me
Be as I am
'Abdu'l–Bahá, 'Abdu'l–Bahá.
Love mankind
Follow Me
Be as I am
…Abdu'l–Bahá, …Abdu'1–Bahá.
Look at Me

Follow Me
Be as I am
'Abdu'l–Bahá, 'Abdu'l–Bahá.

## ग. उद्धरणहरू कण्ठस्थ गर्ने

आजको उद्धरणहरूलाई परिचय गराउन तलको कुरालाई व्याख्या गर्न सक्नु हुनेछ :

ईश्वरलाई चिन्न र उनको प्रेम गर्न प्रत्येक मानवको सृष्टि गरिएको हो, र हामी सबैका हृदयमा उनको प्रेमको झिल्को हुन्छ । दैनिक रूपमा उनको प्रार्थना गर्दै र अरूहरूको सेवा गर्दै ईश्वर प्रेमको ज्वालालाई पोषण गर्नु महत्वपूर्ण हुन्छ । र यो ज्वाला बढीभन्दा बढी तिव्रताका साथ बल्दैजाँदा हाम्रो सम्पर्कमा आउने सबै मानिसले यसलाई महसुस गर्न सक्छन् र त्यसको प्रकाशले उनीहरूको मनलाई प्रकाशमय पार्न सक्छ । यसरी हामी प्रज्ज्वलित हुँदा हामी बलेको मैन जस्तै हुन्छौं जसले प्रकाश नदिइ रहन सक्दैन । तलका उद्धरणहरूलाई कण्ठस्थ गरौं :

**"वस्तुतः तिम्रो हृदयमा उनको प्रेमको आगो प्रदिप्त गर्न म ईश्वरसँग याचना गर्दछु ... ।"**[१६१]

*याचना गर्नु*

१. एक दिन जर्ज नाम गरेको एउटा अत्यन्तै विश्वसनीय सेवक सहायताका लागि आफ्नो राजा कहाँ गयो । जर्जकी छोरी धेरै बिरामी थिइन् र राजाका डाक्टरले आएर उनलाई हेरिदिन्छन् कि भनेर उसले विन्ती गऱ्यो । आफ्नी छोरीलाई सहयोग गर्नका लागि डाक्टर पठाइ दिन जर्जले राजासँग याचना गऱ्यो ।

२. संसारको कुनै अर्को क्षेत्रमा आफ्ना सम्पूर्ण घरहरू बाढीले बगाएकोले बालबालिकाहरू पीडित हुनु परेको कुरा तातियानाले स्कूलमा सुनिन् । तातियाना आफ्ना टाढाका भाईबहिनीहरू प्रति धेरै चिन्तिन भइन् र त्यस रात उनले ईश्वरसँग उनीहरूका लागि मद्दत माग्ने प्रार्थना गर्दा उनीहरूलाई सम्झिन् । तातियानाले ईश्वरसँग उनको सहयोगका लागि याचना गरिन् ।

*प्रदिप्त हुनु*

१. घर चिसो थियो त्यसैले एकसलका बुबाले आगो बाल्ने निर्णय गरे । उनले अगेनामा ठूला दाउरा हाले र ती मुनि ससाना पातपतिङ्गरहरू सल्काए । चाँडै नै दाउरा बल्यो र आगोले कोठालाई न्यानो र प्रदिप्त बनायो ।

२. स्कूलमा एकजना वैज्ञानिक आइन् र उनले विद्यार्थीहरूलाई हाम्रो ब्रह्माण्डमा हुने थुप्रै रोचक कुराहरूको व्याख्या गरिन् । उनको प्रस्तुती पछि विद्यार्थीहरूले विभिन्न प्रश्नहरू सोध्न थाले । संसारबारे अरू बढी कुराहरू बुझ्ने विद्यार्थीहरूको चाहनालाई सन्तुष्ट र प्रदिप्त पारिन् ।

घ. कथा

थोमस ब्रेक्वेल एक युवा अंग्रेज थिए जो १९ औं शताब्दीको अन्त्यतिरसम्म जीवित थिए । अमेरिकाको दक्षिण भेकमा एउटा कपासको मिलमा उनले एउटा महत्वपूर्ण पद ओगटेको थिए । विदाको समय उनी यूरोपमा विताउँथे सन् १९०१ को गृष्ममा यूरोप जाने क्रममा पानी जहाजमा उनले एउटा महिलालाई भेटे र उनीसँग आध्यात्मिक विषयहरू बारे कुरा गर्न थाले । उनीहरू पेरिस पुगेपछि ती महिलाले आफ्नी एक साथीसँग भेट गर्न लगिन् । ती साथी शहरमा डेरा गरी बस्थिन् र उनले पनि आध्यात्मिक कुराहरूमा रुची राख्छिन् भन्ने कुरा ती महिलालाई थाहा थियो । ती किशोरीले उनीहरूको स्वागत गरिन् र तीनैजना केही बेर वार्तालाप गरे । बोल्नका लागि फेरि आउन सक्छु कि भनेर ब्रेक्वेलले त्यहाँबाट हिंड्नु अगाडि ती किशोरीलाई सोधे । उनलाई भोलिपल्ट बिहान आउनु सक्नु हुन्छ भनियो ।

भोलिपल्ट ब्रेक्रवेल त्यहाँ पुग्दा ती किशोरीले देखिन् कि उनका आँखाहरू उज्यालो भएर चम्किरहेका थिए र उनको आवाज भावुकताले भरिएको थियो । उनले ब्रेक्वेललाई बस्न आग्रह गरिन् । ब्रेक्वेलले केही क्षण उनलाई मन लगाएर हेरे र एउटा अनौठौ अनुभूतिको वर्णन गरे । अघिल्लो दिन उनको घरबाट निस्केपछि उनी साँझको न्यानो र भारी हावामा एक्लै बाटोमा हिंडेका थिए । उनको वरिपरि एउटा पात समेत हल्लिएको थिएन । अनि अचानक ठूलो हावा आयो र उनले त्यस हावामा मीठो र शक्तिशाली स्वर सुने जुन स्वरले ईश्वरबाट एउटा नयाँ सन्देश आएको कुरा बतायो ।

किशोरीले उनलाई शान्त रहन भनिन् । कुरा के भने ब्रेक्वेलले उनलाई सुनाइरहेको सन्देशबारे उनलाई ज्ञान थियो । आउँदा तीन दिन घण्टौको वार्तालापको क्रममा उनले बहाई धर्मबारे आफूले सक्दो सम्पूर्ण कुरा बताइन् यसको इतिहास र यसका शिक्षाहरू बारे र ती शिक्षाका उत्तम नमूना अब्दुल-बहा बारे जो पवित्र भूमिको बन्दीगृह शहर अक्कामा बसिरहनु भएको थियो ।

तीन दिनको अन्त्यमा ब्रेक्वेलको हृदय हर्ष र आशाले यसरी भरिएको थियो कि उनी अक्का गएर अब्दुल-बहालाई भेट्नु बाहेक अन्य कुनै कुरा चाहिरहेका थिएनन् । संयोगवश यसै उद्देश्यका लागि पवित्र भूमिको यात्रा गर्न पहिले नै योजना बनाएका अर्का एक युवा पनि त्यहाँ थिए, र उनी ब्रेक्वेललाई साथै लिएर जाने कुरामा अत्यन्तै खुशी बने । त्यसैले उनी

अक्का जान अब्दुल-बहासँग अनुमति माग्दै चिठ्ठी लेखियो र छोटो समयको अन्तरालमै उनीहरू बाटो लागे ।

उनीहरू अब्दुल-बहाको घर पुग्दा अन्य कोही मानिसहरू रहेको एउटा कोठामा उनीहरूलाई लगियो । वरिपरि हेरेपछि ब्रेक्वेल अत्यन्तै चिन्तित बने । त्यहाँ कोही पनि थिएन जसप्रति उनको हृदय आकर्षित भयो र ती उपस्थित मध्ये अब्दुल-बहा पनि हुनुहुन्छ होला भनेर सोच्दै पेरिसमा आफूले थाहा पाएका ती दैवी व्यक्तित्वलाई चिन्नमा आफू असफल रहेको डर उनलाई भयो । त्यसै क्षणमा एउटा ढोका खुल्यो र ब्रेकबेलले त्यतापट्टी हेरे । उनले त्यहाँ एउटा उज्ज्वल प्रकाश देखे जुन प्रकाशबाट अब्दुल-बहाको आकृति प्रकट भयो । आफ्नो अत्यन्तै प्रिय इच्छा पूरा भएको उनले तत्कालै बुझे ।

ब्रेक्वेलको अब्दुल-बहको उपस्थितिमा दुई गौरवमय दिनहरू विताए जुन समयमा उनीभित्र प्रज्ज्वलित भएको आगो झन् झन् बलियो बन्यो । ब्रेक्वेलले अब्दुल-बहालाई कपासको मिलको आफ्नो काम बताए जहाँ बालबालिकाहरूलाई मजदूरको रूपमा प्रयोग गरिन्थ्यो । अब्दुल-बहाले उनलाई त्यस कामबाट राजीनामा दिने सल्लाह दिनु भयो र उनले कुनै हिचकिचाहट बिनै त्यसै गरे । भ्रमणको अन्त्यमा प्रदिप्त हृदय लिएर उनी पेरिस फर्के । अब राम्रो आम्दानी हुने कपासको मिलबाट उनलाई कुनै आम्दानी आउँदैनथ्यो र उनी बिरामी भएर धेरै कष्ट पाए । तर यी कुराहरूले उनको हर्षलाई अलिकति पनि धमिल्याएन । उनी एउटा उज्यालो मैनवत्ति जस्तै बलिरहे र अन्ततः विमारबाट पराजित नहुञ्जेलसम्म आफूले भेटेका सबैसँग आफ्नो प्रकाश बाँडे । उनको निधनपछि अब्दुल-बहाले उनको सम्मानमा एउटा धर्मपत्र प्रकट गर्नु भयो जसमा निम्न श्लोकहरू छन्: "हे ब्रेक्वेल ! मेरा प्रिय ! तिमीले उच्च लोकको समूहको बत्तीमा ज्वाला सल्काएका छौ, तिमीले आभाको स्वर्ग लोकमा पाइला टेकेका छौ, तिमीले बर वृक्षको छायाँमुनि छहारी प्राप्त गरेको छौ, तिमीले स्वर्गमा उनको बैठक प्राप्त गरेको छौ ।"

## ङ. खेल : "बिरामीको सहयोग गर"

"बिरामी "भएको नक्कल गर्न एक जना बालक वा बालिका छान्नुहोस् । अब एउटा "कुर्सी "बनाउन दुई बालबालिकालाई उनीहरूका हातहरू पक्रन लगाउनुहोस् (दाहिने हातलाई दाहिने हातले र देब्रे हातलाई देब्रे हातले समात्ने) अन्य सहपाठीहरूले "बिरामी साथी" लाई "कुर्सी" मा राख्न सघाउनु पर्छ । "स्वस्थ्य केन्द्र" को रूपमा एउटा रूख वा अन्य कुनै खास स्थान छान्नुहोस् र "कुर्सी" बनाएका बालबालिकालाई "बिरामी बच्चालाई त्यस स्थानमा पुऱ्याउन भन्नु होस् ।

ठूलो समूह भए बालबालिकालाई "कुर्सी" को सट्टा "स्ट्रेचर" बनाउन लगाउन सकिन्छ । उनीहरूले दुई पंक्तिमा एक अर्काको मुखामुख गर्दै यसो गर्न सक्छन् । उनीहरूले आफ्नो पाखुराहरूलाई कुहिनोमा दोबार्नु पर्छ र प्रत्येकले आफ्नो सामुन्नेको बालक वा बालिकाको

पाखुराको अघिल्लो भागमा समात्नु पर्छ । अनि "बिरामी बच्चा" "स्वस्थ्य केन्द्र" मा पुऱ्याइनका लागि "स्ट्रेचर" मा सुत्नु पर्छ ।

### च. रङ्ग भर्ने चित्र २०

### छ. अन्तिम प्रार्थनाहरू

## खण्ड २१

### क. प्रार्थनाहरू गर्ने र कण्ठस्थ गर्ने

शुरूका प्रार्थनापछि विद्यार्थीहरूले पाठ १८ मा प्रस्तुत प्रार्थना कण्ठस्थ गर्ने कार्य कायमै राख्नु पर्छ ।

### ख. गीतहरू (अघिल्ला गीतहरूको समीक्षा समेत)

**Siyahamba**

D G D
Siyahamba' ekukhanyen' kwenkhos
A D
Siyahamba' ekukhanyen' kwenkhos
D G D
Siyahamba' ekukhanyen' kwenkhos
A D
Siyahamba' ekukhanyen' kwenkhos.
G D
Siyahamba, hamba, Siyahamba, hamba
A7 D D7
Siyahamba' ekukhanyen' kwenkhos
G D
Siyahamba, hamba, Siyahamba, hamba
47 D
Siyahamba' ekukhanyen' kwenkhos.

We are marching in the light of God
We are marching in the light of God

We are marching in the light of God
We are marching in the light of God.

We are marching, marching
We are marching, marching
We are marching in the light of God.

We are marching, marching
We are marching, marching
We are marching in the light of God.

Siyahamba' ekukhanyen' kwenkhos
Siyahamba' ekukhanyen' kwenkhos
Siyahamba' ekukhanyen' kwenkhos
Siyahamba' ekukhanyen' kwenkhos.

Siyahamba, hamba, Siyahamba, hamba
Siyahamba' ekukhanyen' kwenkhos
Siyahamba, hamba, Siyahamba, hamba
Siyahamba' ekukhanyen' kwenkhos.

We are singing as one family
We are singing as one family
We are singing as one family
We are singing as one family.

Siyahamba, hamba, Siyahamba, hamba
Siyahamba' ekukhanyen' kwenkhos
Siyahamba, hamba, Siyahamba, hamba
Siyahamba' ekukhanyen' kwenkhos.

**ग. उद्धरणहरू कण्ठस्थ गर्ने**

आजको कक्षामा बालबालिकाहरूले कान्ति (तेज वा चमक) सम्बन्धी एउटा उद्धरणहरू कण्ठस्थ गर्नेछन् जसलाई तपाईंले दिए अनुसार परिचय गराउन सक्नु हुन्छ :

ईश्वर प्रेमको प्रकाशले हाम्रा हृदयहरूलाई प्रज्ज्वलित गर्न कहिल्यै छोड्दैनन् । यो प्रकाश झन् झन् चम्किलो बन्दै जाँदा हाम्रो दया भावना पनि अझ बलियो बन्दै जान्छ । अनि हाम्रो वरिपरिका मानिसहरूले हाम्रा हर्षमय र दयालु कार्यहरू तथा हाम्रा उज्ज्वल र चम्किला अनुहारहरूको माध्यमबाट हाम्रो प्रेमको न्यानोपन महसुस गर्न सक्छन् । हाम्रो हृदयलाई उज्यालो पार्ने चमकतिर उनीहरूले आकर्षित भएको महसुस गर्छन् । कान्तिको महत्व स्मरण गर्न तलको उद्धरणहरू कण्ठस्थ गरौं :

**"हे जीवका पुत्र ! तिमी मेरो दीपक हौ र मेरो ज्योति तिमीमा नै छ । त्यसैबाट तिमी आफ्नो प्रकाश प्राप्त गर र म बाहेक अरूहरूलाई नखोज... ।"**[१६२]

***प्रकाश***

१. कहिलेकाहीं हामी अँध्यारो कोठाबाट बाहिर निस्कँदा हाम्रा आँखाहरू उज्यालोमा बानी नपरुन्जेलसम्मका लागि तिनलाई छोप्नु पर्ने हुन्छ । हामीले हाम्रा आँखाहरूलाई सूर्यको प्रकाशबाट बचाउनु पर्छ ।

२. श्रीमती सान्तोषले सबैलाई आफ्नै परिवार सरह मन पराउँछिन् । उनी अरूहरूप्रति दानशील, दयालु र सहयोगी हुन्छिन् । उनी भित्रको प्रेमलाई उनलाई भेट्ने सबैले महसुस गर्छन् । उनको प्रेमले उनीहरूलाई हर्ष दिन्छ । सबै उनको प्रकाशबाट प्रभावित हुन्छन् ।

***खोज्नु***

१. शिशु चरा फूलबाट निस्केपछि त्यसलाई खुवाउन आमा चराले खाने कुरा खोज्छिन् । आमा चराले नयाँ चल्लाका लागि खाने कुरा खोज्छिन् ।

२. स्कूलले सबै विद्यार्थीलाई घुम्न जाने निम्तो दियो । घुम्न जानका लागि उनीहरूले अभिभावकहरूको अनुमति लिनु पर्थ्यो । घुम्न जानका लागि विद्यार्थीका अभिभावहरूको अनुमतिपत्र स्कूलले खोज्नु पर्थ्यो ।

## घ. कथा

*डोरथी बेकर कुलिन र विशिष्ट महिला थिइन् र बहाई धर्मको एक महान व्यक्तित्व थिइन् । उनी बालकैछँदा अब्दुल-बहाले पश्चिमको भ्रमण गर्ने क्रममा उनले उहाँलाई भेटेकी थिइन् । उनी उहाँको कान्ति र प्रेमप्रति यति आकर्षित थिइन कि उनले उहाँका पाइलाहरू अनुसरण चाहना गरिन् ।*

*डोरथीको हजुरआमा, एलेन विचरले उनलाई अब्दुल-बहालाई भेट्न लगिन् । डोरथी कहिल्यै नगएको घरमा पुगेपछि, उनी एउटा कोठामा प्रवेश गरिन्, जहाँ शान्त र आदरपूर्ण ढङ्गमा बोलिरहेका थुप्रै मानिसहरू अब्दुल-बहालाई बोल्न पर्खदै थिए । उनीहरू कोठमा पस्दै गर्दा अब्दुल-बहा श्रीमती विचरलाई हेरेर मुस्कुराउनु भयो र बालिका डोरथीलाई आफू छेउँ बस्न इशारा गर्नु भयो । डोरथी अत्यन्तै लज्जालु बालिका थिइन् । भूइँबाट आँखा उठाएर माथि नहेरी उनी अब्दुल-बहाको छेउँमा रहेको पाउदानी नजिक पुग्न उहाँको वरिपरि बसिरहेका मानिसहरूलाई पार गर्दै हिंडिन् ।*

*अब्दुल-बहा बोल्ने क्रममा उनी आफ्ना आँखाहरू तल झारेर काला जुत्ताहरूलाई हेर्दै बसिन् । उहाँले उनलाई हेर्नु भएन र उनले पनि उहाँलाई हेर्ने साहस गरिनन् । डोरथी नर्भस थिइन् र तलतिर हेरिरहिन्, के हुने होला भनेर डराउँदै । तर उनी बिस्तारै शिथिल भइन् र उनको डर भाग्यो । एउटा गहिरो चाहनाको भावले उनलाई समात्यो । आफ्नो आत्मा अब्दुल-बहाको प्रेमको विशालतामा लुप्त पार्ने बलियो चाहनाले उनी भरिइन् । उहाँको उपस्थितिको न्यानोपनमा लपेटिएर उनी उहाँको कान्तिबाट प्रभावित भइन् ।*

*डोरथीको भय झनै ठूलो शक्तिबाट विस्थापित भएको थियो । अब्दुल-बहाबाट एक क्षणका लागि पनि छुटिएर रहने कल्पना उनले गर्न सकिनन् । उहाँका प्रमेपूर्ण आँखाहरूले ईश्वरका आध्यात्मिक संसारहरूबारे उनलाई बताइरहेका जस्तो लाग्थ्यो । उहाँको कान्ति चुम्बकीय थियो । आफैले थाहै नपाई डोरथीले आफूलाई अब्दुल-बहाको दिशातर्फ अभिमुख भएको पाइन् । उनको कुहिना उनका घुँडाहरूमा थिए र उनको चिउँडो उनका हातहरूमा थियो र उनी अब्दुल-बहाको उज्ज्वल अनुहारमा एकटक लगाएर हेरिरहेकि थिइन् ।*

*अब्दुल-बहाले त्यस दिन के बोल्नु भयो डोरथीलाई सम्झना भएन । उनले केवल उहाँको दयालु अनुहार, उहाँको मीठो स्वर, र उहाँको सामिप्यको न्यानोपन सम्झिइन् । उनको हृदयमा रहेको प्रेम यति गहन थियो कि अन्ततः उनले अब्दुल-बहालाई एउटा चिट्ठी लेख्ने निर्णय गरिन् । चिट्ठीमा उनले उहाँ र उहाँका पिता बहाउल्लाहको धर्मको सेवा गर्न पाउँ भनेर उहाँसँग विन्ती गरिन् । डोरथीलाई लेखेको चिट्ठीमा अब्दुल-बहाले उनको लक्ष्यको प्रशंसा गर्नु भयो, ईश्वरका कृपाहरू प्राप्त हुने आश्वासन दिनु भयो, र उनी आफ्नो चाहनामा सफल हुनेछिन् भन्ने आशा व्यक्त गर्नु भयो । अनि वास्तवमै डोरथीले ईश्वर मानवताको सेवामा आफ्नो सम्पूर्ण जीवन समर्पित गरिन् ।*

### ङ. खेलः "दुई तर्फी नक्कले"

बालबालिकालाई जोडी बनाई विभाजन गर्नुहोस् । प्रत्येकले एक अर्कालाई मुखामुख गरि बस्नु पर्छ । अब प्रत्येक जोडीमा एउटा बालक वा बालिकालाई हलचल गर्न लगाउनुहोस् । जोडीको अर्को बच्चाले उसको नक्कल गर्नु पर्छ । केही मिनेटपछि उनीहरूले पालो गर्न सक्छन् । गति नभएर तपाईंले उनीहरूलाई अनुहारका हाउभाउहरूको नक्कल गर्न पनि लगाउन सक्नु

हुन्छ । अर्को चरणमा जोडीको एक बच्चालाई अर्को बच्चाको पछाडि उभिन लगाउनुहोस् । अगाडि उभिएको व्यक्ति हिंड्दा वा हलचल गर्दा पछाडिको व्यक्तिले उसको नक्कल गर्नु पर्छ ।

**च. रङ्ग भर्नेः चित्र २१**

**छ. अन्तिम प्रार्थनाहरू**

## खण्ड २२

**क. प्रार्थनाहरू गर्ने र कण्ठस्थ गर्ने**

अघिल्ला केही पाठहरूमा बालबालिकाले सिकेको प्रार्थनालाई आउँदो पाठसम्ममा उनीहरूले कण्ठस्थ गर्नु पर्छ । उनीहरू आफ्ना प्रयासमा राम्ररी अगाडि बढिरहेको छन् भन्ने कुराको त्यसबेला तपाईंले निश्चित गर्नु पर्छ । हो, तपाईंले कक्षा प्रार्थनाहरूवाट शुरू गर्नुपर्छ ।

ख. गीतहरू (अघिल्ला गीतहरूको समीक्षा समेत)

**I Want to Be Happy**

Am
There is something you must know
E7
In this Faith we have to show
Dm
We are men of deeds, not of words
Am E7 Am
Our very life should show our Faith to friend and foe.

CHORUSM
Am
I want to be happy
Am
I want to be strong
Am
To be His servant
Am
My whole life long

Dm Am
So, I must obey the laws of God
E7 Am
Yes, I must obey the laws of God.

There is something you must know
In this world of pomp and show
People are tired of empty speech
They want to see you practice what you teach.

CHORUS

## ग. उद्धरणहरू कण्ठस्थ गर्ने

बालबालिकाले आज तलका उदाहरणहरू कण्ठस्थ गर्नेछन् । आफ्ना विद्यार्थीहरूलाई उद्धरणहरू व्याख्या गर्न सहयोग गर्ने केही विचारहरू तल दिइएका छन् :

एउटा निष्ठावान आत्माले ईश्वरप्रतिको आफ्नो प्रेम कदापि भुल्दैन । उनी प्रतिको निष्ठाका कारण हामी गाह्रो भएको अवस्थामा समेत उनका शिक्षाहरूको अनुसरण गर्न र उनका कानूनहरूको पालना गर्न हामी सधैं प्रयास गर्छौं । यस्तै गरी उनको उपस्थिति बाहेक अन्य कुनै कुराको विचार नराखी अरूको सेवा गर्न र उपयुक्त कार्यहरू गर्न हामी कडा मिहिनेत गर्छौं । निष्ठावान आत्माका लागि ईश्वरलाई प्रशन्न पार्नका लागि सेवा गर्नुभन्दा ठूलो खुशी हुँदैन । हामी बहाउल्लाहको निम्न उद्धरणहरू कण्ठस्थ पारौं ।

**"त्यो निष्ठावान व्यक्ति खुशी छ जो उच्च प्रयत्नहरूका पहिरनहरू धारण गरेको छ र ईश्वरको धर्मको सेवा गर्न उठेको छ ।"[१६३]**

*धारण गरेको*

१. माइसँग एउटा राम्रो पहिरन छ जुन उनी विशेष अवसरहरूमा लगाउँछिन् । उनले त्यो पहिरन सामूदायिक भेलाहरूमा लगाइन् । माइले आफ्नो विशेष पहिरन धारण गरेको थिइन् ।

२. समारोहका लागि राजाले आफ्नो मखमलको पोशाक लगाए । उनले आफ्नो अति उत्तम लुगा धारण गरका थिए ।

*पहिरन*

१. कुनै कुनै ठाउँमा अदालतमा न्यायाधीसहरूले सेतो नक्कली कपाल र लामो कालो कोट लगाउनु पर्छ । उनीहरूले न्यायाधीशको पूरा पहिरन लगाउनु पर्छ ।

२. राजदरबार छोड्नु अघि राजकुमारले आफ्नो कमरपेटी र मुकुट लगाउँछन् । उनले आफ्नो शाही पहिरन लगाउँछन् ।

***प्रयत्न***

१. विधार्थीहरूले स्कूल वरिपरि रूख रोप्ने निर्णय गरे । बिरुवा र माटो दिएर समुदायले उनीहरूको प्रयत्नमा सघाउ पुर्‍यायो ।

२. पियर र अर्लिनले पर्वतको चुचुरोमा चढ्ने निर्णय गरे । उनीहरूलाई थाहा थियो यो कठिन प्रयत्न थियो तर उनीहरू प्रयास गर्न दृढ थिए ।

घ. कथा

*अब्दुल-बहा युवा छँदा पर्सियाको कुलीन घरनाको एउटा अंश रहेको उहाँको परिवारमा इस्फान्दियार नाम गरेको एक सेवक थिए । उनी परिवारप्रति बफादार थिए र अब्दुल-बहाका परिवारले उनीमाथि अत्यन्तै भरोसा गर्थ्यो । अधिकारीहरूले अब्दुल-बहाका पिता बहाउल्लाहलाई पूर्वाग्रह र अज्ञानताका कारण पक्राउ गर्दा परिवारका सम्पूर्ण जायज्यथाहरू जफतगरि लगिए । उहाँहरूलाई केही छोडिएन र बहाउल्लाहको नजिक रहको जो कोही पनि खतरामा पर्यो । तैपनि इस्फान्दियारले आफ्नो परिवारको हेरचाह गर्ने कुरालाई कायमै राखे । थुप्रै अधिकारीहरूले इस्फान्दियारलाई खोज्नेछन् भन्ने थाहा पाएर अब्दुल-बहाकी आमाले उनलाई शहर छोड्न आग्रह गर्नु भयो । तर इस्फान्दियार हिंड्दै हिडेनन् ।*

*"म जान सक्दिन," आफूले किनेका सामग्रीका लागि थुप्रै पसलेलाई पैसा तिर्नु बाँकी रहेको बताउँदै उनले भने । "म कसरी जान सक्छु ?" उनले सोधे, "बहाउल्लाहको सेवकले पैसा नै नतिरी पसलेहरूका सामग्रीहरू किन्यो र खायो भनेर मानिसहरूले भन्नेछन् । यी सबै जिम्मेवारीहरू टुङ्गो नलगाई म जान सक्दिन । तर उनीहरूले मलाई लगे भने, चिन्ता छैन । मलाई सजाय दिए भने त्यसमा कुनै हानी छैन । मलाई मारे भने, शोक सन्तप्त नहुनु होला । तर म यहाँबाट जानु असंभव छ । मैले तिर्नुपर्ने सबै कुरा नतिरुन्जेल म यही वस्तु पर्छ ।"*

*आफ्नो सानातिना सामग्रीहरू लिएर एक महिनासम्म इस्फान्दियार गल्ली र बजारहरूमा हिंडे । उनले सम्पूर्ण ऋण तिरिसकेपछि उनी अब्दुल-बहाको परिवारकहाँ विदा माग्न गए किनभने उनलाई थाहा थियो कि उनी अब बढी त्यस परिवारमा बस्न सक्ने थिएनन् । यस*

*जोखिमपूर्ण समयमा उनलाई लिन र उनको सुरक्षा गर्न र उनलाई छहारी दिन एक मन्त्री सहमत भए ।*

*थुप्रै महिनापछि बहाउल्लाहलाई कैदखानाबाट मुक्त गरियो र उहाँको परिवारलाई पर्सियाबाट अधिकारीहरूद्वारा निर्वासन गरियो । उहाँहरू छिमेकीको देशमा पर्ने बग्दाद शहर जानु भयो । बहाउल्लाहप्रति सदा बफादार इस्फान्दियार उहाँको परिवारको पूनः सेवा गर्न सक्छु कि भनेर बग्दाद पुगे । बहाउल्लाहले उनलाई भन्नु भयो, "तिमीले हामीलाई छोडेर जाँदा तिमीलाई कसैले सुरक्षा नदिएको अवस्थामा एक फारसी मन्त्रीले तिमीलाई बस्ने ठाउँ दिए । उनले तिमीलाई छहारी र सुरक्षा दिएको कारण तिमी उनीप्रति बफादार हुनु पर्छ । तिमी हिंड्दा उनी सन्तुष्ट हुन्छन् भने तिमी हामी कहाँ आऊ, तर उनलाई छाडेर तिमी हिडेको उनी चाहँदैनन् भने तिमी उनलाई नछोड ।"*

*साँच्चै हो, इस्फान्दियार यति इमान्दार, यति विश्वसनीय र बफादार थिए कि मन्त्री उनी हिंडेको चाँहदैन थिए । "हे इस्फान्दियार," उनले भने, "तिमी जाऊ भन्ने म चाहन्न, तैपनि तिमी जान चाहन्छौ भने तिम्रो इच्छा अनुसार नै गर ।" तर इस्फान्दियारले बहाउल्लाहका शब्दहरू सम्झे । उनी केही समयपछि मन्त्रीको निधन नहुञ्जेलसम्म उनीसँगै बसे । अनि उनी आफूले अत्यन्तै प्रेम गरेको परिवार कहाँ फर्किए, र अब्दुल-बहाका अन्तिम दिनहरूसम्म उहाँको सेवा गरे ।*

**ङ. खेल : "मेरो ढोका कसले ढक्ढकाँउदै छ ?"**

एउटा बालक वा बालिकाको आँखामा पट्टी बाँध्नुहोस् । त्यो बच्चा कक्षातिर आफ्नो पिठ्यूँ फर्काएर एउटा बेञ्चमा बसेको हुनु पर्छ । र अब एउटा अर्को बच्चातिर इशारा गर्नुहोस् । त्यो बच्चा पट्टी बाँधिएको विद्यार्थीको छेउँमा जानुपर्छ र उसको वेञ्चमा उसले ढक्ढकाउनु पर्छ । पट्टी बाँधेर बसेको बच्चाले सोध्छ, "मेरो ढोकामा कसले ढक्ढकाउँदै छ ? "अर्को बच्चाले आफ्नो स्वरलाई बिगारेर अर्केको जस्तो सुनिने पार्दै भन्छ, "म हुँ !" बसेको बच्चा कसले ढक्ढकाएको हो भनेर अनुमान गर्ने प्रयास गर्छ । पट्टी बाँधिएको बच्चाले तीन पटक अनुमान गर्न पाउँछ अनि अर्को बच्चाको पालो आउँछ ।

**च. रङ्ग भर्ने चित्र २२**

**छ. अन्तिम प्रार्थनाहरू**

## खण्ड २३

शुरूका प्रार्थनाहरू बाचन गरिए पछि बालबालिकाले पाठ १८ मा प्रस्तुत प्रार्थना कण्ठस्थ गरी सिध्याउनु पर्छ । जसले गर्दा उनीहरूले त्यसको समीक्षाका लागि आउँदो पाठलाई समर्पित गर्न सक्नेछन् ।

ख. गीतहरू (अघिल्ला गीतहरूको समीक्षा समेत)

**Patience**

D                    A
Your legs are getting tired
          A          D
And the road is very long, long, long
D                 A
You want to give up trying
      A          D
And the sun is beating strong
        G         D
No sense gettin' impatient
     G         D
It's useless if you cry
G       D
If you take it step by step
A         D
The time goes rushing by.

CHORUSM

G          D
Patience is the answer
G          D
When youÚre sad and blue
G          D
Patience is rewarded
A          D
It brings happiness to you.

Your brother doesn't understand

But you've explained it more than twice
You really ought to try again
And do your best to be nice
No sense gettin' impatient
It's useless to be stern
If you show him kindness
It's the way to help him learn.

CHORUS
You want to do much better
But still you don't succeed
You wonder why make an effort
And where it all will lead
No sense gettin' impatient
It's silly to do less
If you keep on striving
You'll eventually progress.

CHORUS (with last two lines repeated)

## ग. उद्धरणहरू कण्ठस्थ गर्ने

बालबालिकाले आज धैर्यता सम्बन्धी एउटा उद्धरणहरू सिक्ने छन् जसलाई तपाईंले उनीहरू सामु निम्न किसिमले प्रस्तुत गर्न सक्नु हुनेछ :

धैर्यता हामीले ग्रहण गर्न सक्ने एउटा अत्यन्तै महत्वपूर्ण गुण हो । धैर्यताबिना हामीले यस जीवनमा थोरै मात्र उपलब्धी हाँसिल गर्न सक्छौं । हाम्रा अध्ययनहरूमा, हाम्रो काममा, अरूहरूसँगको हाम्रो मित्रतामा, आध्यात्मिक रूपमा विकसित हुने हाम्रा प्रयत्नहरूमा धैर्यता आवश्यक हुन्छ । जीवनमा सबै कुराहरू तुरुन्तै गर्न सकिने हुँदैनन् । धेरै कुराहरू थोरै थोरै गर्दै दैनिक रूपमा मात्र गर्न सकिने हुन्छन् । हामीले धैर्यता अँगाल्दा समय लाग्ने कुराहरूलाई चाँडो चाँडो गर्दैनौ । हामी अरूहरू र आफैप्रति धैर्य बन्नु पर्छ किनकि हामी सबै सिक्दैछौं र हुर्किदै बढ्दै छौ । धैर्यता प्राप्त गर्ने हाम्रो प्रयासमा सहयोग पुयाउन तलको उद्धरणहरू पढौं ।

**"धैर्यको साथ सबै कुरा सहन गर्नेहरूको पुरस्कारलाई प्रभुले निश्चय नै बढाउने - छन् ।"**[१६४]

***सहनु***

१. अलिया र उनको परिवार टाढाको एउटा ठाउँमा सऱ्यो । शुरूका केही महिना उनीहरूले धेरै कठिनाइहरू बेहोरे । तर आफ्ना दयालु छिमेकीको सहयोगमा उनीहरू यी कठिनाइहरू सहन समर्थ बने र अहिले आफ्नो नयाँ घरमा उनीहरू धेरै खुशी छन् ।

२. हग बिरामी परे उनलाई धेरै पीडा भयो तर उनले गुनासो गरेनन् । उनले धैर्यताका साथ कष्ट सहे ।

**घ. कथा**

*लि जिन् आरु खुब मन पराउँथे । आरु उनको अत्यन्तै मन पर्ने फलहरू मध्ये पर्थ्यो । उनी दिनहु स्कूलमा आरु ल्याउँथे र दिउँसोको खाना खाने समयमा त्यसलाई खान्थे । उनी प्रत्येक भाग रुचाएर खान्थे तर भित्र बीउ भएको कडा भाग सधैं फाल्थे ।*

*एक दिन लि जिनको कक्षाले बीउहरूबारे सिक्दैथ्यो । यसबाट लि जिनलाई एउटा विचार आयो । आफ्नो आरुबाट एउटा बीउ उनले रोप्नेछन् र त्यसलाई रूखको रूपमा हुर्कन मद्दत गर्नेछन् । दिउँसोको खाना खाने बेलामा उनले आफूले खाएको आरुको कडा भाग जोगाएर राखे र त्यसलाई कागजमा बेरेर राखे । स्कूल छुट्टी भएपछि उनी घर पुगे र आफ्नो रूख उमार्न शुरू गर्न आफ्ना बुबासँग सहयोग मागे । बीउ निकाल्न कडा भागलाई सुकाउनु पर्छ भनेर उनका बुबाले उनलाई सम्झाए । तै पनि लि जिन् त्यो कडा भागलाई तत्कालै रोप्न चाहन्थे । "लि जिन्," उनका बुबाले भने, कडा भागलाई सुकाउने धैर्यता तिमीमा छैन भने बीउ उम्रेको पर्खने धैर्यता तिमीमा कसरी हुन सक्छ ?" त्यसैले लि जिनले कडा भागलाई सुकाउन बाहिर लगे ।*

*केही दिनपछि अन्तत, लि जिनले कडा भागलाई फुटाएर बीउलाई बाहिर निकाल्न सके । रूख ठूलो र अग्लो भएर हुर्कन सक्ने आँगनको एउटा कुना उनकी आमाले उनलाई देखाइन् । लि जिन्ले एउटा सानो खाल्डो खने, त्यसभित्र बीउ खसाले, अनि ओसिलो माटोको थुप्रोले त्यसलाई छोपे । उनी उत्साहले डिच्च हाँसे । उनको रूख अन्ततः आफ्नो बाटो लाग्यो !*

*बीउ उम्रिएको हेर्ने आशा गर्दै प्रत्येक दिन लि जिन् माटो थुपारिएको ठाउँमा जान्थे । तर हप्तौ पछिसम्म पनि बीउ उम्रिएन र लि जिन् निराश बने । लि जिनको चिन्ता देखेर उनलाई के भयो भनी उनकी आमाले सोधिन् । "मेरो बीउ उम्रिएन," लि जिनले आमालाई भने, "मेरो रूख कहिल्यै होला नहोला म भन्न सक्दिन ।" "अँ", उनकी आमाले भनिन, "यस बीउले निक्कै हुर्कन बढ्नु छ ।" यस ढंगमा यो धेरै मात्रामा तिमी जस्तै छ । तिमी जन्मदा तिमी एउटा सानो कुरा जस्तै मात्रै थियौ र खानु र सुत्नु मात्र गर्थ्यौ । र अब तिमीलाई हेरौं त ! तिमी हिंड्ने बोल्ने र आफ्नो लागि आफै विचार गर्ने किशोर बनेको छौ ! यो रूख बढ्न धेरै वर्ष लाग्न सक्छ तर तिमीले यसको राम्रो स्याहार गऱ्यौ भने कुनै*

*दिन तिमी यसको छहारीमा बस्न र यसका फलहरूको स्वाद लिन समर्थ हुनेछौ ।" यो कुरा सोचेर लि जिन् पुन आशावादी भए । कुनै पनि बीउ उम्रनु अघि त्यसले धेरै परिवर्तनहरूबाट गुज्रनु पर्छ भन्ने कुरा उनले आफ्नो कक्षाबाट थाहा पाएका थिए ।*

*एक वसन्त ऋतुमा लि जिन् माटोको थुप्रो भए ठाउँ गए र माटो मुनिबाट एउटा सानो बिरुवा माथि आएको देखेर अत्यन्तै उत्साहित बने ! उनको रूख बढ्दै थियो ! उनी आफ्ना एक कृषक छिमेकी कहाँ दगुर्दै गए र उनलाई त्यो उत्साहवर्द्धक समाचार सुनाएर । रूख सानै र अति संवेदनशीलछँदा त्यसलाई स्याहार गर्ने सम्बन्धमा उनलाई ती छिमेकीले सल्लाह दिइन् र आफूले सक्दो राम्रो गर्ने चाहना देखाउँदै उनका प्रत्येक शब्दहरू उनले सुने । "तपाईंको राम्रो सल्लाहका लागि धन्यवाद स्वरूप तपाईंलाई दिन चाँडै नै मसँग थुप्रै आरुहरू हुनेछ, "लि जिन्ले भने । तर छिमेकी मुसुक्क हाँसिन् मात्र । "लि जिन, आरुको कडा भाग सुकेको पर्खन तिमीले धैर्य बन्नु परेको तिमी सम्झन्छौ ? लि जिन्ले टाउको हल्लाए । "र, तिम्रो बिरुवा उम्रेको हेर्न तिमी नै धैर्य बन्नु परेको तिमीलाई याद छ ?" लि जिनले त्यो कुरा पनि सम्झे "कुरा के भने," छिमेकीले भनिन्, "तिम्रो बिरुवा रूख बन्न र केही समयपछि त्यसले फल दिन झनै बढी समय लाग्ने छ । तिमीले खान रूखले आरुहरू उत्पादन गर्न धेरै वर्षहरू लाग्न सक्नेछ ।"*

*र त्यसैले लि जिनले बिरुवालाई सानो छँदादेखि रूख बनुनजेलसम्म स्याहार गरिरहे र त्यसका आवश्यकताहरूलाई पूरा गरिरहे । बिस्तारै बिस्तारै त्यो उनी जस्तै अग्लो र फराकिलो हुँदै बढ्यो । र एक दिन लि जिन स्कूलबाट फर्कदै गर्दा पहिला फूलहरूमात्र भएको ठाउँहरूबाट आरुहरू निस्कन थालेको उनले देखे । पून: एकपटक पहिला बिरुवा उम्रेको बेला जस्तै उनको हृदयमा खुशी भरियो । र धैर्य बन्नु पर्छ भन्ने कुरा उनले पून: बुझे । आरुहरू खान तयार हुन केही समय लागि नै हाल्ने थियो ।*

## ङ. खेल "शुरु गर्नेलाई चिन"

एउटा बालक वा बालिकालाई समूहबाट बाहिर जान लगाउनुहोस् । उक्त बच्चा बाहिर गएको बेला अर्को एउटा बच्चालाई "शुरू गर्ने" को रूपमा चयन गर्नुहोस् । त्यसपछि सबै बालबालिकाले नेताका क्रियाहरूको अनुसरण गर्छन् । उदाहरणहरूका लागि, उसले थप्पडी बजायो भने अरूहरूले त्यसै गर्छन् । उसले विदाई स्वरूप हात हल्लाए अरूहरूले पनि त्यसै गर्छन् । बाहिर पठाइएको बच्चाले ध्यानपूर्वक हेर्नु पर्छ र नेता को हो भनेर पत्ता लगाउनु पर्छ । यसका साथै अरूहरूले पनि नेतालाई नजिकबाट वा धेरै हेर्ने गर्नु हुँदैन । त्यसो गरियो भने उसलाई खोजिरहेको बालक वा बालिकालाई सजिलो हुन सक्छ ।

## च. रङ्ग भर्ने चित्र २३

## छ. अन्तिम प्रार्थनाहरू

## खण्ड २४

### क. प्रार्थनाहरू गर्ने र कण्ठस्थ गर्ने

प्रार्थनाहरू कक्षा शुरू गर्नुहोस् र अघिल्ला केही पाठहरूदेखि कण्ठस्थ रूपमा बालबालिकाले भन्न सिकिरहेका प्रार्थनाहरूको समीक्षा गर्नुहोस् ।

ख. गीतहरू (अघिल्ला गीतहरूको समीक्षा समेत)

**We Are the People of Bahá**

D
We are the people of Bahá
D
We are the people of Bahá
G
We are the people of
D
We are the people of
A7 D
We are the people of Bahá.
Ya Bahá'u'l–Abhá

Ya Bahá'u'l–Abhá
We are the people of
We are the people of
We are the people of Bahá.
Firmly we walk the path of God
Firmly we walk the path of God Until the very last
We will be steadfast
Firmly we walk the path of God.

### ग. उद्धरणहरू कण्ठस्थ गर्ने

बालबालिकाले कण्ठस्थ गर्ने उद्धरणहरू चिनाउन तल केही विचारहरू दिइएका छन् :

ईश्वरलाई वास्तवमै प्रेम गर्ने मानिसको एउटा अत्यन्तै महत्वपूर्ण गुण दृढता हो। जीवनमा जे सुकै होस्, हामी सदैव ईश्वरलाई उनीप्रतिको हाम्रो प्रेमलाई सम्झन्छौं। त्यसपछि अरूले हामीलाई भन्ने वा गर्ने कुनै पनि कुरालाई उनी माथिको हाम्रो आस्थालाई प्रभावित गर्न सक्दैन। हामी उनको प्रेम गर्छौं र उनका कानून र शिक्षाहरू पालना गर्छौं। दृढताको महत्व स्मरण गर्नका लागि बहाउल्लाहको निम्न उद्धरणहरू गरौं :

**"यदि तिमी आफ्नो प्रभुको धर्ममा दृढ रह्यौं भने तिम्रो स्थान अति उच्च हुनेछ।"**[१६५]

*अति*

१. बगैंचाहरू अति सुन्दर छन्, हाम्रा अति अदभूत सपना भन्दा पनि सुन्दर छन्।

२. मरियाकि आमाले परिवारको लागि एउटा विशेष खालको केक बनाइन्। उनीहरूले खुब मीठो मानेर खाए र त्यो केक अति स्वादिष्ट रहेछ भने।

*उच्च*

१. प्रत्येक रात सुत्नु अघि मार्थाले प्रार्थना गर्छिन् र आफू ईश्वर नजिक पुगेको महसुस गर्छिन्। जब उनी सुत्छिन् उनको आत्मा उच्च अवस्थामा हुन्छ।

२. बैठकमा कुमारले विश्व शान्ति र मानवताको महानता बारे बोल्दै छ। कुमारले उच्च कुराहरूबारे बोल्दैछ।

*दृढ रहनु*

१. कसैले रोजमेरीलाई तारा भनेको आकाशमा देखिने सेतो दाग हो भन्यो, तर रोजमेरीले बुझिसकेकी छिन् कि तारा भनेको अति टाढाको सूर्य नै हो। रोजमेरीले आफ्नो विचार बदलिनन्। उनी आफूले जानेको कुरामा दृढ छिन्।

२. एकजनाले मोनालाई भन्यो कि प्रत्येक दिन प्रार्थना गर्नु जरूरी छैन, तर उनले प्रार्थना गरि नै रहिन्, किनकि मोनालाई थाहा थियो कि यो ईश्वरको नियम हो। प्रार्थनाको नियम पालनामा मोना दृढ रहिन्।

## घ. कथा

*शायद तपाईंलाई थाहा होला बहिया खानुम अब्दुल-बहाकी बहिनी हुनुहुन्थ्यो । बहाउल्लाहले घोषणा गर्नु भएको दैवी सन्देशको सत्यबाट भयभित अन्यायी सरकारद्वारा पक्राउ गरी कैदखानामा उहाँहरूका पिता बहाउल्लाहलाई पठाइँदा उहाँ छ वर्षकी मात्र हुनुहुन्थ्यो । उहाँको परिवार शहर कै अत्यन्त धनी मध्ये पर्थ्यो । अब उहाँहरूका सम्पूर्ण जायज्यथाहरू जफत गरिए । कतिपय सयममा रोटीको बदला उहाँ मुट्ठीभर पिठो खानुहुन्थ्यो ।*

*सरकारले उहाँका पितालाई अन्तमा मुक्त गरी देश छोड्न वाध्य पारेपछि बहिया खानुम र उहाँको परिवार खच्चडमा चढी छिमेकको देशमा पर्ने बग्दाद शहरतिर लाग्नु भयो । हिँउदको अत्यन्तै चीसो मौसममा यात्राका लागि तीन महिना समय लाग्यो । आफू जन्मिएको भूमिमा उहाँ फेरि कहिल्यै फर्किनु हुने थिएन ।*

*दश वर्षसम्म परिवार बग्दादमा रह्यो जहाँ बहिया खानुमले आफ्नो बाँकी बाल्यकाल बिताउनु भयो । अनि अचानक बहाउल्लाहको बढ्दो प्रभावबाट चुनौतिको महसुस गरेका सरकारी अधिकारीहरूद्वारा उहाँका पितालाई बग्दाद छोड्ने आदेश भयो र अब किशोरी अवस्थामा पुग्नु भएकी बहिया खानुम आफ्नो परिवारसँग पहिला टाढाको कन्स्ट्यान्टिनोपल अनि त्यसपछि एड्रियानोपल जानु भयो । चरम खतराको अवस्था थियो । उहाँका पिताप्रतिको विरोध बढ्यो र अन्ततः उहाँको अमूल्य ज्यान लिने प्रयास पनि भयो ।*

*एड्रियानोपलमा त्यस्तो तनाब र दबाबमा झण्डै पाँच वर्ष रहेपछि सरकारले आफ्ना पितालाई अक्काको बन्दीगृह शहरमा निर्वासित गर्दा प्रिय बहिया खानुमलाई पुन एकपटक स्थानान्तरित गरियो । उजाड शहरका पर्खालहरूभित्र अत्यन्तै दृष्ट अपराधीहरूबीच ती भद्र आत्मा आफ्नो परिवारसँग झण्डै चालिस वर्षसम्म बस्नु भयो ।*

*त्यसै समयमा उहाँले अत्यन्तै माया गर्ने पिता यस संसारबाट विदा हुनु भयो र उहाँको स्वर्गारोहण पछि अब उहाँको पिताको धर्मका प्रमुख मनोनित आफ्ना प्रिय दाईको सहयोग गर्ने कर्तव्य बहिया खानमको भयो । अब्दुल-बहाप्रति इर्ष्या गर्ने उहाँहरूका थुप्रै मित्र र अब्दुल-बहाप्रति सम्बन्धीहरू उहाँ विरुद्ध उठेका थिए र साहसका साथ सामना गर्नु भयो । तर वहिया खानमले प्रत्येक हमलालाई शान्त धैर्यता र धेरै वर्ष पछि अब्दुल-बहा अर्को संसारमा प्रस्थान गर्दा, वहिया खानुम उहाँका (अब्दुल-बहाका) नाती, शोघी एफेन्दीले, आफ्ना हजुरबाको उत्तराधिकारीको रूपमा कर्तव्य पालना गर्दा उहाँको (शोघी एफेन्दी) सबभन्दा ठूलो सहयोगी र सबैभन्दा बलियो रक्षक बन्नु भयो । अब वहिया खानुम एउटी वृद्ध महिला हुनुहुन्थ्यो, झण्डै सत्तरी वर्ष पुग्नु भएको थियो, उहाँको जीवन अशान्ति र विप्लवले भरिएको थियो । उहाँको जीवन विपत्ति पछि विपत्ति र दुर्भाग्य पछि दुर्भाग्य हुँदै अगाडि बढेको थियो । तर उहाँको आत्मा स्थीर रह्यो र उहाँको हृदय सधैं ईश्वर प्रेमले भरियो । उहाँ दृढ र स्थीर रहनु भयो । बाल्यकालदेखि कै उहाँको गरिमा र हर्ष दया र शिष्टता उहाँका अन्तिम दिनहरूसम्म उहाँमा रहिरहे ।*

## ङ. खेल: "ब्वाँसो र बाखाहरू"

मीठो घाँस उम्रिएको चौरमा पुग्न एउटा अत्यन्तै पुरानो पुल तरेर जानु पर्ने बाखाहरूको एउटा जमातबारे बालबालिकालाई एउटा कथा भन्दै आजको खेलको परिचय दिनुहोस् । पुलमुनि साना बाखाहरू खान मन पराउने ब्वाँसोहरूको एउटा परिवार बस्थ्यो । तर ब्वाँसोहरू अत्यन्तै अल्छी थिए, सधैं सुतिरहन्थे, पुलबाट बाखा हिडेको आवाज आउँदा मात्र उनीहरू उठ्थे । बाखाहरू अत्यन्तै बाठा थिए र कुनै आवाज ननिकाली पुलमा हल्का ढङ्गमा हिड्न सिकेका थिए किनकि उनीहरू ब्वाँसोहरूलाई बिउँझाउन पक्कै पनि चाँहदैन थिए । उनीहरू ध्यान दिएर ब्वाँसोहरू घुरेको सुन्थे र कुनै पनि क्षण घुरेको बन्द भएमा उनीहरू अत्यन्तै स्थीर बस्थे किनकि उनीहरूलाई थाहा हुन्थ्यो कि त्यस्तो अवस्थामा ब्वाँसोहरूले सुनिरहेका हुन्थे । तर बाखाहरू अत्यन्तै स्थीर रहँदा ब्वाँसोहरू पूनः निदाउँथे ।

अब वेञ्चहरूका दुई पंक्तीबीच विभिन्न उचाइमा लट्ठीहरू राखेर बनाइएको एउटा "पुल" तिर इशारा गर्नुहोस् । माथि उठेका अग्ला लट्ठी मुनि र होचा लट्ठी माथिबाट हिंडदै बालबालिकाले "पुल" तर्नु पर्छ । घुरिरहेका ब्वाँसोहरूले प्रतिनिधित्व गर्न थप्पडी बजाउनुहोस् वा ताप्के ठटाउनुहोस् । केही अन्तरालहरूमा घुराइ बन्द हुन्छ, र ब्वाँसोहरू विउँझन्छन् । त्यस्तै अवस्थाहरूमा "पुल" तरिरहेका बालबालिकाहरू ब्वाँसोहरू पूनः ननिदाउन्जेलसम्म उनीहरू एउटा खुट्टा उचालिएको छ भने त्यो उचालिएकै अवस्थामा पूर्णतः स्थीर रहनु पर्छ । कुनै बालकले एउटा लट्ठी खसाल्यो भने वा सानो भन्दा सानो आवाज निकाल्यो भने ब्वाँसोहरू विउँझन्छन् र तिनले सानो बाखोलाई निल्छन् ।

## च. रङ्ग भर्ने चित्र २४

## छ. अन्तिम प्रार्थनाहरू



"हे आत्माका पुत्र ! मेरो प्रथम उपदेश यो हो : पवित्र, दयालु र उज्जवल हृदय धारण गर .... ।"



“न्यायको बाटोमा हिँड, किनकि यो निश्चय नै सिधा बाटो हो ।”



“हे मित्र ! तिम्रो हृदयको बगैंचामा प्रेमको गुलाफबाहेक अरू केही नरोप ..... ।



"सत्यता नै सबै मानविय गुणहरूको आधार हो ।"



"दान गर्नु र उदार हुनु मेरा गुणहरू हुन्: जसले आफूलाई मेरा गुणहरूले सुशोभित गर्छ उसको भलो हुन्छ।"



“ऊ धन्य छ जसले आफूलाई भन्दा बढी आफ्ना भाईलाई प्राथमिकता दिन्छ ।”



"हे मानवका पुत्र ! आफ्नो हृदयको प्रफुल्लतामा खुशीहोऊ, ताकि तिमी मलाई भेट्न र मेरो सुन्दरता प्रतिबिम्बिता गर्न योग्य बन्न सक्ने छौं ।"



"हामीले सदैव आफ्नो सच्चाइ र इमान्दारीता प्रकट गर्नु पर्छ ... ।"



“हे मानिसका पुत्र ! मेरो समक्ष तिमी आफूलाई समर्पण गर ता कि म तिमीलाई प्रशन्नता साथ दर्शन दिन सकूँ ।”



“खुसी होऊ र खूब प्रसन्न बन र ईश्वरलाई धन्यवाद अर्पण गर्न तत्पर होऊ ताकि धन्यवाद ज्ञापनले अनुग्रह बढाउन उपयोगी बनोस् ।”



"... क्षमा र दया अनि ईश्वरका प्रियः पात्रहरूका हृदयलाई प्रसन्न पार्ने गुणहरूद्वारा आफूलाई सुशोभित गराऊ ।"



“के मानिसहरू हो ! आफ्नो जिब्रोलाई सत्यताद्वारा सुसज्जित गर र आफ्नो आत्मालाई इमान्दारीताको गहनाहरूले सुशोभित गराऊ ।”



"ईश्वरको अधिराज्य निष्पक्षता र न्यायका साथसाथै सम्पूर्ण जीवित आत्माहरूप्रति कृपा, करुणा, र दयामा स्थापित छ।"



"ईश्वर प्रेम र उनीबाहेक सम्पूर्ण कुराहरूदेखि निर्लिप्त रहनुबाट तिम्रो सच्चा श्रृङ्गार बन्ने नै छ भन्ने कुरा बुझ ।"



"प्रभुले जे प्रदान गरे, त्यसलाई ग्रहण गर्नु र ईश्वरले जे तोकेका छन् त्यसमा सन्तुष्टि हुनु नै सम्पूर्ण गौरवको स्रोत हो ।"



"त्यो धन्य छ जो सबै मानिसहरूसँग परम दया र प्रेमको भावनाले मिसिन्छ ।"



“ईश्वरको वचनको प्रवर्धन गर्नु र उनको प्रेममा अडिग रहनु नै साहस र शक्तिको स्रोत हो ।”



“सधैँ आशावादी बन, किनभने मानवमाथि बहेको ईश्वरको अनुग्रह कहिल्यै रोकिँदैन ।”



“विश्वसनीयता त्यो महत्तम कपाट हो, जसले मानिसहरूलाई शान्ति र सुरक्षातर्फ डोऱ्याउँछ ।



“वस्तुतः तिम्रो हृदयमा उनको प्रेमको आगो प्रदीप्तगर्न म ईश्वरसँग याचना गर्दछु ... ।”



"हे  जीवकापुत्र ! तिमी मेरो दीपक हौ र मेरो ज्योति तिमीमा नै छ । त्यसैबाट तिमी आफ्नो प्रकाश प्राप्त गर र म बाहेक अरूहरूलाई नखोज ... ।"



“त्यो निष्ठावान व्यक्ति खुशी छ जो उच्च प्रयत्नहरूका पहिरनहरू धारण गरेको छ र ईश्वरको धर्मको सेवा गर्न उठेको छ।”



"धैर्यको साथ सबै कुरा सहन गर्नेहरूको पुरस्कारलाई प्रभुले निश्चय नै बढाउने छन् ।"



"यदि तिमी आफ्नो प्रभुको धर्ममा दृढ रह्यौ भने तिम्रो स्थान अति उच्च हुनेछ ।"

## REFERENCES


1. 'Abdu'l-Bahá, in *Bahá'í Prayers: A Selection of Prayers Revealed by Bahá'u'lláh, the Báb, and 'Abdu'l-Bahá* (Wilmette: Bahá'í Publishing Trust, 2002, 2017 printing), p. 28.
2. Ibid., p. 29.
3. *Tablets of Bahá'u'lláh Revealed after the Kitáb-i-Aqdas* (Wilmette: Bahá'í Publishing Trust, 1988, 2005 printing), no. 6.25, pp. 66–67.
4. Bahá'u'lláh, cited by Shoghi Effendi, *The Advent of Divine Justice* (Wilmette: Bahá'í Publishing Trust, 2006, 2018 printing), par. 42, p. 41.
5. *Tablets of Bahá'u'lláh Revealed after the Kitáb-i-Aqdas*, no. 3.23, p. 27.
6. Bahá'u'lláh, *The Hidden Words* (Wilmette: Bahá'í Publishing Trust, 2003, 2012 printing), Arabic no. 2, pp. 3–4.
7. *Tablets of Bahá'u'lláh Revealed after the Kitáb-i-Aqdas*, no. 10.5, p. 155. 8. From a Tablet of 'Abdu'l-Bahá. (authorized translation)
9. Ibid.
10. *Selections from the Writings of 'Abdu'l-Bahá* (Wilmette: Bahá'í Publishing, 2010, 2015 printing), no. 12.1, p. 42.
11. *Gleanings from the Writings of Bahá'u'lláh* (Wilmette: Bahá'í Publishing Trust, 1983, 2017 printing), CXXXIX, par. 8, p. 345.
12. 'Abdu'l-Bahá, cited by Shoghi Effendi, *The Advent of Divine Justice*, par. 40, p. 39.
13. 'Abdu'l-Bahá, in "Trustworthiness: A Cardinal Bahá'í Virtue", compiled by the Research Department of the Universal House of Justice, published in *The Compilation of Compilations* (Maryborough: Bahá'í Publications Australia, 1991), vol. 2, no. 2053, p. 338.
14. 'Abdu'l-Bahá, in *Bahá'í Prayers*, p. 28.
15. Ibid., p. 29.
16. *Tablets of Bahá'u'lláh Revealed after the Kitáb-i-Aqdas*, no. 9.4, p. 138. 17. Ibid., no. 10.15, p. 156.
18. *Selections from the Writings of 'Abdu'l-Bahá*, no. 206.13, p. 357. 19. Ibid., no. 199.6, pp. 334–35.
20. From a talk given on 1 July 1912, published in *The Promulgation of Universal Peace: Talks Delivered by 'Abdu'l-Bahá during His Visit to the United States and Canada in 1912* (Wilmette: Bahá'í Publishing, 2012), par. 1, p. 304.
21. *Selections from the Writings of 'Abdu'l-Bahá*, no. 237.5, p. 442; also in *Bahá'í Prayers*, p. 328.
22. From a talk given by 'Abdu'l-Bahá on 3 September 1912, published in *The Promulgation of Universal Peace*, par. 29, p. 441.
23. *The Tabernacle of Unity: Bahá'u'lláh's Responses to Mánikchí Ṣáḥib and Other Writings* (Haifa: Bahá'í World Centre, 2006), no. 5.7, p. 74.
24. *Days of Remembrance: Selections from the Writings of Bahá'u'lláh for Bahá'í Holy Days* (Haifa: Bahá'í World Centre, 2016), no. 42.8, pp. 209–10.

25. From a talk given on 22 November 1911, published in *Paris Talks: Addresses Given by ‘Abdu’l-Bahá in 1911* (Wilmette: Bahá’í Publishing, 2006, 2016 printing), no. 35.2, p. 135.
26. *Selections from the Writings of ‘Abdu’l-Bahá*, no. 16.5, pp. 51–52.
27. *The Summons of the Lord of Hosts: Tablets of Bahá’u’lláh* (Wilmette: Bahá’í Publishing, 2006), no. 5.51, p. 301.
28. *Tablets of Bahá’u’lláh Revealed after the Kitáb-i-Aqdas*, no. 4.23, p. 39. 29. *The Summons of the Lord of Hosts*, no. 3.17, p. 249.
30. From a talk given by ‘Abdu’l-Bahá on 5 May 1912, published in *The Promulgation of Universal Peace*, par. 3, p. 127.
31. Bahá’u’lláh, in *Bahá’í Prayers*, p. 164.
32. Ibid., p. i.
33. *Tablets of Bahá’u’lláh Revealed after the Kitáb-i-Aqdas*, no. 6.19, p. 64. 34. *Gleanings from the Writings of Bahá’u’lláh*, LXXXII, par. 3, pp. 180–81. 35. Ibid., V, par. 2, pp. 6–7.
36. ‘Abdu’l-Bahá, *The Secret of Divine Civilization* (Wilmette: Bahá’í Publishing, 2007, 2016 printing), par. 130, p. 93.
37. *The Hidden Words*, Arabic no. 70, p. 21.
38. *Gleanings from the Writings of Bahá’u’lláh*, CXXIX, par. 2, p. 316. 39. Ibid., CXXXIX, par. 4, p. 343.
40. From a talk given by ‘Abdu’l-Bahá on 23 April 1912, published in *The Promulgation of Universal Peace*, par. 5, p. 69.
41. *Gleanings from the Writings of Bahá’u’lláh*, CXXV, par. 3, pp. 300–1. 42. Ibid., XV, par. 1, p. 39.
43. From a talk given by ‘Abdu’l-Bahá on 5 May 1912, published in *The Promulgation of Universal Peace*, par. 4, p. 128.
44. From a talk given by ‘Abdu’l-Bahá on 2 December 1912, ibid., par. 2, pp. 638–39. 45. *Tablets of Bahá’u’lláh Revealed after the Kitáb-i-Aqdas*, no. 6.3, p. 57.
46. Bahá’u’lláh, *Epistle to the Son of the Wolf* (Wilmette: Bahá’í Publishing Trust, 1988, 2016 printing), p. 23.
47. Bahá’u’lláh, in “Trustworthiness”, published in *The Compilation of Compilations*, vol. 2, no. 2037, p. 334.
48. ‘Abdu’l-Bahá, in “Bahá’í Prayers and Tablets for Children: A Compilation Prepared by the Research Department of the Universal House of Justice”, no. 11.
49. Ibid., no. 10.
50. From a talk given by ‘Abdu’l-Bahá on 14 April 1912, published in *The Promulgation of Universal Peace*, par. 9, p. 17.
51. *Abdul Baha on Divine Philosophy* (Boston: The Tudor Press, 1918), pp. 41–42. 52. *Selections from the Writings of ‘Abdu’l-Bahá*, no. 35.8, p. 104. 53. Ibid., no. 7.4, p. 33.
54. *Gleanings from the Writings of Bahá’u’lláh*, CXXI, par. 6, p. 291. 55. Ibid., LXVI, par. 6, p. 144.
56. *Tablets of Bahá’u’lláh Revealed after the Kitáb-i-Aqdas*, no. 10.8, p. 155.
57. Bahá’u’lláh, in *The Bahá’í World: Volume One, 1925–1926* (Wilmette: Bahá’í Publishing Trust, 1926, 1980 printing), p. 42.

58. *The Hidden Words*, Arabic no. 40, p. 13.
59. Ibid., Persian no. 50, p. 39.
60. From a Tablet of ‘Abdu’l-Bahá. (authorized translation)
61. *Gleanings from the Writings of Bahá’u’lláh*, CXLVI, par. 1, p. 357.
62. *Selections from the Writings of ‘Abdu’l-Bahá*, no. 1.7, p. 8.
63. From a talk given by ‘Abdu’l-Bahá on 12 May 1912, published in *The Promulgation of Universal Peace*, par. 8, p. 166.
64. From a talk given by ‘Abdu’l-Bahá on 16 and 17 October 1911, published in *Paris Talks*, no. 1.7, p. 6.
65. ‘Abdu’l-Bahá, in *Bahá’í Prayers*, p. 173.
66. Bahá’u’lláh, ibid., p. 94.
67. *Selections from the Writings of ‘Abdu’l-Bahá*, no. 179.1, p. 285.
68. From a talk given by ‘Abdu’l-Bahá on 10 November 1912, published in *The Promulgation of Universal Peace*, par. 8, p. 599.
69. *Gleanings from the Writings of Bahá’u’lláh*, CLIII, par. 1, pp. 366–67. 70. *The Hidden Words*, Persian no. 21, p. 29.
71. *Selections from the Writings of ‘Abdu’l-Bahá*, no. 178.1, p. 284.
72. From a talk given by ‘Abdu’l-Bahá on 21 November 1911, published in *Paris Talks*, no. 34.8, p. 133.
73. Bahá’u’lláh, in “Trustworthiness”, published in *The Compilation of Compilations*, vol. 2, no. 2013, p. 327.
74. Ibid., no. 2024, p. 330.
75. Ibid., no. 2027, p. 330.
76. Bahá’u’lláh, in “Guidelines for Teaching”, compiled by the Research Department of the Universal House of Justice, published in *The Compilation of Compilations*, vol. 2, no. 1898, p. 293.
77. *Gleanings from the Writings of Bahá’u’lláh*, XV, par. 6, p. 41. 78. *The Summons of the Lord of Hosts*, no. 1.145, pp. 114–15.
79. *The Call of the Divine Beloved: Selected Mystical Works of Bahá’u’lláh* (Haifa: Bahá’í World Centre, 2018), no. 2.22, p. 21.
80. Bahá’u’lláh, in *Bahá’í Prayers*, p. 162.
81. ‘Abdu’l-Bahá, ibid., p. 29.
82. From a Tablet of ‘Abdu’l-Bahá. (authorized translation)
83. Bahá’u’lláh, in *The Kitáb-i-Aqdas: The Most Holy Book* (Wilmette: Bahá’í Publishing Trust, 1993, 2013 printing), par. 70, p. 45.
84. From a talk given by ‘Abdu’l-Bahá on 23 November 1911, published in *Paris Talks*, no. 36.9, p. 140.
85. From a talk given by ‘Abdu’l-Bahá on 12 April 1912, published in *The Promulgation of Universal Peace*, par. 2, p. 10.
86. *The Tabernacle of Unity*, no. 3.16, p. 64.
87. *Selections from the Writings of ‘Abdu’l-Bahá*, no. 141.4, p. 228. 88. Ibid., no. 1.4, p. 6.
89. *The Hidden Words*, Arabic no. 48, p. 15.

90. *Gleanings from the Writings of Bahá'u'lláh*, LXVI, par. 11, p. 146. 91. *The Summons of the Lord of Hosts*, no. 2.30, p. 229.
92. *Tablets of Bahá'u'lláh Revealed after the Kitáb-i-Aqdas*, no. 14.11, p. 212. 93. *Gleanings from the Writings of Bahá'u'lláh*, CXXXIV, par. 1, p. 328. 94. Ibid., CLXI, par. 1, p. 384.
95. Ibid., CXLIII, par. 1, pp. 353–54.
96. Bahá'u'lláh, *The Kitáb-i-Íqán: The Book of Certitude* (Wilmette: Bahá'í Publishing Trust, 2003, 2018 printing), par. 146, pp. 123–24.
97. From a talk given by 'Abdu'l-Bahá on 23 November 1912, published in *The Promulgation of Universal Peace*, par. 4, p. 632.
98. 'Abdu'l-Bahá, in *Bahá'í Prayers*, p. 29.
99. *The Hidden Words*, Arabic no. 1, p. 3.
100. *Gleanings from the Writings of Bahá'u'lláh*, CXVIII, par. 1, p. 283. 101. *The Hidden Words*, Persian no. 3, p. 23.
102. 'Abdu'l-Bahá, cited by Shoghi Effendi, *The Advent of Divine Justice*, par. 40, p. 39. 103. 'Abdu'l-Bahá, in *Bahá'í Prayers*, p. 29.
104. *The Hidden Words*, Persian no. 49, p. 39.
105. *Tablets of Bahá'u'lláh Revealed after the Kitáb-i-Aqdas*, no. 6.37, p. 71.



106. *The Hidden Words*, Arabic no. 36, p. 12.
107. *Selections from the Writings of 'Abdu'l-Bahá*, no. 225.30, p. 407. 108. Bahá'u'lláh, in *Bahá'í Prayers*, p. i.
109. *The Hidden Words*, Arabic no. 42, p. 13.
110. *Tablets of Abdul-Baha Abbas* (New York: Bahá'í Publishing Committee, 1915, 1940 printing), vol. 2, p. 483. (authorized translation)
111. *Tablets of Bahá'u'lláh Revealed after the Kitáb-i-Aqdas*, no. 9.5, p. 139. 112. *Gleanings from the Writings of Bahá'u'lláh*, CXXXVI, par. 6, p. 336. 113. 'Abdu'l-Bahá, in "Bahá'í Prayers and Tablets for Children", no. 10. 114. *Selections from the Writings of 'Abdu'l-Bahá*, no. 138.1, p. 220. 115. *The Summons of the Lord of Hosts*, no. 1.119, p. 93.
116. *Tablets of Bahá'u'lláh Revealed after the Kitáb-i-Aqdas*, no. 10.4, p. 155. 117. *Gleanings from the Writings of Bahá'u'lláh*, CLVI, par. 1, p. 378. 118. Bahá'u'lláh, in *Bahá'í Prayers*, p. 94.
119. *Tablets of Bahá'u'lláh Revealed after the Kitáb-i-Aqdas*, no. 10.10, p. 156. 120. *Selections from the Writings of 'Abdu'l-Bahá*, no. 178.1, p. 284. 121. *Tablets of Bahá'u'lláh Revealed after the Kitáb-i-Aqdas*, no. 4.16, p. 37. 122. From a Tablet of Bahá'u'lláh. (authorized translation)
123. 'Abdu'l-Bahá, in *Bahá'í Prayers*, p. 29.
124. *The Hidden Words*, Arabic no. 11, p. 6.
125. *Tablets of Bahá'u'lláh Revealed after the Kitáb-i-Aqdas*, no. 17, p. 257. 126. *Gleanings from the Writings of Bahá'u'lláh*, LXVI, par. 10, p. 146. 127. Ibid., CXV, par. 13, p. 278.